# त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## पिस्कर, सिन्धुपाल्चोक

# गाउँ शिक्षा योजना

२०८१-२०९०

# शुभकामना

शिक्षा कुनै पनि राष्ट्रको समृद्धि, सामाजिक रूपान्तरण र दिगो विकासको प्रमुख आधार हो। शिक्षाले व्यक्ति, समाज र राष्ट्रलाई सक्षम, सशक्त र आत्मनिर्भर बनाउने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यही सन्दर्भमा स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र सुधार, गुणस्तर अभिवृद्धि र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले "स्थानीय शिक्षा योजना" निर्माण हुनु अत्यन्त महत्वपूर्ण र समयसापेक्ष कदम हो।

यस योजना निर्माण प्रक्रियामा स्थानीय आवश्यकता, भौगोलिक अवस्था, सांस्कृतिक विविधता तथा सामाजिक यथार्थलाई गहिरो रूपमा अध्ययन गरी समेट्ने प्रयास गरिएको छ। शिक्षाको पहुँचबाट वञ्चित समुदाय, विपन्न वर्ग, महिला, दलित, जनजाति तथा विशेष आवश्यकता भएका बालबालिकालाई समेट्दै समावेशी र न्यायोचित शिक्षा प्रणाली निर्माणतर्फ यो योजना केन्द्रित रहेको छ।

स्थानीय शिक्षा योजना केवल औपचारिक दस्तावेज मात्र नभई व्यवहारमा कार्यान्वयनयोग्य, परिणाममुखी र दीर्घकालीन प्रभाव पार्ने खालको हुनुपर्छ भन्ने हाम्रो दृढ विश्वास रहेको छ। यस योजनाले विद्यालय शिक्षाको गुणस्तर सुधार, शिक्षकको क्षमता विकास, भौतिक पूर्वाधार सुदृढीकरण, प्रविधिमैत्री शिक्षण सिकाइ प्रणालीको विकास तथा शैक्षिक सुशासन कायम गर्न महत्वपूर्ण मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको छ।

यस योजनाको निर्माणमा स्थानीय जनप्रतिनिधि, शिक्षा क्षेत्रका विज्ञ, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा अन्य सरोकारवाला पक्षहरूको सक्रिय सहभागिता, अनुभव र सुझावहरूलाई समेटिएको छ। यसले योजना प्रति अपनत्व बढाउनुका साथै यसको सफल कार्यान्वयनमा थप ऊर्जा प्रदान गर्नेछ भन्ने विश्वास लिइएको छ।

वर्तमान विश्व परिवेशमा शिक्षा प्रणालीलाई प्रविधिमैत्री, नवप्रवर्तनमुखी र प्रतिस्पर्धात्मक बनाउन आवश्यक देखिएको छ। त्यसैले यस स्थानीय शिक्षा योजनाले डिजिटल शिक्षाको प्रवर्द्धन, सूचना प्रविधिको प्रयोग, सीपमूलक तथा रोजगारमुखी शिक्षाको विस्तारमा विशेष जोड दिएको छ। यसले विद्यार्थीलाई केवल शैक्षिक ज्ञान मात्र नभई व्यावहारिक सीप र जीवनोपयोगी क्षमता विकास गर्न मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ।

शिक्षामा गुणस्तर अभिवृद्धि गर्न शिक्षकको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ। त्यसैले शिक्षकहरूको क्षमता अभिवृद्धि, तालिम, प्रोत्साहन तथा उत्तरदायित्व सुनिश्चित गर्न पनि यस योजनाले विशेष प्राथमिकता दिएको छ। साथै विद्यालयहरूमा बालमैत्री, सुरक्षित र समावेशी वातावरण निर्माण गर्नुपर्ने आवश्यकता पनि यसले स्पष्ट रूपमा औंल्याएको छ।

यस योजना सफल कार्यान्वयनका लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास आवश्यक छ। योजनाका लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरू समयमै र प्रभावकारी रूपमा सम्पन्न भए/नभएको सुनिश्चित गर्न नियमित समीक्षा, प्रतिवेदन र सुधारात्मक कदमहरू आवश्यक पर्नेछन्। यसमा स्थानीय तह, विद्यालय तथा समुदायबीचको सहकार्य अपरिहार्य रहनेछ।

अन्त्यमा, "स्थानीय शिक्षा योजना" को सफल कार्यान्वयनका लागि सबै सरोकारवाला पक्षहरूको साझा प्रतिबद्धता, सहकार्य र समन्वय आवश्यक रहेको छ। सबैको सक्रिय सहभागिता र सहयोगबाट मात्र शिक्षाको गुणस्तर सुधार, समान पहुँच र समावेशी विकास सुनिश्चित गर्न सकिन्छ। यस योजनाले स्थानीय तहको शिक्षा प्रणालीलाई अझ सुदृढ, प्रभावकारी र परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै यसको सफल कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**भक्तध्वज बोहरा**
**अध्यक्ष**

## हाम्रो भनाइ

शिक्षा मानव विकासको आधार हो। शिक्षाले समाज र राष्ट्रलाई प्रगतिउन्मुख बनाउँछ। शिक्षाको विकास र विस्तारलाई व्यवस्थित गर्नको लागि शैक्षिक योजनाको आवश्यकता पर्दछ। शिक्षा योजनाले भविष्यमा तयार पारिने नीति, कार्यक्रम एवं क्रियाकलापहरु कस्ता हुने भनेर मार्गदर्शन गर्ने गर्दछ। यसले वर्तमान अवस्थाको अध्ययन गरी भावी आवश्यकता सम्बोधन हुने रणनीति तयार गर्न सहयोग गर्दछ। स्थानीय शिक्षा योजनाले स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरि स्थानीय तहको शिक्षा क्षेत्रमा सर्वाङ्गिण विकास गर्ने लक्ष्य राखेको हुन्छ। मानवीय स्रोत विकासको प्रमुख कार्य शिक्षालाई मानिन्छ। शिक्षाले राष्ट्रलाई आवश्यकता पर्ने दक्ष जनशक्तिको निर्माण र आपुर्ती गरि राष्ट्रको विकासमा महत्वपूर्ण योगदान पुर्याउँछ। यसैले शिक्षालाई विकासका पूर्वाधारको पनि पूर्वाधार भनिएको हो।

स्थानीय शिक्षा योजना स्थानीय तहभित्रको शैक्षिक अवस्था, आवश्यकता, समस्या तथा सम्भावनाको अध्ययन गरी शिक्षा क्षेत्रको विकासका लागि तयार गरिएको कार्ययोजना हो। यसले स्थानीय सरकारलाई शिक्षा व्यवस्थापन, स्रोत परिचालन र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्दछ।

स्थानीय शिक्षा योजना निर्माणले स्थानीय स्तरमा रहेका शैक्षिक समस्या पहिचान गरी समाधानका उपाय तय गर्न सहयोग गर्छ। योजना निर्माणमार्फत विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि सुधार तथा शैक्षिक पहुँच विस्तार गर्न सहज हुन्छ। साथै, शिक्षा क्षेत्रमा उपलब्ध स्रोत—साधनको प्रभावकारी उपयोग गरी अपेक्षित नतिजा हासिल गर्न मद्दत पुग्छ।

यसको आवश्यकता विभिन्न कारणले महसुस गरिन्छ। प्रत्येक स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था फरक हुने भएकाले शिक्षा सम्बन्धी आवश्यकता पनि फरक—फरक हुन्छन्। त्यसैले स्थानीय आवश्यकता अनुसार योजना निर्माण गर्नु आवश्यक हुन्छ। यसले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन, समावेशी तथा समान अवसरयुक्त शिक्षा प्रवर्द्धन गर्न र शिक्षामा देखिएका असमानता न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ। साथै, संघीय शासन प्रणालीमा स्थानीय तहलाई प्रदान गरिएको शैक्षिक अधिकार तथा जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि शिक्षा योजना आवश्यक हुन्छ।

प्रस्तुत शिक्षा योजनाको उद्देश्य गुणस्तरीय, समावेशी, न्यायपूर्ण र पहुँचयोग्य शिक्षा सुनिश्चित गर्नु हो। यसका साथै विद्यालय शिक्षाको स्तर सुधार गर्ने, सिकाइ उपलब्धि वृद्धि गर्ने, विद्यालय व्यवस्थापन सुदृढ बनाउने, शिक्षकको पेशागत विकासलाई प्रोत्साहन गर्ने तथा आधुनिक प्रविधिमैत्री शिक्षाको विकास गर्ने उद्देश्य रहेको छ। यसले स्थानीय समुदाय, अभिभावक तथा

सरोकारवालाको सहभागिता बढाई शिक्षा क्षेत्रलाई उत्तरदायी र प्रभावकारी बनाउने लक्ष्य राखेको छ।

यसरी त्रिपुरासुन्दरी गाउँपालिका गाउँ शिक्षा योजना निर्माणले स्थानीय आवश्यकता अनुसार शिक्षा विकासको स्पष्ट दिशा प्रदान गर्दै समग्र शैक्षिक गुणस्तर सुधार र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

त्रिपुरासुन्दरी गाउँपालिका
शिक्षा युवा तथा खेलकुद शाखा

# विषय सूची


| | | |
|---|---|---|
| १. विषय प्रवेश | | १ |
| २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | | ४ |
| ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य | | ५ |
| ४. शिक्षा योजना निर्माणका आधार | | ७ |
| ५. शिक्षा योजना निर्माण प्रक्रिया | | ८ |
| ६. योजनाको लेखाजोखा | | १० |
| ७. योजनाको दस्तावेजको स्वरुप | | ११ |
| **परिच्छेद १: परिचय** | **१-२७** | |
| १.१ वर्तमान अवस्था | | १२ |
| १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण | | २३ |
| १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण | | २५ |
| १.४ अवसर | | २६ |
| **परिच्छेद २: दुरदृष्टी, उद्देश्य, रणनिति तथा लक्ष्य निर्धारण** | **२७-३६** | |
| २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार | | २८ |
| २.२ दुरदृष्टी | | २८ |
| २.३ लक्ष्य | | २९ |
| २.४ उद्धेश्य | | २९ |
| २.५ रणनीति | | २९ |
| २.६ कार्यनीति | | ३० |
| २.७ अपेक्षित उपलब्धी | | ३१ |
| २.८ मुख्य कार्यसापादन सूचक र लक्ष्य निर्धारण | | ३२ |
| **परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** | **३३-६८** | |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | | ३७ |
| ३.२ आधारभूत शिक्षा | | ४२ |
| ३.३ माध्यमिक शिक्षा | | ५० |
| ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | ५८ |
| ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ | | ६० |
| **परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र** | **६९-१०८** | |
| ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | | ६९ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | | ७३ |
| ४.३ शिक्षामा समता र समावेशीकरण | | ७७ |
| ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | ८३ |
| ४.५ विद्यालय सुरक्षा, विपत् न्युनीकरण तथा उत्थानशिलता | | ८७ |

४.६ विद्यालय भौतिक पूर्वाधार ९२
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ९५
**परिच्छेद ५ः अन्य उपक्षेत्र**
**परिच्छेद ६ः सुशासन तथा व्यवस्थापन ९९-१०८**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ९९
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध १०६
**परिच्छेद ७ः लगानी र स्रोत व्यवस्थापन १०९-११२**
**परिच्छेद ८ः अनुगमन तथा मूल्याङ्कन ११३-११४**

# योजनाको सारांश

## १. विषय प्रवेश

शिक्षालाई देश विकासको महत्वपुर्ण आधारशिला मानिएको छ। देशको संघीय संरचना अनुसार शिक्षा क्षेत्रमा पनि सोहि व्यवस्था कार्यान्वयनमा रहेको छ। नेपालको संविधान २०७२ अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षाका २३ वटा अधिकारहरु स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका छन्। उक्त अधिकारहरुको प्रयोग गरि स्थानीय तहहरुले विभिन्न ऐन कानुन तथा कार्यविधिहरु निर्माण गरि शिक्षामा आफ्ना नविनतम योजनाहरु कार्यान्वयन गरिरहेका छन जसको सहजीकरणका लागि स्थानीय तह अन्तर्गत शिक्षा महाशाखा वा शाखाको व्यवस्था गरिएको छ।

मानव जीवनलाई सार्थक, सभ्य र सुसंस्कृत बनाउदै देश विकासको लागि सचेत, कर्तव्यनिष्ठ तथा दक्ष जनशक्ति उत्पादन गरी समाज र देश विकासका लागि शिक्षाको महत्वपुर्ण भुमिका रहेको हुन्छ। समाज र राष्ट्रमा दिगो, शान्ति स्थापना गरि देशलाई विकास, उन्नती, समृद्धि र सुशासनको मार्गमा अगाडी बढाउन शिक्षाले पथ प्रदर्शकको कार्य गर्ने हुँदा शिक्षालाई आधुनिक, प्रविधि मैत्री, वैज्ञानिक, प्रतिस्पर्धी, व्यवसायिक तथा जीवन उपयोगी बनाउनु अपरीहार्य छ। शिक्षाका यिनै पक्षलाई मध्येनजर गरि स्थानीय तहले आफ्ना शैक्षिक नीति कार्यक्रम तथा योजना अगाडी बढाउँदा प्रदेश तथा संघीय सरकारका लक्ष्य तथा उद्धेश्य समेत पुरा गर्न सघाउ पुग्छ ।

नेपालको समग्र शैक्षिक तथ्याङ्कलाई हेर्ने हो भने केही वर्ष देखि शिक्षा क्षेत्रमा बालबालिकाको पहुँच उल्लेख्य वृद्धि भएको देखन्छ भने गुणस्तरीय शिक्षा तथा सिकाई उपलब्धीमा अपेक्षित नतिजा हासिल गर्न नसकिएको देखिन्छ। यस गाउँपालिकामा पनि देशको समग्र शैक्षिक अवस्था जस्तै बालबालिकाको विद्यालय पहुँच दर वृद्धि भएको छ भने गुणस्तर लक्ष्य अनुसार बढेको छैन । अझै पनि सिमान्तकृत समुह, कमजोर आर्थिक अवस्था तथा फरक क्षमता भएका बालवालिकाहरुलाई विद्यालयको पहूँचमा ल्याइ टिकाउन र सिकाइ प्रति आकर्षित गर्न सकिएको छैन।यसैले यस्ता चुनौतीलाई ध्यानमा राखि त्रिपुरासुन्दरी गाउँपालिकाले सिमान्तकृत समुह, कमजोर आर्थिक अवस्था भएका, फरक क्षमता भएका र शिक्षाबाट वञ्चितिकरणमा परेका बालवालिकहरुलाई विद्यालयको पहूँचमा ल्याई गुणस्तरीय तथा समतामुलक शिक्षा प्रदान गर्दै, बालवालिकाको बिचैमा कक्षा छोड्ने, कक्षा दोहोर्याउने र न्युन उपलब्धी स्तरलाई न्युनिकरण गरी उनीहरुको सिकाई उपलब्धी वृद्धि गर्ने, तह पुरा गर्ने दरमा वृद्धि गरि समग्र गाउँपालिकाको शैक्षिक अवस्थामा सुधार गर्दै जिल्लाको शिक्षा क्षेत्रमा नमुना गाउँपालिका बनाउने उद्देश्यका साथ यो शिक्षा योजना तयार गरिएको हो।

नेपालको संविधान २०७२ ले नागरीकलाई प्रदान गरेका मौलिक हक र अधिकारको प्रयोग तथा कार्यान्वयन गर्दै जनताको सबैभन्दा नजिकको सरकारको रुपमा सबै भाषा, धर्म, वर्ण लिङ्ग र वर्गका नागरिकलाई समतामुलक, गुणस्तरीय, वैज्ञानिक र समय सापेक्ष प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गरि समृद्ध नेपाल सुखि नेपालीको लक्ष्य हासिल गर्नु स्थानीय सरकारको पनि उत्तिकै दायित्व हुनेछ। देश संघिय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकार गरि तीन तहको सरकार सञ्चालन संरचना रहेको छ। यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकारहरु बाँडफाँड गरिएका छन। संविधानको अनुसुची ५ मा संघीय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसुची ६ मा प्रदेश सरकारको अधिकारको सुची उल्लेख गरिएको छ। संविधानको अनुसुची ७ मा संघ र प्रदेशले प्रयोग गर्ने साझा अधिकारका सुची सूचीकृत छन भने संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सुचीमा उल्लेख गरिएका २३ वटा शिक्षा सम्बन्धि एकल अधिकारको व्यवस्था गरिएको छ। संविधानको अनुसुची ९ मा उल्लेखित संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको रुपमा शिक्षा खेलकुद तथा पत्रपत्रिका उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी स्थानीय सरकारका २३ वटा अधिकारहरु सूचिकृत गरिएको छ। सोही अधिकारको प्रयोग गरि यस स्थानीय तहले आफ्नो क्षेत्रका शैक्षिक नीति, कार्यक्रम तथा योजनाहरु निर्माण गरि शिक्षा क्षेत्रलाई व्यवस्थित, वैज्ञानिक, र मर्यादित बनाउने प्रयास गरिरहेको छ।

नेपालको संविधानमा भएका शिक्षा सम्बन्धि प्रावधान, २५ वर्षे राष्ट्रीय दिर्घकालिन सोच, राष्ट्रीय शिक्षा नीति २०७६, समुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकास लक्ष्य (२०१५-२०३०), पन्ध्रौ योजना, नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको १० वर्षे (२०७८-२०८७) नयाँ शिक्षा योजना तथा तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाहरुले नेपाललाई सन् २०२२ सम्ममा विकासशिल मुलुकको रुपमा र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको रुपमा स्तरोन्नती गर्ने लक्ष्य पुरा गर्नमा पनि यो शिक्षा योजनाले टेवा पुग्नेछ भन्ने आशा लिइएको छ ।

आजका बालबालिका नै भोलिका देशका कर्णधार र जिम्मेवार नागरीक हुन । उनीहरुलाई गुणस्तरीय, वैज्ञानिक तथा समयानुकुल शिक्षा प्रदान गरी सभ्य र सुसंस्कृत समाज निर्माण गर्नु आजको आवश्यकता हो । नेपालको संविधान २०७२ ले संघीय गणतन्त्रात्मक व्यवस्था सहित तीन तहको राज्य संरचना (संघ, प्रदेश र स्थानीय तह) को व्यवस्था गरेको छ। संविधानको अनुसुची ८ मा स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षा सम्बन्धि नियम तथा कानुन बनाउने अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित स्थानीय तहलाई प्रदान गरीएका २३ वटा अधिकार सूचीहरु मध्ये शिक्षा सम्बन्धी अधिकारहरुलाई कार्यान्वयन गरी स्थानीय तहको शिक्षालाई व्यवस्थित, वैज्ञानिक र प्रविधिमैत्री

बनाइ सम्पुर्ण बालवालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योजनाबद्ध र दिर्घकालिन सोचका साथ अगाडी बढ्नु वाञ्छनिय भएकोले यो गाउँशिक्षा शिक्षा योजनाको महत्व र आवश्यकता महशुस गरिएको हो।

त्रिपुरासुन्दरी गाउँपालिकामा देखिएका विविध शैक्षिक समस्याहरु ( शिक्षक व्यवस्थापन, भैतिक अवस्था, कमजोर शिक्षण सिकाइ, न्युन विद्यार्थी, कक्षा कोठा व्यवस्थापन, आर्थीक शुसासन र अपारदर्शिता) पहिचान गरि, समाधान गर्ने, राष्ट्रिय शिक्षा नीति २०७६ र शिक्षा क्षेत्रको योजना २०७८-२०८७ बमोजिम कार्य गर्दै दिगो विकास लक्ष्य नं. ४ मा उल्लेख भएको सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाईका अवसरमा प्रोत्साहित गर्न नेपाल सरकारले तय गरेको लक्ष्यलाई आत्मसाथ गर्दै ३ वटै तहको विचमा समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्तलाई कार्यान्वयन गर्नु यो योजनाको प्रमुख उद्देश्य हो।

नेपाल सरकारले वि.स. २०७६-२०८५ लाई सामुदायिक विद्यालय सबलीकरण दशक भनेर घोषणा गरेको परिप्रेच्छ्यमा सामुदायिक विद्यालयको शिक्षा सबैको चासोको विषय बनेको छ। नेपाल सरकारले सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गरि समग्र शिक्षाको विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेज, घोषणापत्र, प्रतिबद्धतापत्र र सन्धि सम्झौतामा हस्ताक्षर गरि प्रतिबद्धता जनाएको छ। जस्तैः युनेस्कोद्वारा दक्षिण कोरियाको ईन्चोनमा आयोजना भएको विश्व शिक्षा मञ्चको १५ वर्षे दिगो विकास लक्ष्य, नेपालको संविधान २०७२ मा रहेको शिक्षाको मौलिक हक, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा क्षेत्र योजना २०७८-२०८७ पन्ध्रौ र सोहौं योजना, कार्यान्वयन गर्न सघाउ पुर्याउनु, देशमा आकस्मिक रुपमा देखा पर्ने भुकम्प, बाढी पहिरो, रोगब्याधि तथा महामारीहरु र अन्य प्रकोप तथा विपतबाट उत्पन्न हुने जोखिम न्युनिकरण गरि उत्थानशिलताको विकास, राज्य पूर्नसंरचना र विकेन्द्रित अवधारणालाई संस्थागत गर्न, यो दश वर्षे गाउँशिक्षा योजना (२०८१-२०९०) निर्माण गर्नु हाम्रो अनिवार्य आवश्यकता हो।

संघीय सरकारले देशको परिवर्तित संरचना र ढाँचा अनुरुप आर्थिक तथा सामाजिक रुपान्तरण को माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने दिर्घकालिन सोचका साथ १० वर्षे नयाँ शिक्षा योजना निर्माण गरि लागु गरेको अवस्थामा यस गाउँपालिकाले पनि सोहि योजनाको लक्ष्य र उद्धेश्यलाई पुरा गर्ने गरि आगामी ५ वर्ष सन् २०२८ (२०८५) सम्ममा अनिवार्य र निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वशुलभ साक्षरता, निरन्तर सिकाइ तथा जीवनपर्यन्त शिक्षामा प्राप्त हुने लक्ष्य, उद्धेश्य र उपलब्धीहरु हासिल हुने गरि नयाँ शिक्षा योजना निर्माण गरिएको छ । प्रस्तुत योजना निर्माणका लागि गाउँपालिकाले कार्यपालिका पदाधिकारी, कर्मचारी र सरोकारवाला पक्षहरु बिच वस्तुगत विवरणको स्तरीय ढाँचा, तथ्याङ्कको स्रोत तथा तयारी विधि बारे साझा धारणा, बुझाई र अपनत्व कायम गर्न छलफल बाट एक कार्ययोजना तयार गरीयो । अवधारणा, कानुनी आधार, तयारी विधि तथा प्रक्रिया, तथ्याङ्क संकलन फाराम सूचना र प्रविधि,

सरोकारवालाहरुको पहिचान तथा भुमिका र कार्ययोजना सम्बन्धमा सहभागीतामूलक ढंगले छलफल गरीयो । गाउँपालिकाको यथार्थ शैक्षिक अवस्था झल्किने गरि योजना तयार गर्नु पूर्व वर्तमान शैक्षिक अवस्था, संभावना, चुनौती तथा अवसरको लेखाजोखा गरिएको छ जसले गर्दा सहभागितात्मक योजना तथा विकास प्रणालिमा थप दिगोपना तथा पारदर्शिता कायम हुनेछ ।यस योजनाले शैक्षिक सुधारको लागि भावी योजना तथा रणनिति तयार गरि स्थानीय आवश्यकता अनुरुप उपयुक्त आयोजनाहरुको छनौट तथा प्राथमिकीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।यसको मुख्य उद्धेश्य गाउँपालिकाको शैक्षिक क्षेत्रको विद्यमान अवस्था, समस्या, चुनौती तथा अवसरहरुलाई दस्तावेजमा उतारी यसैलाई आधारमानी गाउँपालिकाको शैक्षिक सुधारका माध्यमबाट सामाजिक, सांस्कृतिक, र आर्थिक रुपान्तरण, योजनाबद्ध विकास, रोजगारी सिर्जना, उद्यमशिलता विकास, भौतिक पूर्वाधार, कृषि तथा पर्यटनको विकास गरि सबल, आत्मनिर्भर, सभ्य र सुसंस्कृत समाज निर्माण गर्नु हो ।

## २.शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

## ३.स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

नेपालको संविधान र संघीय संरचना अनुसार शिक्षाका योजना तथा कार्यक्रमहरु विकास गर्ने क्रममा तयार गरिएको विद्यालय क्षेत्र विकास योजनाको ५ वर्षे समयावधि (२०७३-२०७८) असार मसान्तमा सकिएको छ । त्यो योजनाले देशको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि आवश्यक स्वाबलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मुल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दुरदृष्टि राखेको थियो ।मुलुकको संघीय स्वरुपलाई दृष्टिगत गर्दै समाजका विवधतापूंर्ण परिवेश र आवश्यकतालाई आत्मसाथ गरि सबै नागरिकलाई उत्पादनसिल जीवनयापन गर्न कार्यमुलक साक्षरता, गणितय सिप ज्ञान तथा आधारभूत जिवनोपयोगी सिपको अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयास मार्फत मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिइ विद्यमान असमानता घटाउने उद्धेश्यका साथ कार्यक्रमहरुको कार्यान्वयन भइरहेको थिए । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशिलताका आधारमा योजनाका समग्र कार्यक्रमहरु निर्देशित थिए ।यस योजनाको कार्यान्वयन हुँदाहुँदै नेपालको शासन व्यवस्था केन्द्रिय शासन प्रणालिबाट संघीय शासन प्रणाली

अनुरुप तीनवटै सरकार मार्फत सञ्चालन हुने अवस्था शुरु भयो ।आधारभूत तथा माध्यमिक शिक्षाको  व्यवस्थापन सम्बन्धि मुख्य दायित्व स्थानीय सरकारको हुने भएपछि यसको कार्यान्वयन संरचना तथा स्वरुपमा थप सबल बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

देशको शिक्षा क्षेत्रमा कोभिड १९ को कारणले विगत दुई वर्ष देखि देखिएको अन्यौलता र अनिश्चिताई समाधान गरि सिकाइलाई निरन्तरता दिन र शिक्षा क्षेत्रमा नयाँ नीति र सोचलाई संस्थागत गर्न पनि संघ, प्रदेश र स्थानीय तहमा नयाँ शिक्षा योजनाको आवश्यकता परेको हो ।साथै अहिलेको २१ औं शताब्दिमा विज्ञान र प्रविधिका क्षेत्रमा धेरै विकास र परिवर्तन भइसकेको छ । सोहि परिवर्तन र विकासलाई आत्मसाथ गरि समयानुकुल पाठ्यक्रम परिमार्जन गरि प्रतिस्पर्धी र प्रविधिमैत्री जनशक्ति उत्पादन गर्न पनि नयाँ शिक्षा योजना महत्वपूर्ण दस्तावेज हुने विश्वास गरिएको छ । शिक्षालाई आमनागरिकको पहुँच बृद्धि गर्न, व्यवसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित बिभिन्न नीति, नियम तथा परियोजना संचालन भएका छन्। प्राथमिक शिक्षा परियोजना, अधारभुत तथा प्राथमिक शिक्षा परियोजना, आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम, सबैका लागि शिक्षा, विद्यालय क्षेत्र सुधार कार्यक्रम आदी । वि.स. २०७३ देखि २०७८ सम्म सञ्चालित शिक्षाको ५ वर्षे योजना विद्यालय  क्षेत्र विकास कार्यक्रम २०७८ असार मसान्तबाट समाप्त भएकोले देशको शैक्षिक क्षेत्रलाई अगाडि बढाउन नयाँ शिक्षा योजनाको सान्दर्भिकता आवश्यकता परेको हो ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क हुने भनि संविधानमा उल्लेख गरेको छ ।त्यसैगरी गरीब तथा जोखिममा रहेका बालवालिकाहरुलाई कानुन बमोजिम निःशुल्क शिक्षाको हक प्रदान गरेको छ। संविधानको अनुसुची ८ ले स्थानीय तहको अधिकारको सुचीमा आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र रहने व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा स्थानीय तहले सोहि अधिकारको प्रयोग गरि त्रिपुरासुन्दरी गाउँपालिकालाइ समृद्ध पालिकाको रुपमा स्थापित गर्न यो गाउँशिक्षा योजना निर्माण गरिएको हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६(२४) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयमा क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न सक्ने अधिकारको व्यवस्था गरेको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण, २०८१) ले पनि स्थानीय तहले वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक

तथा पुर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार वा अद्यावधिक गर्नु पर्ने भनि उल्लेख गरेको छ ।साथै अद्यावधिक वस्तुगत विवरण आफ्ना Website मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय आवश्यकतामा आधारित नीति तथा योजनामा जोड दिएको छ। यी नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न पनि शिक्षा योजनाको आवश्यकता परेको हो। स्थानीय तहहरुले अन्य क्षेत्रको तुलनामा शिक्षा क्षेत्रमा कम बजेट छुट्याउने गरेको, त्यसमा पनि धेरै जसो बजेट शिक्षकको तलबमा खर्च हुने गरेको छ भने शिक्षा नीति र योजना बनाइ त्यसलाई प्रभावकारि रुपमा कार्यान्वयन गर्ने जनशक्तिको पनि अभाव देखिन्छ । तथापि स्थानीय सरकारले पनि आफ्नो आवश्यकता र स्रोत साधनलाई ध्यानमा राखि शिक्षा योजना बनाइ आफ्नो शैक्षिक दुरदृष्टि तय गर्नु पर्दछ किनकी यसले संघीय सरकारले राखेका शिक्षाका लक्ष्य र उद्धेश्य, अन्तराष्ट्रिय रुपमा गरेका प्रतिबद्धता, दिगो विकासका लक्ष्य, पन्ध्रौं योजना, शिक्षा नीति आदीले तय गरेका लक्ष्य र उपलब्धिहरु पुरा गर्न सघाउ पुग्छ । अर्कोतिर स्थानीय तहमा शिक्षाको बजेट कहाँ, कसरी र कति खर्च गर्ने ? त्यसबाट कसरी उपलब्धि प्राप्त गर्ने ? भन्ने जस्ता प्रश्नहरुको समाधानका लागि पनि यस्ता शैक्षिक योजना बनाइ लागु गर्नु जरुरी छ ।धेरै जसो स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको लागि योजना नभएको, शैक्षिक सुचकका हिसाबले स्थानीय तहले शैक्षिक उपलब्धी मापन गर्न सकिरहेका छैनन। त्यसैले यस्ता समस्या समाधानका लागि शिक्षाका लक्ष्य, उद्देश्य, रणनिति तथा क्रियाकलाप सहितको समग्र योजना बनाउदा स्रोतको सही सदुपयोग, अपेक्षित उलब्धी हासिल गर्न सजिलो हुनका साथै तीनै तहका सरकारले बनाएका योजनाको प्रतिफल प्रतिबिम्बित हुने हुँदा शिक्षाको राष्ट्रीय लक्ष्य र उद्धश्य पुरा हुन्छ। संविधानको मर्म अनुसार समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माण भई उपलब्धि प्राप्त हुन्छ ।यहि उद्धेश्यका साथ त्रिपुरासुन्दरी गाउँपालिकाले यो शिक्षा योजना तयार गरेको छ ।

## ४.शिक्षा योजना निर्माणका आधार

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो ।

क) नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति २०७६,

झ) दिगो विकास लक्ष्य

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) राजनीतिक दलको घोषणापत्र

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

ण) त्रिपुरासुन्दरी गाउँपालिका द्वारा जारी गरिएका ऐन, नियम र कार्यविधिहरु

त) त्रिपुरासुन्दरी गाउँपालिकाको प्रोफाईल

थ) गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम

द) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५

ध) स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण, २०८१

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

योजना भनेको उपलब्ध स्रोत साधनलाई परिचालन गरि निश्चित अवधिभित्र तोकिएका लक्ष्य र उद्धेश्य प्राप्त गर्ने दस्तावेज हो ।अर्को अर्थमा योजना समग्र आर्थिक सामाजिक विकासको उद्धेश्य पुरा गर्न निश्चित अवधिभित्र हासिल गर्न लिइने लक्ष्य नीति रणनीति तथा कार्यक्रम र त्यस्ता कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि चाहिने स्रोत साधनको व्यवस्था र सो बाट प्राप्त हुने नतिजा सहितको दस्तावेज भएको हुँदा यसको निर्माणको आवश्यकता परेको हो ।त्रिपुरासुन्दरी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि निम्नानुसारका प्रक्रिया अपनाईएको थियोः

### स्थानीय शिक्षा योजना निर्माणका लागि प्रारम्भिक छलफल र समिति गठनः

यस गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माणका लागि गाउँपालिकाको सामाजिक विकास समितिमा आवश्यक छलफल भई आ.ब. २०८०।८१ मा आवश्यक पर्ने बजेटको व्यवस्था गरी गाउँपालिका सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा गाउँ शिक्षा योजना निर्माणका लागि ५ सदस्यीय योजना निर्माण तथा मस्यौदा समिति गठन गाउँशिक्षा समितिको निर्णय बमोजिम गरिएको थियो।

**स्थानीय शिक्षा योजना मस्यौदा लेखन कार्यदल गठन र अभिमुखीकरणः**

योजना तथा मस्यौदा समितिका पदाधिकारीहरु सहित सरोकारवालाहरुको उपस्थितिमा मस्यौदा तयारीका लागि गाउँ शिक्षा योजना निर्माण सम्बन्धि अभिमुखीकरण गरिएको थियो।

**शिक्षा योजना निर्माणमा सरोकारवालाहरुको सुझाव संकलनः**

गाउँपालिका शिक्षा शाखाले गाउँशिक्षा समिति, गाउँपालिका स्तरीय प्रधानाध्यापक बैठक, वडा शिक्षा समितिको बैठक तथा अन्य सरोकारवालाहरु सँग अन्तरक्रिया एवं छलफल कार्यक्रम आयोजना गरि शिक्षा योजना निर्माणका लागि सुझाव संकलन गरिएको थियो।

**मस्यौदा लेखनः**

सरोकारवालाहरु बाट प्राप्त राय सुझाव लाई समेत समावेश गरि गाउँ शिक्षा योजना निर्माण कार्यदलले गाउँ शिक्षा योजनाको मस्यौदा शिक्षा योजनाको मस्यौदा लेखन गरिएको थियो।

**मस्यौदा माथि छलफल र परिमार्जनः**

समितिले शिक्षा योजना मस्यौदा माथि आवश्यक छलफल र परिमार्जन गरि अन्तिम मस्यौदाका लागि तयार पारिएको थियो।

**अन्तिम मस्यौदा तयारीः**

योजना तथा मस्यौदा लेखन समितिले मस्यौदा तयार गरी थप सल्लाह सुझाव तथा परिमार्जनका लागि जननिर्वाचित पदाधिकारी शिक्षा सरोकारवालाहरु र विज्ञबिच पेश गरिएको थियो भने उक्त मस्यौदा माथि छलफल गरि प्राप्त सल्लाह सुझावलाई समेटी परिमार्जन सहित गाउँ शिक्षा योजनालाई अन्तिम रुप प्रदान गरीएको थियो।

**गाउँ कार्यपालिकामा छलफल र स्वीकृतीः**

स्वामित्व ग्रहण र प्रमाणीकरण तथा स्वीकृतीका लागि गाउँ कार्यपालिकाले त्रिपुरासुन्दरी गाउँपालिकाको १० वर्षे शिक्षा योजना स्वीकृत गर्ने निर्णय गर्यो।

## ६. योजनाको लेखाजोखा

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागीता | शिक्षा योजना निर्माणमा प्रारम्भिक चरणको छलफलदेखि मूल नेतृत्वको संलग्नता रहेको छ।<br>सामाजिक विकास समितिका संयोजकको अध्यक्षतामा शिक्षा योजना निर्माण समिति बनेको |

| | | |
|---|---|---|
| | | शिक्षा सरोकारवालाहरुको संलग्नता सहितको योजना मस्यौदा कार्यदल गठन गरि मस्यौदा तयार गरिएको। मस्यौदा तयारीका क्रममा सबै पक्षको सुझावलाई समावेश गरिएको। |
| २ | पर्याप्तता र सान्दर्भिकता | यस योजनामा उल्लेख गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्न पर्याप्त छन्। |
| ३ | समता, सक्षमता तथा गुणस्तर | शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनको लागि योजननामा समता, सक्षमता तथा सिकाइ र गुणस्तर अभिवृद्ध सम्बन्धी प्रमुख मुद्दाहरुको सम्बोधन भएको छ। |
| ४ | अन्तरसम्बन्ध र तादम्यता | यो योजना शिक्षाका अन्तराष्ट्रीय लक्ष्य सँग अनुकुल हुने गरि आन्तरिकीकरण र समायोजन गरिउको छ।<br>राष्ट्रीय, प्रदेश र स्थानीय दुरदृष्टि, उद्देश्य र लक्ष्य अनुरुप योजना बनाइएको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | योजनामा भएका अन्य पक्षसँग तादाम्यता कायम गरिएको छ।<br>योजनाका लक्ष्य प्रप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यवहारिक र सान्दर्भिक छन।<br>योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसंख्या, जातजाती, आर्थिक, भाषिक, पिछडिएका वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ। |
| ६ | स्रोतको प्रबन्ध | योजनामा उल्लेख गरिएका क्रियाकलापका लागि आवश्यक बजेटको प्रस्ताव गरिएको छ।<br>स्थानीय बवश्यकता र प्रमुख चुनौतीलाई सम्बोधन गर्ने प्रयास योजनाले केहि हदसम्म गरेको छ। |
| ७ | संस्थागत क्षमता | योजना कार्यान्वयनका लागि आवश्यक उपयुक्त संयन्त्र र तालिम तथा क्षमता विकास कार्यक्रम राखिएका छन। |
| ८ | कार्यान्वयनमा तत्परता | स्थानीय तह भित्रका सरोकारवालाको सहभागितामा नै योजना तयार भएको छ।<br>योजना स्वीकृति पूर्व जिम्मेवार पक्षलाई प्रवोधीकरण र अभिमुखीकरण गरिएको छ। |

| | | |
|---|---|---|
| | | स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा योजनाकै आधारमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने आवश्यकता रहेको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | स्थानीय तहभित्रका शैक्षिक सूचक र आवश्यक तथ्याङ्क संकलन गरि राखिएका छन। |
| १० | अनुगमन र प्रतिवेदन | अनुगमन र मूल्याङ्कनका संयन्त्र मार्फत मूल्याङ्कन गर्ने व्यवस्था मिलाइएको छ। |

### ७. योजनाको दस्तावेजको स्वरुप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमी, शिक्षा क्षेत्रका समस्या चुनौती र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद छ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

# परिच्छेद १: परिचय

## १.१ वर्तमान अवस्था

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर सहभागीता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भुमिका रहेको हुन्छ। त्रिपुरासुन्दरी गाउँपालिकाको शैक्षिक सुधार र विकासका लागि यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो।यस योजनाले गाउँपालिकामा समानता, समता, विविधता, पहिचान विकास एवं समृद्धि स्थापना तथा गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानीको उचित प्रतिफल प्राप्तिमा सहयोग प्रदान गर्ने उद्देश्य तथा लक्ष्यका साथ यो योजनाको निर्माण गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई आवधिक योजनाको साथ साथै विषयगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगतरुपमा व्यवस्था गरेको छ।संघीय सरकारले राष्ट्रीय शिक्षा योजनाका रुपमा १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयार गरी कार्यान्वयनमा रहेको र प्रदेश स्तरमा पनि शिक्षा योजना निर्माण र कार्यान्वयन भईरहेको सन्दर्भमा स्थानीय तहमा आवधिक शिक्षा योजना निर्माण गरी मुलुकको शैक्षिक लक्ष्य तथा उद्देश्य प्राप्तिमा समन्वय र सहकार्य गरी सामुहिक रुपमा योजनाबद्ध शैक्षिक गन्तव्यमा अगाडी बढ्न यो योजनाले योगदान पुर्याउने अपेक्ष गरिएको छ।

### क. भौगोलिक अवस्थितिको विश्लेषण

त्रिपुरासुन्दरी गाउँपालिका बागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लामा अवस्थित छ ।मानचित्रमा यो गाउँपालिका ८५.८६१ देखि ८५.०३४ पूर्वी देशान्तर, २७.७०५ देखि २७.७९२ उत्तरी अक्षांश सम्म रहेको छ ।यसको कूल क्षेत्रफल ९४.२९ वर्ग कि.मि. रहेको छ। तौथलीको हजार वर्ष पुरानो त्रिपुरासुन्दरी मन्दिरको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । साविकका घोर्थली गा.वि.स, चोकटी गा.वि.स, धुस्कुन गा.वि.स, पिस्कर गा.वि.स, तौथली गा.वि.स र टेकानपुर गा.वि.स लाई समावेश गरि त्रिपुरासुन्दरी गाउँपालिकाको उत्घाटन २०७३ साल चैत्र १२ गतेका दिन गरिएको हो । गाउँपालिकालाई ६ वटा वडामा विभाजन गरिएको छ ।यस गाउँपालिकाको पूर्वमा कालिञ्चोक गाउँपालिका, पश्चिममा सुनकोशी गाउँपालिका र बलेफी गाउँपालिका, उत्तरमा बाह्रिबिसे नगरपालिका र दक्षिणमा लिसंखुपाखर गाउँपालिका र भिमेश्वर नगरपालिका रहेका छन् ।

गाउँपालिकाका सबै वडाहरु पूर्णत ग्रामीण परिवेशका छन् । गाउँपालिकाको कूल भू–भाग मध्ये सबैभन्दा बढी भाग (४०.८३ %) जंगलले ढाकेको छ भने ३७% भुभाग खेतीयोग्य जमीनले ढाकेको छ । ३० डिग्री भन्दा भिरालो जमिनलाई खतरायुक्त जमिन मान्दा त्रिपुरासुन्दरी गाउँपालिकाका ५०.५% जमिन यस प्रकृतिको रहेको छ । यसले विकासका गतिविधिहरुमा अप्ठ्यारो ल्याउने देखिन्छ।त्रिपुरासुन्दरी गाउँपालिकाको जम्मा घरधुरी सङ्ख्या ३,६५१ र

१२०१४ जनसङ्ख्या रहेको छ भने जनघनत्व १२७ व्यक्ति प्रति वर्ग कि. मि. रहेको छ । गाउँपालिकामा थामी जातिका मानिसहरु सबैभन्दा बढी (३२.२%) छन भने दोश्रो र तेश्रो स्थानमा क्रमशः क्षेत्री जाती (२२.९%) र नेवार जाती (२०.०९%) रहेका छन् । कूल जनसङ्ख्याको ९०% ले हिन्दु धर्म मान्दछन ९०% जनसङ्ख्याको मातृभाषा नेपाली नै रहेको छ । गाउँपालिकामा खोलिएका सडक सञ्जालको लम्बाई करिव २१२ कि.मी. छ । गाउँपालिका भित्रका सबै वडाहरु सडक सञ्जालले जोडिएका भएपनि वर्षायाममा सार्वजनिक यातायात अवरुद्द हुने गरेको छ । खानेपानी तथा सिंचाईका स–साना र टुक्रे योजनाहरु, कृषि तथा वनजन्य उत्पादनको प्रशोधनको संभावनाको अध्ययन र सो अनुसार उद्योगहरुको स्थापना नभएको, निर्वाहमुखी कृषि प्रणाली, सचेतनाको कमी, व्यवसायिक र गुणस्तरीय शिक्षा, स्वास्थ्यको कमजोर पहुँच, व्यवस्थित र दीर्घकालिन सोचका साथ विकास निर्माणका कार्यहरु अघि नबढेको, बजेटको मुख्य भाग स–साना, टुक्रे योजनामा छरिएको र मर्मत सभारमै बार्षिक बजेट खेर गईरहेको अवस्था छ । पर्यटन पूर्वाधारको विकास नहुनु, पर्यटकीय स्थलहरुको पहिचान र विकास गर्न नसक्नु, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको पहिचान र सर्वेक्षण नगरिनु, वन क्षेत्रको परम्परागत उपयोग, वातावरणीय पक्षको वेवास्ता, जलबायु परिवर्तन अनुकुलन ज्ञान र योजनाको अभाव देखिन्छ ।

योजना तर्जुमाको क्रममा गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, चुनौतीहरुको गहन विश्लेषण गरिएको छ । सवल पक्षलाई बढाउने, कमजोरी घटाउँदै जाने, अवसरहरुलाई उपयोग गरी चुनौतीको सामना गर्ने गरी योजनाको प्रस्ताव गरिएको छ । गाउँपालिकाको दिगो विकासका लागि अग्रणी क्षेत्रहरुको पहिचान गरि दीर्घकालीन सोचको निर्धारण गरिएको छ ।

दिर्घकालिन सोचलाई पछ्याउदैं योजना तथा कार्यक्रमहरुलाई शिक्षाको माध्यमबाट “भौतिक पूर्वाधारको विकास गरी आधुनिक कृषि प्रणाली, ग्रामीण पर्यटन, सुसंस्कृत सम्वर्धन तथा लघु उद्योगको प्रवर्धनद्वारा रोजगारीको अवसर बढाउँदै समतामूलक समाज निर्माण गर्ने लक्ष्य तर्फ केन्द्रीत गरिएको छ ।

**ख. जनसाङ्ख्यिक संरचनाको विश्लेषण**

राष्ट्रीय जनगणना २०७८ अनुसार त्रिपुरासुन्दरी गाउँपालिकाको कुल घरधुरी संख्या ३६५१ रहेको छ। जनगणना २०६८ अनुसार त्रिपुरासुन्दरी गाउँपालिकाको कुल जनसंख्या १३१९७ थियो भने घरधुरि सर्भेक्षण २०७४ अनुसार यस गाउँपालिकाको जनसंख्या २०२८३ रहेको थियो। २०७८ को जनगणना अनुसार कुल जनसंख्या १२०१४ मध्ये महिला ६१४८ (५१.०२ प्रतिशत) र पुरुष ५८६६ (४८.८ प्रतिशत) रहेका छन्। जनगणना २०७८ अनुसार पुरुषको

साक्षरता ७२.६ प्रतिशत र महिलाको सरक्षरता ५८.३ प्रतिशत रहेको छ भने जम्मा गाउँपालिकाको साक्षरता ६५.३ प्रतिशत रहेको छ।

शिक्षामा सबै नागरीक र बालबालिकाको पहुँच विस्तार गरि समतामुलक र गुणस्तरीय शिक्षा प्रदान गर्न सरकारले विभिन्न योजना तथा कार्यक्रमहरु लागु गरि कार्यान्वयनमा ल्याएको छ गाउँपालिकामा चार वर्ष उमेरका बालबालिकाको भर्ना अनुपात ८१ प्रतिशत रहेको छ । कक्षा १-५ को खुद भर्नादर ९७.१ कक्षा १-८ को खुद भर्ना दर ९५.१ र कक्षा ९-१२ को खुद भर्ना दर ८०.३ रहेको छ ।

१५ देखि ६० वर्ष उमेरको साक्षरता दर भने ६९.२ प्रतिशत रहेको छ ।६ वटा वडाको कुल घरधुरी संख्या ३ हजार ६ सय ५१ रहेको छ । यस गाउँपालिकाको जम्मा जनसंख्या १२ हजार १४ रहेको छ । १९ वर्ष मुनीका बालबालिकाहरु ३ हजार ८१ रहेका छन भने १९ वर्षभन्दा माथिको जनसंख्या जम्मा ८ हजार ९ सय ३३ रहेको।गाउँपालिकाको राष्ट्रीय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ६५.३ प्रतिशत जनसंख्या साक्षर छ भने बाँकि जनसंख्या निरक्षर रहेको छ ।

**उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण**

| उमेर समूह | वडा नं. | | | | | | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | | |
| ०-४ वर्ष | ७८ | २२८ | १७० | १८४ | ४९ | ७७ | ७८६ | ५.५४ |
| ५-९ वर्ष | ८३ | २२६ | २२५ | १९५ | ९० | ९१ | ९१० | ७.५७ |
| १०-१४ वर्ष | ८३ | २३५ | २५६ | १९४ | १३८ | १२८ | १०३४ | ८.६० |
| १५-१९ वर्ष | ११० | २२४ | २९७ | २३५ | १५५ | ११८ | ११३९ | ९.४८ |
| २०-२४ वर्ष | ९६ | १९० | २३० | २२९ | ८२ | १०४ | ९३१ | ७.७४ |
| २५-२९ वर्ष | ७७ | २३५ | २३६ | २०४ | ५८ | ११० | ९२० | ७.६५ |
| ३०-३४ वर्ष | ६२ | १६४ | १८८ | १६२ | ५६ | ९३ | ७२५ | ६.०३ |
| ३५-३९ वर्ष | ५८ | १३९ | १९५ | १६५ | ८० | ८९ | ७२६ | ६.०४ |
| ४०-४४ वर्ष | ६५ | १४६ | १९७ | १३६ | १०४ | ९० | ७३८ | ६.१४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४५-४९ वर्ष | ५१ | १२१ | १३४ | १०७ | १०० | ७६ | ५८९ | ४.९० |
| ५०-५४ वर्ष | ६० | १२६ | १६५ | ११८ | १८८ | १२५ | ७८२ | ६.५० |
| ५५-५९ वर्ष | ५३ | ९१ | १२२ | ७२ | १६९ | १०१ | ६०८ | ५.०६ |
| ६०-६४ वर्ष | ३९ | १२५ | १५० | ९२ | १४६ | ७८ | ५३० | ५.२४ |
| ६५-६९ | २७ | १०६ | १०६ | ८९ | १३५ | ५९ | ५२२ | ४.३४ |
| ७०-७४ | २२ | ६८ | ८६ | ४४ | १२२ | ४६ | ३८८ | ३.२२ |
| ७५ वर्ष भन्दा माथि | ३४ | ९८ | ११३ | ८२ | १८५ | ७४ | ५८६ | ४.८७ |
| जम्मा | ९९८ | २५२२ | २८७० | २३०८ | १८५७ | १४५९ | १२०१४ | १०० |

### ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ । यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ । हिन्दु, बौद्ध, मुस्लिम, किराँत तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था—प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन् ।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन् । यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन् ।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ । नेपाली भाषासँगै विभिन्न मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन् । मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ ।

यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन् । यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुऱ्याउँदै आएका छन्। यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान—सीपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ ।

समग्रमा, सामाजिक—सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन् । तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ ।

**जातीगत आधारमा जनसंख्या**

| क्र.सं. | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थामी | ३८७१ | ८२.१६ |
| २ | क्षेत्री | २७५२ | २२.९० |
| ३ | नेवार | २५०५ | २०.८५ |
| ४ | ब्राम्हण | ६०३ | ५.०१ |
| ५ | विश्वकर्मा | ३८७ | ३.२२ |
| ६ | गुरुङ | ३७४ | ३.११ |
| ७ | तामाङ | ३२६ | २.७१ |
| ८ | पहरी | ३२३ | २.६८ |
| ९ | परीयार | २२७ | १.८८ |
| १० | शेर्पा | १७९ | १.४८ |

## घ. आर्थिक अवस्थाको विश्लेषण

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ । परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषि—आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन् । यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन ।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू जस्तैः खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ—कटाइ तथा कृषि आधारित उद्योग आर्थिक क्रियाकलापका महत्वपूर्ण आधार बनेका छन् । स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी

सिर्जना गरिरहेको भए पनि पूँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन् । धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन् ।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ । रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ ।

गाउँपालिका र वडाहरुको संस्थागत क्षमताको विकास नहुँदा जनताका सरोकार र सेवा प्रवाहको गुणस्तरमा समस्या आउनुका साथै गाउँपालिकाको स्रोत साधन परिचालनमा प्रभावकारीता आउन सकेको छैन । निर्वाहमुखी खेती प्रणालीलाई परिवर्तन गरी व्यवसायिक र एकीकृत कृषि (अर्गानिक तरकारी खेती, अलैंची खेती, चिया खेती, कफी खेती, जडिबुटी खेती), पशुपालन (गाईभैंसीपालन, बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन, मौरीपालन), फलफूल खेती (अनार, कागती र सुन्तला), पर्यटन विकास (होम स्टे सञ्चालन, होटल व्यवसाय संचालन, पर्यटकीय स्थलहरुको निर्माण, ट्रेकिङ), उद्योगधन्दाको स्थापना (निगालो, बाँसका सामाग्री, कृषि उत्पादन प्रशोधन, पशुपालन उत्पादन प्रशोधन, वन्यजन्य, खानी, पर्यटन), जलसम्पदाको बहुउपयोग, गुणस्तरीय शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रसस्त सम्भावनाहरु र कार्यहरु गर्नु पर्ने देखिन्छ । पर्यटन विकासको सम्भावना भएपनि पर्यटकीय स्थलहरुको पहिचान, सम्भाव्यता अध्ययन, विकास र प्रचारप्रसार भने भएको छैन । वडा कार्यालय तथा गाउँपालिकामा सार्वजनिक निजी साझेदारीको अवधारणामा काम गर्न आवश्यक ज्ञान, विशेषज्ञता र जनशक्तिको अभाव छ । वडाबासीहरुलाई प्रतिस्पर्धात्मक सेवा दिनको लागि वडा कार्यालयहरुको क्षमता विकास, सबै वडामा सन्तुलित, सहभागितामूलक, विभेद रहित, दीगो र आवश्यकतामा आधारित विकास, गाउँपालिका क्षेत्रमा रहेका संघ संस्थाहरुसँग समन्वय र सहकार्य, सुसंस्कृत, सभ्य, आपसी भाईचारा, समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्नका लागि गाउँपालिकाले अझै धेरै चुनौतीहरुको सामना र धेरै काम योजनावद्ध तरिकाले गर्नुपर्ने देखिन्छ ।

## ङ. शैक्षिक अवस्थाको विश्लेषण

त्रिपुरासुन्दरी गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धि गरि बालवालिकाको  सिकाइ स्तर वृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन संचालन गर्दै आईरहेको छ।गाउँपालिका भित्र सञ्चालित सबै विद्यालयमा शिक्षक दरबन्दी पर्याप्त नभएका कारण बालवालिकाको प्रत्यक्ष पठनपाठनमा प्रभाव पारेको र गुणस्तरीय शिक्षा प्रदान गर्नमा कठिनाइ उत्पन्न भएकोले गाउँपालिकाले शिक्षक पदपुर्ति गर्नका लागि दरबन्दी वितरण प्रक्रियालाई सहजता प्रदान गरि विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी वितरण गरी शिक्षण सिकाइ प्रक्रियालाइ थप प्रभावकारी र व्यवस्थित गर्ने कार्यमा शिक्षकहरुको आवश्यकता परिपुर्ती गर्न गाउँपालिकाले आन्तरीक स्रोतको व्यवस्था गरि शिक्षकहरुको व्यवस्थापन गरेको छ भने समय समयमा शिक्षकहरुको क्षमता वृद्धि गर्न शैक्षिक तथा आधुनिक प्रविधिसँग सम्बन्धित तालिमहरु सञ्चालित गर्दै आइरहेको छ ।

कुनै पनि बालवालिकाको आर्थिक अभाव तथा शैक्षिक सामग्रीको कमीले गर्दा विद्यालय तहको शिक्षाबाट बञ्चित हुने अवस्था सिर्जना नहोस भन्ने योजना अनुसार यस गाउँपालिकाले आफ्नो वार्षिक योजना तथा कार्यक्रममा गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामाग्री सहयोग गर्ने व्यवस्था गरेको छ जसले गर्दा  गरीब तथा जेहेन्दार बालवालिकाको शिक्षामा निरन्तरता हुने आशा गरिएको छ।

यस गाउँपालिकाभित्र जम्मा २९ वटा सामुदायिक विद्यालयहरु र ५ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन्।गाउँपालिकामा रहेका उनानतिस वटा विद्यालयमा शैक्षिक सत्र २०८१ मा विद्यालय भर्ना भएका छात्राको संख्या जम्मा १२३०, छात्रको संख्या ११२४, दलित छात्राको संख्या ११२, दलित छात्रको संख्या ११७, जनजाती छात्रा १०५९, जनजाती छात्र ९३७, ब्राम्हण छात्रा ३३६ ब्राम्हण छात्र ३४० अपाङ्ग छात्रा ३ र छात्रा ५ रहेका छन् ।गाउँपालिका भित्रका विद्यालयमा भर्ना हुने अधिकांश विद्यार्थीहरु जनजाती तथा सिमान्तकृत समुदायका रहेको देखिन्छ ।

### प्रारम्भिक बालविकास तथा शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको समग्र विकासको आधार हो । यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या २९ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ३०५ रहेको छ । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ ।

लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका

बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ । अपाङ्गतामैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन् ।

प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या २९ रहेको छ । अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल—आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ । सहजकर्ता—बालबालिका अनुपात १:१२ रहेको छ, जुन केही केन्द्रमा मापदण्ड अनुकूल छैन ।

पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन् ।

जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुर्‍याएको छ । सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ ।

समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ । लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ ।

**आधारभूत शिक्षा**

आधारभूत शिक्षा (कक्षा १—८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो । यस स्थानीय तहमा आधारभूत तहका सामुदायिक विद्यालयहरूको सङ्ख्या २० रहेको छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या २३५४ रहेको छ । भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ ।

लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ । अपाङ्गता मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन् ।

विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या १३ रहेको अनुमान छ । विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थी—शिक्षक अनुपात औसत १:१८ रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ ।

विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा विधि बाट पठनपाठन सञ्चालन भइरहेको अवस्था छ । उचित तालिम सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत—प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ ।

पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधि—आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ ।

जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ । सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ ।

समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु—अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ । लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ ।

**माध्यमिक शिक्षा**

माध्यमिक शिक्षा (कक्षा ९—१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो । यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या ६ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ८४० रहेको छ । भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ ।

लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ४८.१८% र ५१.८१% रहेको छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका

विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औँल्याउँछ ।

त्रिपुरासुन्दरी गाउँपालिका अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको गाउँपालिका घोषणा भइसकेको हुनाले यस गाउँपालिकामा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या न्युन रहेको छ। शिक्षक—विद्यार्थी अनुपात औसत १ः१८ रहेको छ । विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुऱ्याएको छ ।

पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ ।

जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुऱ्याएको छ । सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ ।

समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ । लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

## अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ । यस स्थानीय तहमा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, जसमा साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, महिला साक्षरता समूह, सीप विकास तालिम लगायतका पहलहरू समावेश छन् ।

वैकल्पिक शिक्षा कार्यक्रम, जस्तै पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोर—किशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमि अनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन् । यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुऱ्याएको छ । तथापि, समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ ।

आयआर्जन तथा व्यावसायिक सीपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारीसक्षम बनाउने उद्देश्य राख्दछन् । यस स्थानीय तहमा सञ्चालन भएका कृषि, हस्तकला, सिलाइ—कटाइ, आईटी/प्रविधि र स्थानीय उत्पादन आधारित तालिममा सहभागीको सङ्ख्या रहेको छ । यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन् ।

सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ । धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन् । पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ ।

समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुऱ्याएका छन् । तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तिकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ ।

**विद्यालयहरुको विवरण**

त्रिपुरासुन्दरी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको संख्यात्मक विवरण देहाय बमोजिम रहेको छ।

| सामुदायिक विकास केन्द्र | | विद्यालय संख्या | | |
|---|---|---|---|---|
| क्र.स. | | वडा नं. | आधारभूत विद्यालय | माध्यमिक विद्यालय |
| १ | १ | १ | २ | १ |
| २ | १ | २ | ५ | १ |
| ३ | ० | ३ | ५ | १ |
| ४ | १ | ४ | ५ | १ |
| ५ | १ | ५ | ५ | १ |
| ६ | १ | ६ | १ | १ |
| जम्मा | ५ | ६ | २३ | ६ |

## शिक्षक दरबन्दी विवरण

| क्र.सं. | तह | स्थायी | करार | राहत | शिक्षण सहयोग अनुदान | | गाउँपालिका स्रोत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | | |
| १. | बालविकास | | २९ | | | | १ | २९ |
| २. | प्राथमिक | ४९ | २१ | २३ | | | १५ | १०८ |
| ३. | निम्न माध्यमिक | ३ | ५ | १५ | ३ | ० | ५ | ३१ |
| ४. | माध्यमिक | ३ | ० | ११ | ७ | २ | २ | २५ |
| ५. | उच्च माध्यमिक | ० | ६ | ० | | | ३ | ९ |

यस गाउँपालिका भित्र २४ वटा आधारभूत विद्यालय र ६ वटा माध्यमिक विद्यालय गरि जम्मा २९ वटा विद्यालयहरु रहेका छन् । वडा नं. ३ बाहेक प्रत्येक वडामा एक एक वटा सामुदायिक सिकाइ केन्द्र गरि जम्मा ५ वटा सामुदायिक केन्द्र रहेका छन ।

## शैक्षिक सत्र २०८१ को विद्यार्थी विवरण

| कक्षा | विद्यार्थी संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | |
| बालविकास | १४७ | १५५ | ३०२ | EMIS २०८१ |
| १ | १२१ | ११३ | २३४ | |
| २ | ९१ | १०० | १९१ | |
| ३ | ८९ | ८६ | १७५ | |
| ४ | ७८ | ९७ | १७५ | |
| ५ | ८६ | ८७ | १७३ | |
| ६ | ८५ | ८६ | १७१ | |
| ७ | ८९ | ८४ | १७३ | |
| ८ | ८० | ९७ | १७७ | |
| ९ | ७१ | १०५ | १७६ | |
| १० | ६१ | ८५ | १४६ | |
| ११ | ४९ | ६३ | ११२ | |
| १२ | ७७ | ७२ | १४९ | |
| जम्मा | १२३० | ११२४ | २३५४ | |

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

नेपालको संविधान २०७२ ले आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क सबै बालबालिकाले प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेता पनि सो पूर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन । अझै पनि विद्यार्थी सिकाइ उपलब्धी वृद्धि गर्न नसक्नु, कक्षा छाड्ने दरमा कमी ल्याउन नसक्नु, तहगत र विषयगत रुपमा सबै विद्यालयमा पर्याप्त शिक्षक दरबन्दी नहुनु, रोजगारी र अन्य व्यवसायिक प्रयोजनका लागि गाउँबाट शहर तिर बसाईसराई गर्ने अभिभावकको ठुलो संख्याले दिन प्रति दिन विद्यालयमा बालबालिकाको संख्या घटिरहेको अवस्थाले गर्दा यस गाउँपालिकाको शिक्षा क्षेत्रमा मुख्य मुख्य चुनौती तथा समस्याहरु थपिएका छन। त्यस्तै गरी शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि पर्याप्त बजेट र स्रोत व्यवस्थापन नहुनु, विद्यार्थीहरुमा पठन संस्कृतिको विकास नहुनु तथा शैक्षिक सुशासन कार्यम गर्न नसकिनु जस्ता विषयहरु विद्यालय शिक्षाका प्रमुख समस्याका रुपमा रहेका छन। विद्यालय शिक्षा क्षेत्रमा देखिएका समस्याहरु देहाय अनुसार छन्।

**समस्याहरु**

क) विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु ।

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु ।

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु ।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु ।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु ।

च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न नसक्नु ।

छ) विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु ।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु ।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।

ट) विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु ।

ठ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु ।

**चुनौतीहरू**

क) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न,

ख) जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन,

ग)स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न,

घ)विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न,

ङ)दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्यांकन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न,

च)विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न,

छ) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न,

ज)सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलन गर्न,

झ) जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

भौगोलिक विकटता, कमजोर आर्थिक स्थिति, विद्यार्थीहरुको नियमित विद्यालय उपस्थिति दरमा कमी, शारीरिक अपाङ्गता, लैङ्गिक, भाषिक, जातजाती आदिको विविधताका कारण बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्नु, जनसाङ्खिकीय प्रवृत्ति (जन्म र बसाँसराइ), बनौट र बसोबास, व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिनाई हुनु, विद्यालयमा थप आर्थिक व्यवस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्न कठिनाइ उत्पन्न हुनु, स्थानीय परिवेशका कारण भैरहेको विलालय शिक्षक दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिनाई हुनु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको संख्या कम हुनु, पठन संस्कृतिको विकास तथा आजिवन सिकाइका लागि सामुदायिक सिकाई केन्द्रको भुमिका प्रभावकारी नहुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाइ उपलब्धी हासिल हुन नसक्नु जस्ता विषयहरु विद्यालय शिक्षाका प्रमुख समस्या तथा चुनौतीहरु रहेका छन्। विद्यालय शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरु निम्नानुसार पहिचान गरिएका छन।

- प्राम्भिक बालविकास शिक्षाको सुनिश्चितता गर्न बाल विकास केन्द्रहरुको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न नसकिएको।

- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई पूर्ण बालमैत्री बनाउन कठिन।
- आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गरी गूणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत साधनको व्यवस्था र संस्थागत संरचना तथा क्षमता विकास गर्न, सिकाइलाई दैनिक जीवनसँग आवद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउन कठिन।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पूनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागीता सुनिश्चित गर्न कठिन।
- विद्यालय मापदण्ड अनुसार प्रधानाध्यापक व्यवस्थापनमा कमी।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न कठिन।
- बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाई, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत पूर्णरुपमा प्रदान गर्न कठिन।
- विद्यालय शिक्षालाई जलवायु परिवर्तन र असर, प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउन सिमित जनशक्तिका कारण कठिन।
- विद्यालयप्रति अभिभावक तथा समुदायको उत्तरदायित्व र जिम्मेवारीवोध प्रभावकारी नहुनु
- साक्षरता, निरन्तर शिक्षा र आजिवन सिकाइको अवसर वृद्धि गर्न र विद्यालय शिक्षाबाट बञ्चित भएका व्यक्तिहरुलाई वैकल्पिक शिक्षा, सीप र रोजगारीको प्रबन्ध गर्न कठिन
- शिक्षकको पेशागत विकासका लागि शिक्षक सहायता प्रणाली, शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालयको शैक्षिक गुणस्तर र कार्यकुशलता बढाउन नसकिएको
- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सीमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन
- सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयका रुपमा विकास गर्न आर्थिक स्रोत संकलनमा चुनौती।
- रोजगार मुलक र व्यवहारिक शिक्षाको अभावले दक्ष जनशक्तिलाई शिक्षा क्षेत्रमा आकर्षित गर्न नसकिएको
- विद्यालय शिक्षामा नैतिक शिक्षा र संस्कारयुक्त शिक्षालाई संस्थागत विकास गर्न कठिन।

## १.४ अवसर

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्था गरेको छ। यसले शिक्षामा सबैको सहभागीता र पहुँच वृद्धि गरी गुणस्तर सुधार गर्ने अवसर हुनु, विद्यालयको भर्ना दर, साक्षरता दरमा वृद्धि हुनु, लैङ्गिक समता सूचकाङ्कमा प्रगती देखिनु, समावेशी सहभागीता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, विद्यार्थीले विद्यालय तह बाटै प्राविधिक र व्यावसायिक शिक्षाको अवसर प्राप्त गर्नु आदी शिक्षा क्षेत्रका अवसरहरु हुन्। विद्यालय शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य मुख्य अवसरहरु देहाय बमोजिम पहिचान गरिएका छन्।

- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु।
- संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा अन्य सङ्घ संस्थाबाट शिषामा लगानी गर्न सकिने वातावरण निर्माण हुनु
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र पहुँचमा विस्तार हुनु
- स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर प्राप्त हुनु
- स्थानीय स्तरमा भएको ज्ञान, सिप र प्रविधिलाई अधिकतम प्रयोग एवं आन्तरिकीकरण गर्नु
- वैकल्पिक सिकाई सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरका रुपमा लिन सकिन्छ।
- स्थानीय तहमा शिक्षाको दिगो विकासको लागि निर्धारित लक्ष्य हासिल गर्न सबै सरोकारवालाहरु प्रतिबद्ध रहेको।
- गाउँपालिकाको शैक्षिक नीति तथा कार्यक्रमहरुको सञ्चालनका लागि सबै पक्षको सकारात्मक सहयोग रहेको

## परिच्छेद २ः दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

स्थानीय शिक्षा योजनाको परिच्छेद एक मा उल्लेखित त्रिपुरासुन्दरी गाउँपालिकाको शैक्षिक परिवेशको समिक्षासहित उठान गरिएका विद्यमान समस्या मुख्य चुनौती तथा अवसरहरुले यस गाउँपालिकाको लागि विद्यालय शिषाको आगामी दश वर्षको मार्ग पहिचान गर्न आधार सिर्जना गरेको छ। यस गाउँपालिकाको शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइमा योजनाको अन्त्यसम्म प्राप्त गर्ने उपलब्धिहरुला२ समेट्ने गरि यस परिच्छेदमा योजनाको दुरदृष्टि, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धी सूचक प्रस्तुत गरिएको छ।

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

प्रस्तुत योजना निर्माणका लागि आधार बनाइएका नीति, ऐन, नियम र अन्य सम्बन्धित दस्तावेलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

संवैधानिक प्रावधानः

धारा ३१ का शिक्षासम्बन्धी हक

धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति

धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५,

धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, उपधारा ३, उपधारा ७ र उपधारा ९ धारा ४० को दलितको हकसम्बन्धी उपधारा २,

धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समुहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको।

स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज  स्थानीय शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकार

दफा २४ योजना बनाइ कार्यन्वयन गर्ने।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७

स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)

### २.२ दुरदृष्टि

"गुणस्तरीय,सिपमूलक र प्रविधिमैत्री शिक्षा,
त्रिपुरासुन्दरी गाउँपालिकाको अपेक्षा"

### २.३ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

### २.४ उद्देश्य

- सबै बालबालिकालाई समतामूलक पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु
- विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु ।
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु ।
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु ।
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु ।
- सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु ।
- वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु ।

### २.५ रणनीति

- सबै बालवालिकाको आधारभुत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्नका लागि निःशुल्क पाठ्यपुस्तक, दिवाखाजा र स्यानीटरी प्याड वितरण गर्ने।
- स्थानीय परिवेश, संस्कृति, परम्परा अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने।
- सबै विद्यालयमा बालमैत्री तथा अपांग मैत्री पूर्वाधारको निर्माण गर्ने।
- औपचारीक शिक्षावाट वञ्चित बालबालिका, युवा, प्रौढलाई अनौपचारीक तथा वैकल्पिक शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।
- विद्यालयको नेतृत्व विकास, व्यवस्थापन, सुशासन तथा पारदर्शिता कायम गर्न विद्यालय पदाधिकारीहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- आपतकालिन तथा संकटपूर्ण अवस्थामा बालवालिकाको शिक्षाको अधिकार सुनिश्चिताका लागि वैकल्पिक शैक्षिक कार्यक्रमहरु पहिचान तथा सञ्चालन गर्ने।
- गाउँपालिका भित्रका सम्पुर्ण शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम प्रदान गर्ने।

- विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय अनुगमन र सुपरिवेक्षणमा जोड दिने।
- विशेष शिक्षाको आवश्यकता भएका बालवालिकाको पहिचान गरी उनिहरुको आवश्यकता अनुसार शिक्षामा पहूँच सुनिश्चित गर्ने।
- बालवालिकाको पठनसीप विकास र पढाईको वातावरण सिर्जनाका लागि अभिभावक तथा समुदायको क्षमता विकासका कार्यक्रहरु सञ्चालन गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तार गरि सिपयुक्त जनशक्ति उतपादन गर्न प्राविधिक धारका विद्यालय स्थापना गर्ने ।

## २.६ कार्यनीति

- माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि विभिन्न रणनीतिहरु तय गरिएको छ। तय गरिएका उद्देश्य प्राप्त गर्न प्राथमिकतामा आधारित रहि तपशिल बमोजिमका रणनितिहरु अवलम्बन गरिनेछ।
- प्रचलित ऐन तथा कानुनबमोजिम प्रारम्भिक बालविकासको मापदण्ड अनुरुप सरसरफाई, पोषण, खेलकुद, मनोरञ्जन आकर्षक बसाइ व्यवस्थापन र शैक्षिक सामग्री सहितको कक्षाकोठा व्यवस्थापन गरिनेछ।
- एक वडा एक नमुना विद्यालयको कार्यविधि बनाइ नमुना विद्यालय स्थापना गरिनेछ।
- संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा पुनर्वितरण गरिनेछ।
- बालमैत्री विद्यालयका मापदण्ड अनुसार विद्यालय पूर्वाधार र आवश्यक संरचनाको विकास र विस्तार गरिनेछ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी सबै बालवालिकालाई विद्यालयमा भर्ना गराइनेछ।
- संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पुर्वाधार निर्माण गरिनेछ।
- स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।
- विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालय सरोकारवालाको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- बालवालिकाको स्वास्थ्य, सरसफाइका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क वा लिडर विद्यालयको रुपमा विकास गरिनेछ।
- शिक्षकको शैक्षिक क्षमता अभिवृद्धि गर्न शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम कार्यशालाहरु संचालन गरिनेछ।

- विशेष शिक्षा आवश्यकता भएका वालवालिकाहरुका लागि विशेष कक्षा संचालन गरिनेछ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृति, शैक्षिक सामग्री उपलब्ध गराई उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइनेछ ।
- कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष प्रत्येक तहको एक उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरिनेछ।
- रणनितिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मुल्यांकन तथा प्रतिवेदन समिति गठन गरिनेछ।
- शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समुह, कार्यमुलक समुह, रोस्टर, समुह गठन गरि परिचालन गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रहरुको क्षमता अभिवृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइनेछ ।
- बालवालिकाको पठन सिप शैक्षिक उपलब्धी वृद्धि गर्न समुदाय स्तरमा अभिभावक सचेतना र शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछ।
- विद्यार्थीहरुमा राष्ट्र तथा समाजप्रति उत्तरदायित्व वोध गर्नका लागी अनिवार्य रुपमा विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानविय कार्य र गतिविधीमा संलग्न गराइनेछ ।
- शिक्षक नियुक्ति व्यवस्थापन र सेवा सर्त सम्बन्धिको निश्चित मापदण्ड तयार पारी लागु गरिनेछ।
- विद्यालयको सहयोग अनुदान वितरण गर्दा कार्यसम्पादनमा आधारित अनुदान प्रणाली लागु गरिनेछ।
- विद्यार्थीहरुलाई खेल, योगाभ्यास र सह-क्रियाकलाप संचालनका लागि प्रत्येक माध्यमिक विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ।
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको पहूँच विस्तारका लागि विद्यालयमा प्राविधिक धार थप गरिनेछ ।
- बालवालिकाहरुको सिकाई स्तर सुधार गर्न विद्यालयमा अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गरिनेछ।
- कम विद्यार्थी भएका नजिकका विद्यालयहरु मर्ज गरि त्यस्ता विद्यालयलाई आवासीय विद्यालयका रुपमा विकास गरिनेछ ।

## २.७ अपेक्षित उपलब्धी

- सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

- विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध भएको हुनेछ ।
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल भएको हुनेछ ।
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।
- विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग भएको हुनेछ ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध भएको हुनेछ ।
- वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित भएको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

प्रस्तुत योजना लागु भए पश्चात त्रिपुरासुन्दरी गाउँपालिकाको शिक्षा क्षेत्रमा देहाय बमोजिम उपलब्धि प्राप्त भएको हुनेछ।

**मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | | आधार वर्ष २०८१ | २०८४ | २०८७ | २०९२ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १०१.५ | १०१ | १०० | १०० | इमिस रिपोर्ट |
| | | प्रदेश | ११२.६ | ११०.६ | १०८.६ | १०५ | |
| | | राष्ट्रिय | १०१.० | १०० | १०० | १०० | शैक्षिक सूचना |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७७.५ | ७८ | ८० | ८५ | |
| | | प्रदेश | ७५.४ | ७७ | ७९ | ८५ | |
| | | राष्ट्रिय | ७६.३ | ७७.० | ७८.० | ८०.० | शैक्षिक सूचना २०८१ |
| | २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९४.१ | ९४.५ | ९५ | ९६ | |
| | | प्रदेश | ९२.२ | ९३ | ९४ | ९५ | |
| | | राष्ट्रिय | ९३.७ | ९४.० | ९४.५ | ९६ | शैक्षिक सूचना २०८१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०७.२ | १०५ | १०३ | १०० | |
| | | प्रदेश | १५७.४ | १५० | १४५ | १३० | |
| | | राष्ट्रिय | १४१.१ | १३८ | १३५ | ११५ | शैक्षिक सूचना |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९७.१ | ९७.५ | ९८ | ९९ | |
| | | प्रदेश | ९४.९ | ९५ | ९५.५ | ९७ | |
| | | राष्ट्रिय | ९४.४ | ९५ | ९६ | ९७ | शैक्षिक सूचना<br>दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०८.५ | १०६ | १०४ | १०० | |
| | | प्रदेश | १३३.४ | १३० | १२५ | ११० | |
| | | राष्ट्रिय | १३०.५ | १२५ | ११५ | १०५ | शैक्षिक सूचना |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९३ | ९४ | ९५ | ९७ | |
| | | प्रदेश | ९२.२ | ९३ | ९४ | ९६ | |
| | | राष्ट्रिय | ९२.३ | ९४ | ९५ | ९६ | शैक्षिक सूचना |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १०५.३ | १०४ | १०५ | १०० | |
| | | प्रदेश | ११४.४ | ११२ | १०८ | १०० | |
| | | राष्ट्रिय | ११३. | ११०. | १०७. | १०० | शैक्षिक सूचना |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९१.५ | ९२ | ९३ | ९७ | |
| | | प्रदेश | ९०.३ | ९१ | ९२ | ९५ | |
| | | राष्ट्रिय | ८९.८ | ९१ | ९२ | ९५ | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९४.२ | ९६ | ९७ | १०० | |
| | | प्रदेश | ८६.९ | ८८ | ९२ | ९६ | |
| | | राष्ट्रिय | ८५.८ | ८८ | ९२ | ९६ | शैक्षिक सूचना |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका | स्थानीय | २.१ | १.५ | १ | ० | |
| | | प्रदेश | ५.९ | ३ | १ | ० | |
| | बालबालिका* (%) | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | शैक्षिक सूचना |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १ | ०.९ | १ | १ | |
| | | प्रदेश | १ | १ | १ | १ | |
| | | राष्ट्रिय | १.० | १ | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.१ | ९६ | ९७ | ९८ | |
| | | प्रदेश | ९४.४ | ९५ | ९६ | ९८ | |
| | | राष्ट्रिय | ९४.१ | ९५ | ९६ | ९८ | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११३.२ | ११० | १०५ | १०० | |
| | | प्रदेश | १२६.८ | १२१ | ११५ | १०७ | |
| | | राष्ट्रिय | १२४.८ | १२० | ११५ | १०७ | शैक्षिक सूचना |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ९०.१ | ९१ | ९२ | ९५ | |
| | | प्रदेश | ८७.९ | ८९ | ९० | ९४ | |
| | | राष्ट्रिय | ८६.५ | ८८ | ९० | ९४ | शैक्षिक सूचना |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ८७.९ | ८९ | ९२ | ९४ | |
| | | प्रदेश | ८४.१ | ८५ | ८७ | ९० | |
| | | राष्ट्रिय | ८२.४ | ८४ | ८७ | ९० | दि.वि.ल. ४ (ने.रा.का.) |
| | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १ | १ | ०.९ | १ | |
| | | प्रदेश | ०.९ | १ | १ | १ | |
| | | राष्ट्रिय | १.०१ | १ | १ | १ | शैक्षिक सूचना<br>वि.क्षे.वि.यो. |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | | स्थानीय | ० | ० | ० | |
| | | | प्रदेश | ०.९ | ०.७ | ० | |
| | | | राष्ट्रिय | ५.८८ | ३ | १ | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ४९.३ | ५० | ५१ | |
| | | | प्रदेश | ४८.०१ | ४८.५ | ५० | |
| | | | राष्ट्रिय | ४७.५ | ४८.५ | ५०.० | पन्ध्रौं योजना<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ८०.३ | ८५ | ९० | |
| | | | प्रदेश | ७१.९ | ७५ | ८० | |
| | | | राष्ट्रिय | ५५.८ | ६० | ७५ | पन्ध्रौं योजना |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | १०४.१ | १०१ | १०० | |
| | | | प्रदेश | १०४.९ | १०२ | १०० | |
| | | | राष्ट्रिय | ११३.४ | ११० | १०५ | शैक्षिक सूचना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | दि.वि.ल. (रा.समीक्षा) |
| | | | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १ | १ | १ | |
| | | प्रदेश | १ | १ | १ | |
| | | राष्ट्रिय | १.०२ | १ | १ | पन्ध्रौं योजना |
| | | | | | | वि.क्षे.वि.यो. |
| | | | | | | दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | शैक्षिक सूचना |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ७९.७ | ८२ | ८५ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | शैक्षिक सूचना |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ४८.९ | ५३ | ६० | |
| | | प्रदेश | ४३.३ | ४५ | ५० | |
| | | राष्ट्रिय | ३७.३ | ४० | ४६ | शैक्षिक सूचना |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | २५.२ | २७ | ३२ | |
| | | प्रदेश | २४.५ | २६ | ३० | |
| | | राष्ट्रिय | १९.३ | २२ | ३० | शैक्षिक सूचना |
| | | | | | | दि.वि.ल. ४ (ने.रा.का.) |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६५.३ | ६८ | ७३ | |
| | | प्रदेश | ७७.४ | ७८ | ८० | |
| | | राष्ट्रिय | ७१.२ | ७३ | ७५ | पन्ध्रौं योजना |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ८३.१ | ८५ | ८७ | |
| | | प्रदेश | ८२.१ | ८३ | ८५ | |
| | | राष्ट्रिय | ७६.३ | ७८ | ८० | दि.वि.ल. ४ (ने.रा.का.) |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ८८.९ | ९० | ९५ | |
| | | प्रदेश | ९८.८ | १०० | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९४.२ | ९५ | ९७ | पन्ध्रौँ योजना |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | १ | १ | १ | |
| | | प्रदेश | ०.९ | १ | १ | |
| | | राष्ट्रिय | ०.९३ | १ | १ | दि.वि.ल. (रा.समीक्षा) |
| **५. सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १:१९ | १:२२ | १:२५ | |
| | | प्रदेश | १:२१ | १:२४ | १:२७ | |
| | | राष्ट्रिय | १:२७ | १:३० | १:३५ | शैक्षिक सूचना पन्ध्रौँ योजना |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १:१८ | १:२० | १:२४ | |
| | | प्रदेश | १:२४ | १:२७ | १:३० | |
| | | राष्ट्रिय | १:३० | १:३४ | १:३६ | पन्ध्रौँ योजना |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १:१८ | १:२० | १:२४ | |
| | | प्रदेश | १:२४ | १:२७ | १:३० | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | पन्ध्रौँ योजना |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १:२५ | १:२७ | १:३० | |
| | | प्रदेश | १:३० | १:३३ | १:३५ | |
| | | राष्ट्रिय | ४०:०१:०० | ४०:०१:०० | ३०:०१:०० | शैक्षिक सूचना पन्ध्रौँ योजना |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १:२५ | १:२७ | १:३० | |
| | | प्रदेश | १:३० | १:३२ | १:३३ | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | पन्ध्रौँ योजना |

## परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्ररम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेरका बालबालिकाहरुको सुरुवाति अवस्था हो।प्रारम्भिक वालविकास बालवालिकाको विद्यालय प्रवेश गर्ने पहिलो खुट्किलो हो।उनीहरुको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास गरि सामाजिक व्यवहारको विकास यस तहमा हुने हुँदा कुनै एक पक्षको विकास कमजोर भएमा व्यक्तिको व्यक्तित्व विकासमा वाधा पर्ने सक्ने भएकाले बालबालिकाका उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ। त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकहरुलाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिनुका साथै बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्न र आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएको छ । नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरुको सहयोगले नेपालमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्वपुर्ण उपलब्धि हासिल भएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको कार्यान्वयनबाट हासिल गरिएका अनुभवले यस कार्यक्रमको विस्तार गर्ने र सेवालाई सीमान्तकृत तथा पछाडि परेका समुदायको पहूँचसम्म पुर्याउने रणनीति विकास तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा अगाडि बढ्नुपर्ने आवश्यकता छ। बिशेष गरी प्रारम्भिक कक्षा (कक्षा १ देखि ३) सम्मको बालवालिकाको पढाई तथा सिकाइको दृष्टिकोणले अझै महत्वपुर्ण रहेको छ। यस उमेरका बालवालिका पढ्नका लागि सिक्ने हो र बालवालिका भर्खर मात्र अक्षर चिन्न थालेका हुन्छन्।

त्रिपुरासुन्दरी गाउँपालिकाको नयाँ शिक्षा क्षेत्र योजनामा यस पालिकामा प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरु पहिचान गरिएको छ। उक्त चुनौतीहरुको सामना गरी प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको स्वरुप तयार पार्ने क्रममा यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको उद्देश्य, रणनीतिहरु, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ। त्रिपुरासुन्दरी गाउँपालिका अन्तरगतका लक्षित सबै बालबालिकाहरुलाई बालविकास केन्द्रसम्म सहज र सुरक्षित पहूँचको व्यवस्था गरि विद्यालय शिक्षाका लागि तयार गर्ने नै प्रारम्भिक बालविकास र शिक्षाको रणनिति रहेको छ।

### ३.१.२ वर्तमान अवस्था

हाल यस त्रिपुरासुन्दरी गाउँपालिकामा २३ वटा सरकारी अनुदान प्राप्त बालविकास केन्द्र र ६ वटा विद्यालय स्तरीय बालविकास केन्द्र गरि जम्मा २९ वटा कक्षाहरु सञ्चालनमा रहेका छन्। यी सबै शैक्षिक संस्थाहरुमा कुल ३०२ बालबालिकाहरु अध्ययनरत छन् जसमध्ये ५१.३२% छात्रा र ४८.६७% छात्र रहेका छन।यस गाउँपालिकाको प्रारम्भिक वालविकास तथा शिक्षाको खुद भर्नादर ९४.१% रहेको छ । कक्षा १ मा प्रारम्भिक वालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ७७.५% रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षकहरुमध्ये शतप्रतिशत महिला छन्। प्रारम्भिक बालविकास शिक्षा केन्द्रहरुको अनुमति गाउँपालिकाले प्रदान गर्दै आएको छ । २९ वटा सरकारी अनुदान प्राप्त बालविकास केन्द्रहरुमध्ये संघीय सशर्त अनुदानबाट २३ वटा र गाउँपालिकाको आफ्नै स्रोतबाट ६ केन्द्रलाई लगानी र स्रोत व्यवस्थापन गरिदै आएको छ ।यस गाउँपालिका अन्तरगतका बालविकास केन्द्रको गुणात्मक शैक्षिक सुधारका लागि निम्न लिखित चुनौतीहरु पहिचान गरी समाधानका रणनितिहरु अवलम्बन गरिनेछ।

### ३.१.३ लक्ष्यः

बालवालिकाको शारिरीक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको विकास गरी उनीहरुलाई आधारभूत शिक्षाका लागि तयार गर्नु।

### ३.१.४ उद्देश्यहरुः

- चार वर्ष उमेरका बालबालिकाहरुको आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गर्नु ।
- प्रारम्भिक बालविकास केन्द्रहरुको शैक्षक गुणस्तर वृद्धि गर्नु
- सबै बालवालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्न तयार गर्नु ।
- बालवालिकाको सर्वाङ्गीण विकासको लागि  विद्यालय व्यवस्थापन, शिक्षक तथा अभिभावकको सक्रियता र सहभागीतमा वृद्धि गर्नु।

### ३.१.५ रणनीतिः

- बालविकास केन्द्रको नक्साङ्कन, पुर्निवतरण गरी आवश्यकतानुसार केन्द्रको विस्तार गर्ने।
- नमुना बालविकास केन्द्र निर्माण गर्न कार्ययोजना तयार गरि लागु गर्ने।
- बालविकास केन्द्रका शिक्षकहरुका लागी वालमैत्री तथा बालमनोविज्ञान सम्बन्धि तालिम कार्यक्रम संचालन गर्ने।
- बालविकास केन्द्रको भर्ना दर वृद्धि गर्न  भर्ना अभियान कार्यक्रम संचालन गर्ने।
- बालविकास केन्द्र तथा शिक्षकहरुका लागी प्रोत्साहनको व्यवस्था गर्ने।

- बालविकास केन्द्रका लागी पाठ्यक्रममा आधारित रहि स्थानिय शैक्षिक सामग्री निर्माणमा जोड दिने।
- कक्षाकोठाको सिकाई प्रभावकारी बनाउन सिकाई कुना स्थापनाका गरी शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीको व्यवस्था मिलाउने।
- अभिभावकको क्षमता अभिवृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

### ३.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- बालविकास केन्द्रमा बालवालिकाको पहूँचमा वृद्धि गरिने।
- बालविकास केन्द्रको गुणस्तर बृद्धि हुने।
- बालविकास केन्द्र र समुदायबीचको सम्बन्ध उपलब्धीमुलक हुने
- बालविकास केन्द्रका सहजकर्ताको क्षमता विकास भएको हुने
- बालविकास केन्द्र र समुदाय बिचको सम्बन्ध विकास भएको हुने
- उमेर समुहका शतप्रतिशत बालवालिका भर्ना भएको हुने
- सघन भर्ना अभियान संचालन भएको हुने
- बालविकास केन्द्रमा बालमैत्री वसाई व्यवस्थापन भएको हुने
- समुदाय र बालविकासकेन्द्रबीच सुमधुर सम्बन्ध स्थापित हुने
- आवश्यकतानुसार विद्यालयमा आधारित बालविकास  कक्षाको वितरण हुने ।
- बालविकासको अनुभव सहितका बालबाललिकाहरुको कक्षा १ मा भर्नाको भएको हुने।
- आवश्यकतानुसार घुम्ती तथा नमुना बालविकासको केन्द्र सञ्चालन हुने।
- सामग्री व्यवस्थापन भएको हुने ।
- मापदण्ड बमोजिमको शिक्षण तथा व्यवस्थापन भएको हुने।
- नमुना बालबिकास केन्द्रहरु स्थापना तथा विकास भएको हुने ।
- बालवालिकाको संवेगात्मक तथा शैक्षिक विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने।
- बालविकास केन्द्र व्यवस्थापन समितिको सक्रियता बढ्ने।
- अभिभावक सचेतना बृद्धि हुने।

## प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स . | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | १० वर्षको जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | १ | | | २ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | २ | २ | २ | २ | २ | १० | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | | | | | | | |
| | बालविकस केन्द्रका सहजकर्ताका लागि क्षमताविकास कार्यक्रम सञ्चालन | पटक | १ | | | १ | | २ | |
| | कृषि स्वस्थ्य र महिला तथा , बालबालिका शाखासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन | पटक | | १ | | | | १ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | १ | |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवशीय योजना | वटा | | | १ | | | १ | |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | वटा | २९ | | | | | | |
| १० | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | १ | | | | | १ | |
| ११ | पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाई तथा खेल सामग्री | वटा | २ | २ | २ | २ | २ | १० | |

| क्र.स . | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | १० वर्षको जम्मा | |
| | व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | | | | | | | | |
| १२ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | | १ | | | १ | २ | |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | |
| १५ | अभिभावक शिक्षा | पटक | | | १ | | १ | ५ | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | | १ | | १ | | २ | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | |
| १८ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | सहयोगी को व्यवस्था | जना | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | | |
| २१ | प्रारम्भिक वालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धी गर्ने | संख्या | २९ | २९ | २९ | २९ | २९ | संघको निर्णय अनुसार | |

| क्र.स . | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | १० वर्षको जम्मा | |
| २२ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ | |
| २३ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | जना | | | | | | आवश्यकता अनुसार | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचयः

आधारभूत शिक्षाले बालवालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्याक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागि हुने अवसर प्रदान गर्दछ। विद्यमान ऐन तथा नीति नियमले प्रारम्भिक बालविकास देखि ८ कक्षा सम्मको शिक्षालाई आधारभूत तहको शिक्षा भनेर परिभाषित गरेको छ । जीवनलाई सहज रुपमा जीउनका लागि आधारभूत तहको शिक्षा आवश्यकता पर्दछ। नेपालको संविधानले आधारभूतहको शिक्षालाई नागरिकको मौलिक अधिकारको रुपमा सुनिश्चित गरिएको हुदा प्रत्येक नागरिकालाई आधारभूत तहको शिक्षाको सुनिश्चिता गर्ने कुरा राज्यको दायित्व हुन आउँछ। त्यससकारण राज्यले प्रत्येक नेपाली नागरिकले आधारभूत तहको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभूत तहको शिक्षा प्रदान गर्ने संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार हुने र आधारभूत शिक्षाको सबै बालवालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भनी उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज)मा आधारभूत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुरा उल्लेख गरिएको छ। यसकारणसबै नागरिकलाई आधारभूत तहको शिक्षाको सुनिश्चिता गर्ने सरकारको दायित्व रहेको छ।

आधारभूत तहमा सबै बालवालिकाको पहुँच तथा सहभागिताको सुनिश्चित गरी आधारभूत तहका बालवालिकाहरुको सिकाइ उपलब्धिमा सुधार गर्ने जसका लागि आधुनिक प्रविधिमा विद्यार्थीहरुको पहूँच सुनिश्चित गरी शिक्षकहरुको पेशागत दक्षतामा सुधार गर्ने, विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्दै तिनीहरुको शैक्षिक स्तरमा सुधार गर्ने र अपांगता भएका वालवालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चितता प्रदान गर्ने चुनौतीहरु रहेका छन ।

### ३.२.२ वर्तमान अवस्थाः

नेपालको शैक्षिक क्षेत्रले दिन प्रतिदिन आधारभूत शिक्षामा प्रगतिशिल उपलब्धिहरु हासिल गर्दै आइरहेको छ। सबै बालवालिकालाई समतामुलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुँदा धेरै आधारभूत तहमा बालवालिकाको पहूँच भएको देखिन्छ।

आधारभूत शिक्षामा सबै बालवालिकाको समतामुलक पहूँच पुर्याउन बिगतमा गरिएका प्रयासहरुको नतिजास्वरुप राष्ट्रीय स्तरमा कक्षा १ देखि ५ को खुद भर्नादर ९४.४ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९४.१ प्रतिशत पुगेको छ भने त्रिपुरासुन्दरी गाउँपालिकाको आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्नादर ९७.१ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९५.१ प्रतिशत पुगेको छ। यस्तै राष्ट्रीय स्तरमा आधारभूत तह पुरा गर्ने दर ८२.४

प्रतिशत र कक्षा ८ को टिकाउदर ८६.५ प्रतिशत रहेको छ। त्रिपुरासुन्दरी गाउँपालिकाको आधारभूत तह पुरा गर्ने दर८८.४ प्रतिशत र कक्षा ८ को टिकाउ दर ९०.१ प्रतिशत रहेको छ।

यस गाउँपालिका अन्तरगत जम्मा २४ वटा आधारभूत तहका विद्यालयहरु संचालनमा रहेका छन। यसमध्ये कक्षा १ देखि ३ सम्म १० वटा, कक्षा १ देखि ५ सम्म ४ वटा तथा कक्षा १ देखि ८ सम्म जम्मा ११ वटा विद्यालय रहेका छन। गाउँपालिका भित्र रहेका सबै आधारभूत सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ८ सम्म जम्मा ९०५ छात्रा र ८६६ छात्र गरि जम्मा १७७१ विद्यार्थी रहेका छन् ।

आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क रुपमा कार्यान्वयन गर्नु आजको आवश्यकता हो। यसका लागि यस गाउँपालिकाले प्रभावकारी कार्यान्वयनका लागि छलफल, अन्तरक्रिया तथा अनुगमन गर्ने छ। आर्थिक अभावका कारण कोही पनि बालवालिकाले आधारभूत तहको शिक्षाबाट बन्चित नहुने अवस्थाको सुनिश्चित गरिने छ। प्रारम्भिक कक्षाको पठनसीप वृद्धिका लागि शिक्षकलाई तालिम, आवश्यक शैक्षिक तथा सन्दर्भ सामाग्रीको उपलब्ध गराई कक्षाकोठामा बुक कर्नर स्थापना गरी थप पढ्ने वातावरण सिर्जना गरिने छ भने बालवालिकाको पढाईको लागि परिवार तथा समुदायको संलग्नता अभिवृद्धि गरिने छ।

आधारभूत तहको शिक्षामा बालवालिकाको सिकाई दर एकदम न्युन देखिएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्र द्धारा गरिएको कक्षा ३ को पढाई तथा गणितिय सिप परीक्षणमा सिकाई उपलब्धी न्युन देखिएको छ। यसै गरी कक्षा ५ र ८ मा गरिएको सिकाइ उपलब्धी परीक्षणमा न्युन सिकाई उपलब्धी देखिएको छ। बिभिन्न कारणले गर्दा बालवालिकाले विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दरमा उच्च देखिन्छ जसकारण बालवालिकाले तह पुरा गर्ने अपेक्षित दरमा कमी रहेको छ।

कोभिड १९ महामारीका कारण प्रत्यक्ष पठपाठन हुन नसकेको तथा बैकल्पिक विधिबाट शिक्षण गर्दा बिभिन्न कारणले प्रभाकारिता अपेक्षित देखिएन। यसकारण बालवालिकाले ठुलो शैक्षिक क्षति व्यहोर्नु परेको छ। अबका दिनमा यस्तै महामारीको अवस्थामा पनि बालवालिकाको पठनपाठन सुचारु गर्न तथा बालवालिकाको शैक्षिक क्षति न्युनीकरण गर्न आवश्यक योजना तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ।

बालवालिकाको सिकाई उपलब्धी साथै शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षकको पेशागत विकास गरी विद्यालय तहको अनुगमन, पृष्ठपोषण जस्ता क्रियाकलाप गर्न जरुरी देखिन्छ। विद्यालय भित्रको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री तथा सामावेशी बनाई बालवालिकाको सिकाई उपलब्धीमा जबादेहीताको विकास गर्न जरुरी देखिन्छ।

आधारभूत तहको शिक्षामा तपशिल बमोजिमको अवसर तथा चुनौती रहेका छन। गाउँपालिकाले अवसरको सदुपयोग गर्दै चुनौतीलाई सम्बोधन गरी आधारभूत तहको शिक्षालाई सबै नागरिकको पहूँचमा पुर्याउने यथेष्ट योजना, रणनीति तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ।

<u>चुनौतीहरुः</u>

- आधारभूत तहमा सबै बालवालिकाको पहूँच तथा सहभागिताको सुनिश्चित गर्ने
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- आधारभूत तहका बालवालिकाहरुको शिक्षाको गुणस्तरमा सुधार गर्दै सिकाइ उपलब्धिमा सुधार गर्ने
- आधारभूत तहका विद्यालयहरुको भौतिक संरचनामा सुधार गरी बालमैत्री सिकाइ वातावरणको सुनिश्चित गर्ने
- आधुनिक प्रविधिमा विद्यार्थीहरुको पहूँच सुनिश्चित गर्दै शिक्षकहरुको पेशागत दक्षतामा सुधार गर्ने
- आधारभूत विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्दै तिनीहरुको शैक्षिक स्तरमा सुधार गर्ने
- सम्पुर्ण रुपमा विषयगत शिक्षक दरबन्दीको प्रबन्ध सहित योग्य र दक्ष जनशक्तिको व्यवस्थापन गर्ने
- शिक्षकहरुको वृति विकासलाई नतिजामा आधारित गरि व्यवस्थित गर्ने
- विद्यार्थीहरुको मुल्याङ्कनलाइ सिकाइ क्रियाकलापमा आधारित गरी आधारभूत तहको परिक्षा प्रणालीलाई विश्वसनीय र वैध बनाउने
- विशेष वालवालिका तथा अपांगता भएका वालवालिकालाई विद्यालयको पहूँचमा सुनिश्चितता प्रदान गर्ने

### ३.२.३ लक्ष्य

सबै बालबालिकाहरुका लागि समतामुलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्यहरुः

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी सबै बालवालिकाको आधारभूत शिक्षामा पहूँच सुनिश्चित गर्नु।
- शैक्षिक गुणस्तर सुधार गरी बालवालिकाको न्युनतम सिकाइ उलब्धी वृद्धिको सुनिश्चित गर्नु।
- आधारभूत तहमा बालवालिकाको टिकाउ दरमा वृद्धि गर्नु।
- विद्यालयको वातावरण भय रहित, सामावेशी तथा बिभेद रहित बालमैत्री बातावरण सिर्जना गरी बालमैत्री तथा समावेशी गुणस्तरीय शिक्षा प्रदान गर्नु।

- आधारभूत तहका विद्यालयहरुको भौतिक संरचना तथा शैक्षिक क्रियाकलाप बालमैत्री तथा समावेशी बनाउनु।
- शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरी शैक्षिक क्रियाकलापमा सुधार गर्नु।
- आधारभूत तहका सबै विद्यालयमा सुचना, प्रविधि तथा सञ्चारको पहूँच पुर्याउनु।
- विद्यालयमा विपद उत्थानशील भौतिक संरचना निर्माण गर्नु तथा विपदमा पनि सिकाई क्रियाकलापको निरन्तरताको अवस्था सिर्जना गर्नु।

## ३.२.५ रणनीति

- प्रचलित मापदण्ड बमोजिम आधारभूत तहको विद्यालयको समायोजन गरी सबै बालवालिकाको विद्यालयमा पहूँच सुनिश्चित गरिनेछ ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- एक वडा एक नमुना आधारभूत बिद्यालय अवधारण कार्यान्वयनमा ल्याई कार्यान्वयन गरिनेछ ।
- आधारभूत तहमा भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम संचालन गरिने छ।
- विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न विशेष रणनीति लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय उपस्थिति दरलाई बृद्धि तथा विद्यार्थीको शैक्षिक प्रगति विवरण उपलब्ध गराइनेछ।
- जेहेन्दार तथा सीमान्तकृत बालवालिकाहरुलाई विद्यालयको पहूँचमा ल्याईनेछ।
- शिक्षकको पेशागत दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकीकृत पाठ्क्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- बालमैत्री बसाई व्यवस्थापन तथा शैक्षिक सामाग्री युक्त कक्षाकोठाको व्यवस्था मिलाईनेछ।
- बालवालिकाको सिकाई स्तर बृद्धि गरिनेछ ।
- मापदण्ड बमोजिमका कक्षागत पढाई कुनाको स्थापना गरिनेछ।
- शिक्षणमा स्थानीय शैक्षिक सामाग्रीको प्रयोग गरिनेछ ।
- सुचना, प्रविधि तथा सञ्चारको न्युनतम सुविधा उपलब्ध गराइनेछ।
- बालवालिकालाई जीवन उपयोगी सीप सहितको शिक्षा प्रदान गरिनेछ।
- कक्षा ६- ८ को स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ।
- कार्यविधि निर्माण गरी स्थलगत अनुगमन निरीक्षण गरी आवश्यकता अनुसार विद्यालय समायोजन गरिनेछ।
- विद्यार्थी संख्या तथा शिक्षक अनुपातको आधारमा दरबन्दी वितरण समायोजन गरिनेछ।
- अभिभावक विहिन बालवालिकाहरुलाई पालिकामार्फत अभिभावकत्व ग्रहणका लागि पहल गरी शिक्षालाई निरन्तरता दिइनेछ।

- विद्यार्थीलाई प्रोत्साहन गर्न दिवा खाजाको व्यवस्थापन गरिनेछ।
- अभिभावक शिक्षा, भेटघाट, अन्तरक्रिया कार्यक्रम तथा जीवन उपयोगी सीप सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- जेहन्दार तथा सीमान्तकृत बालवालिकाहरुको तथ्याङ्क संकलन गरी प्रोत्साहन तथा छात्रवृत्तिको वितरण गरिनेछ।
- शिक्षकको क्षमता विकास गर्न शिक्षक तालिम तथा थप योग्यता हासिल गर्न प्रोत्साहित गरिनेछ।
- सम्बन्धित शिक्षकहरुलाई तालिम तथा प्रवोधिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन तथा शैक्षिक सामाग्रीहरु निर्माण गरी कक्षा कोठाको व्यवस्थापन गरिनेछ।
- थप अध्ययन तथा सिकाइका लागि सन्दर्भ सामग्री सहितको निदानात्मक शिक्षण विधिबाट शिक्षण तथा दिवा आवासीय कक्षाको व्यवस्था गरिने छ।
- प्रारम्भिक कक्षामा कक्षागत सामाग्री सहितको पुस्तकालयको व्यवस्था गरी बालवालिकालाई पढाईको अवसर प्रदान गरिने छ।
- पाठ्यक्रममा आधारित रहि स्थानीय शैक्षिक सामग्री निर्माण गरि शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ।
- आवश्यकतानुसार सुचना प्रविधिका सामाग्री र भौतिक संरचनाको व्यवस्था गरिनेछ।

## ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धी**

- पहुँच अवसर तथा समतामा सुधार भएको
- अनिवार्य तथा निःशुल्क पहुँच र सहभागिताको सुनिश्चित भएको
- न्युनतम सिकाइ उपलब्धिमा सुधार भएको
- शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरी गुणस्तरमा सुधार आएको
- सुचना प्रविधि मार्फत शिक्षण क्रियाकलापमा वृद्धि तथा पहुच विस्तार भएको ।

**नतिजा**

- सबै बालबालिका विद्यालय भर्ना भएका हुने
- जोखिम तथा अपाङगता भएका बालबालिका शिक्षामा पहुँच सुनिश्चित भएको हुने
- शत प्रतिशत विद्यालयमा सुरक्षित तथा बालमैत्री विद्यालय वातावरणको व्यवस्था भएको हुने
- अधारभुत तह पुरा गर्ने बालबालिकाको संख्या वृद्धि भएको हुने
- आधारभुत तहको शिक्षा निःशुल्क तथा अनिवार्य भएको हुने

- बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण हुने
- वर्तमान सिकाई उपलब्धीमा वृद्धि भएको हुने
- बालबालिकाको वर्तमानको टिकाउ दरमा वृद्धि भएको हुने
- बालबालिकाको विद्यालयमा उपस्थिति दरमा वृद्धि भएको हुने
- बालबालिकाहरुमा जीवनउपयोगी सीपको विकास भएको हुने
- कक्षाकोठामा उपस्थिति दरमा वृद्धि भई कार्यसम्पादनमा सुधार हुने ।
- शिक्षकको शिक्षण कार्यमा सुधार भएको हुने ।
- कक्षाकोठमा सुचना प्रविधि मार्फत पठन पाठन सञ्चालन भएको हुने ।
- विद्यालयमा ICT जडान तथा प्रयोग भएको हुने
- विद्यालयमा विधुतिय पुस्तकालयको स्थापना भएको हुने ।
- बालबालिकाको ICT प्रयोगमा पहुँचमा वृद्धि भएको हुने

**आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | **जम्मा** | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | | | | | आवश्यकता अनुसार | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | आधारभूत तह | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | २० | | १० | १० | ५ | ४५ | | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | | |
| ५ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | दुई कोठे भवन | २ | २ | २ | २ | २ | १० | | |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | शिक्षक क्षमता विकास | जना | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | | | | | | आवश्यकता अनुसार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १५ | | | १५ | | ३० | | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना रोष्टर) (शिक्षकबाट | पटक | | | | | | | आवश्यकता अनुसार | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | निरन्तर | | | | | | | निरन्तर | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | १० | ८ | ८ | ५ | ५ | ३६ | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | | | | | | | निरन्तर | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | १५ | | | १५ | | ३० | | |
| १६ | विपन्नकालागि ड्रेस, स्टेशनरी छात्रबृत्ति | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| १७ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | | | | | | | निरन्तर | |
| १९ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | | |
| २१ | अभिभावक अभिमुखिकरण र सहभागिता | विद्यालय | | २० | | २० | | ४० | | |
| २२ | अतिरिक्त क्रियाकलाप संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २३ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

समयको परिवर्तन संगै नेपालको शिक्षाको तहगत संरचनामा पनि समय समयमा परिवर्तन भईरहेको छ। हालको तहगत संरचना अगाडी माध्यमिक तह भनेर कक्षा ९ र १० लाई तोकिएकोमा शिक्षा ऐन २०२८ को आठौं संसोधन २०७३ ले विद्यालय तहको संरचना आधारभूत तह र माध्यमिक तह गरी दुई संरचना हुने उल्लेख गरेको छ जसमा कक्षा प्रारम्भिक बालकक्षा देखि कक्षा ८ सम्मलाई आधारभूत तह र कक्षा ९-१२ लाई माध्यमिक तहको रुपमा वर्गीकरण गरिएको छ। माध्यमिक शिक्षाले माध्यमिक तहका विद्यार्थीलाई आत्मविश्वास, नैतिकवान, चरित्रवान, इमान्दारीता, लोकतान्त्रिक आचरण भएका राष्ट्रिय एकताको भाव, बहुसाँस्कृतिक, मुल्य मान्यता, विविधता आर्दशवान बन्न सक्ने, शान्ति मानवअधिकार, दिगोविकास, पर्यावरणीय सन्तुलन, द्वन्द व्यवस्थापन र विपद व्यवस्थापनप्रति सचेत र जिम्मेवार, सबै प्रकारका पेशाप्रति सम्मान गर्न सक्ने, सीपयुक्त, ज्ञान र प्रविधियुक्त, राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने, व्यक्तिगत र राष्ट्रिय रुपमा आइपर्ने समस्याहरुसँग जुध्नसक्ने, अरुको विचार र भावनाको सम्मान एवं कदर गर्न सक्ने, सकारात्मक सोच, सृजनशील नागरिक तयार पार्ने उद्देश्य राखेको छ। सोहि उद्धेश्य अनुरुप स्थानीय तहले पनि आफ्ना योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरेमा उक्त लक्ष्यहरु पुरा गर्न सहयोग पुग्छ ।

### ३.३.२ वर्तमान अवस्थाः

त्रिपुरासुन्दरी गाउँपालिकामा माध्यमिक तह अन्तरगत कक्षा १–१० संचालन भएका विद्यालय ६ वटा, कक्षा १–१२ संचालन भएका ६ वटा गरी जम्मा ६ वटा माध्यमिक शिक्षा प्रदायक संस्था रहेका छन्। शैक्षिक सत्र २०८१ अनुसार माध्यमिक तहमा जम्मा ५८३ जना विद्यार्थी अध्ययनरत छन जसमा छात्र २५८ र छात्रा ३२५ रहेको छन।

यस गाउँपालिका अन्तरगत माध्यमिक तह अन्तरगत कक्षा ११–१२ जम्मा ११ जना शिक्षक अनुदान/करार सेवामा र कक्षा ९–१० मा ३ जना स्थायी दरवन्दी र ११ जना राहत दरबन्दी गरी जम्मा १४ जना शिक्षक कार्यरत रहेका छन। साथै संघीय अनुदानबाट ४ तथा प्रदेश अनुदान बाट २ जना थप दरबन्दीमा कार्यरत शिक्षक रहेका छन्।

माध्यमिक तह ९ देखि १२ कक्षामा खुद भर्नादर राष्ट्रीय स्तरमा ५५.८% स्थानीय स्तरमा ८०.३, राष्ट्रीय स्तरमा कुल भर्नादर ११३.४ र स्थानीय स्तरमा १०४.१ रहेको छ। लैङिगक समता सुचक १.०१ रहेको छ। कक्षा १० को टिकाउ दर ७६ रहेको छ। महिला शिक्षक अनुपात ४९% रहेको छ।

**अवसरहरुः**

- विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तकको वितरण हुनु।
- माध्यमिक तहमा विद्यार्थीको सहज पहूँच।
- विद्यालयमा  पर्याप्त संख्यामा विद्यार्थी भर्ना हुनु।
- गाउँपालिका मार्फत आवश्यकताका आधारमा शिक्षक अनुदान कोटा उपलब्ध गराउनु।
- माध्यमिक तहका सीमान्तकृत विद्यार्थीहरुका लागि छात्रवृत्तीको व्यवस्था हुनु।
- विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि र पुस्तकालय व्यवस्थापनका लागि बजेट विनियोजन हुनु।
- दक्ष, अनुभवी तथा तालिम प्राप्त शिक्षकद्वारा शिक्षण गरिनु।
- प्राविधिक शिक्षाको उपलब्धता।
- अनिवार्य शिक्षाको सुनिश्चितता भएको।
- दृष्टिविहिन विद्यार्थीहरुका लागि आवासीय शिक्षा उपलब्ध हुनु।
- अपांगमैत्री, बालमैत्री, लैङ्गिक मैत्री शौचालयसहितका विद्यालय भवन हुनु।
- अतिरिक्त क्रियाकलापमा सहजता।

**चुनौतीहरुः**

- तहगत विषयगत शिक्षकको अभाव हुनु।
- आवश्यकता अनुसार छात्रावास, कक्षाकोठा, प्रयोगशाला, खेलमैदान, खानेपानी, पुस्तकालयको अभाव।
- बालवालिकाको सिकाई उपलब्धी न्यून हुनु .
- जोखिमका दृष्टिले संरचनाहरु असुरक्षित रहेको।
- विद्यालयको भौतिक संरचना सन्तोषजनक हुनु।
- विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी कम हुनु
- शिक्षक, विद्यार्थी तथा अभिभावकहरु जिम्मेवारीबोधको कमी हुनु।
- विद्यार्थी उपस्थिी दरमा अनियमितता।
- विशेषबालवालिका तथा अपांगता भएका बालवालिकाका लागि विद्यालयको पहूँचमा कम हुनु।
- शिक्षकहरुलाई समयानुकुल तालिम वा पेशागत सहयोगको अभाव।
- शिक्षकहरुलाई प्रविधियुक्त सिकाईसँग जोड्न नसक्नु।
- विद्यालयभित्र चमेनागृहको व्यवस्था गर्न नसक्नु।
- विद्यार्थीको नियमित स्वास्थ परीक्षणको व्यस्था नहुनु।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ संस्थाको विकासप्रति उत्तरदायी नहुनु।
- समय समयमा अनुगमन तथा सुपरिवेक्षण नहुनु।

- विद्यालयमा भरपर्दो इन्टरनेटको पहूँचमा कमी हुनु।
- वैकल्पिक शिक्षण सिकाइ सञ्चालनमा कठिनाई।

### ३.३.३ लक्ष्यः

बालबालिकाहरुलाई प्रतिष्पर्धी, सक्षम, ब्यवसायिक जनशक्ति तयार गरी प्राविधिक तथा साधारण तर्फको उच्च शिक्षाका लागि तयार पार्ने ।

### ३.३.४ उद्देश्यहरुः

- माध्यमिक शिक्षामा विद्यार्थीहरुको पहूँच वृद्धि गरि नैतिकवान, व्यवहारिक, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ती तयार गर्नु।
- अनिवार्य माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्यिन गरी सबै बालवालिकाको गुणात्मक शिक्षामा पहूँचको सुनिश्चितता गर्नु।
- बालवालिकाको न्युनतम सिकाई उलब्धी वृद्धिको सुनिश्चितता गर्नु।
- विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी तथा सुरक्षित बनाउनु।
- माध्यमिक तहसम्मका सबै विद्यालयमा विज्ञान तथा सुचना प्रविधियुक्त प्रयोगशालाको स्थापना गर्ने।
- सरोकारवालाहरुलाई विद्यालयप्रति जिम्मेवार बनाई उत्तरदायी बनाउनु।
- गुणस्तरीय,प्राविधिक, व्यावसायिक तथा वैज्ञानिक र सान्दर्भिक शिक्षाको सुनिश्चित गर्नु।

### ३.३.५ रणनीति

- माध्यमिक तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गरी सबै बालवालिकाको शिक्षामा पहूँच सुनिश्चितता गर्ने।
- भौगोलिक रुपमा टाढा तथा अपांगता भएका बालबलिकाहरुको लागि आवासीय विद्यालयको व्यवस्थापन गर्ने।
- बालमैत्री, अपांगमैत्री, समावेशी तथा सुरक्षित भौतिक संरचना निर्माण गर्ने।
- विषयगत तथा तहगत शिक्षकको व्यवस्थापन गर्ने।
- विद्यार्थी र शिक्षकको उपस्थिति वृद्धिदर सुनिश्चित गर्ने।
- बालवालिकाहरुको सिकाई उपलब्धि बृद्धि गर्ने।
- शिक्षकको पेशागत सहयोग तथा क्षमता अभिवृद्धि गर्ने।
- प्रविधिमैत्री सिकाइ अवलम्बन गर्ने।
- नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने।
- वैकल्पिक शिक्षण सिकाइलाई निरन्तरता दिने।
- विद्यालयभित्र गुणस्तरीय चमेनागृह व्यवस्थापन गर्ने।

- विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने ।
- आवश्यकतानुसार विद्यालयमा शिक्षकको व्यवस्थापन गरिने छ।
- आवश्यक विद्यालयमा आवासीय भवनहरु निर्माण गरिने छ।
- भवन आचार संहित बमोजिम भवन निर्माण तथा पुराना भवनहरु प्रवलिकरण गरिने छ।
- अभिभावक, शिक्षक, विव्यसलाई जवाफदेही बनाइने छ।
- थप कक्षाहरु संचालन गरी निर्माणात्मक मुल्याङ्कन विधि कार्यान्वयन गरिने छ।
- विषयगत विज्ञ समुह परिचालन गरी शिक्षकहरुको क्षमता अभिवृद्धि गरिने छ।
- शिक्षकहरुलाई सूचना प्रविधि तालिमको व्यवस्थापन गरिने छ।
- कार्ययोजना बनाई विद्यालयहरुको स्थलगत कक्षा अवलोकन गरिने छ।
- शिक्षक तथा विद्यार्थीको प्रविधिमा पहूँचका लागि कार्ययोजना बनाई आवश्यक बजेटको व्यवस्था गरिने छ।
- स्वास्थ्य कार्यालय तथा स्वास्थ्य चौकीसँग समन्वय गरी नियमित विद्यार्थीको स्वास्थ्य जाँचको व्यवस्था गर्ने।

### ३.३.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धी**

- पहूँचमा सुधार भएको
- गुणस्तरीय व्यवसायिक तथा प्राविधिक शिक्षाको विस्तार
- माध्यमिक तह पुरा गरेका बालवालिकाको संख्या वृद्धि
- शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरी गुणस्तरमा सुधार आएको
- बालबाललिकाको सिकाई उपलब्धीमा वृद्धि

**नतिजा**

- समुदायमा सबै बालवालिकालाई विद्यालय भर्ना हुनका लागि अभिभावकरुलाई सुचना संप्रेषण
- उमेर समुहका सबै बालवालिकाहरु विद्यालयमा भर्ना भएको
- विद्यालयमा पर्याप्त सुरक्षित भवनको व्यवस्थापन
- विद्यालयमा सबै बालवालिकालाई सूचना प्रविधिको पहूँच
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने
- प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालित विद्यालयको सुदृढीकरण भएको
- आवश्यक मापदण्ड पुरा गरेका विद्यालयमामा प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तार भएको
- प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त जनशक्तिको व्यवस्थापन भएको
- भर्ना भएका सबै बालवालिका माध्यमिक तह पार गर्ने
- शिक्षकहरुको पेशागत दक्षता वृद्धि
- विभिन्न तालिम, गोष्ठी, सेमीनार, वेबिनारमा सहभागिता
- कक्षाकोठामा प्रविधिको प्रयोग
- कक्षाकोठामा बिताएको समय
- मापदण्ड बमोजिमको सिकाई उपलब्धी हासिल
- प्राप्त ज्ञान र सीपलाई व्यवहारिक जिवनमा प्रयोग गरेको।
- शिक्षक तथा विद्यार्थीको प्रविधिमा पहूँच
- सुचना प्रविधिमा प्रयोग हुने सामाग्रीको व्यवस्था
- समुदायका सबै बालवालिकालाई विद्यालय भर्ना गराउन अभिभावकरु सचेत भएको ।
- उमेर समुहका सबै बालवालिकाहरु विद्यालयमा भर्ना भएका
- विद्यालयमा पर्याप्त सुरक्षित भवनको व्यवस्थापन
- विद्यालयमा सबै बालवालिकालाई सूचना प्रविधिको पहूँच
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने
- प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालित विद्यालयको सुदृढीकरण भएको
- आवश्यक मापदण्ड पुरा गरेका विद्यालयमामा प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तार भएको हुने

## माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | | | | | | १ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | बिद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | | | | | | | आवश्यकता अनुसार | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | सङ्घ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | १ | १ | ७ | | सङ्घ र स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा बिद्यार्थी  मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | जना | | २० | - | - | - | २० | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | पटक | | १ | | १ | | २ | | स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | | | | | | १ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | २ | २ | १ | ७ | | सङ्घ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपांगता भएका विद्यार्थिलाइ सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | | निरन्तर | |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | निरन्तर | | | | | | | संघ |
| १४ | कक्षाकोठामा धारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | | १ | २ | ३ | १ | ७ | | |
| १५ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.४.१ परिचय

कुनै पनि पेसा वा व्यवसाय सम्बन्धी ज्ञान, सीप प्रदान गरी व्यक्तिलाई व्यवसायिक सिपयुक्त र उद्यमशिल बनाउने शिक्षा प्राविधिक शिक्षा हो। आजको समाज विज्ञान र प्रविधिको युगमा प्रवेश गरेको छ। सैद्धान्तिक किताबी ज्ञानको सट्टामा जिवनोपयोगी तथा व्यवहारिक ज्ञान सहितको शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले यो शिक्षालाई प्राथमिकतामा राखेको छ। प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट न्युन, मध्यम तथा उच्चस्तरका दक्ष जनशक्ति उत्पादन गरि रोजगारि सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्धेश्य राखेको छ।

### ३.४.२ बर्तमान अवस्था

यस गाउँपालिकामा हाल प्राविधिक धार तर्फ बालि विज्ञान विषय अन्तरगत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट अनुमति प्राप्त गरी कृषि बालीबिज्ञान विषयमा १८ महिने प्रि-डिप्लोमा कार्यक्रम सञ्चालनमा रहेको एउटा विद्यालय छ ।

**चुनौतीहरुः**

- प्राविधिक शिक्षामा पर्याप्त लगानी नगर्नु।
- प्राविधिक शिक्षासम्बन्धी नीति तथा योजना नहुनु।
- प्राविधिक शिक्षामा पँहूच नहुनु।
- प्राविधिक शिक्षातर्फ विद्यार्थीहरुको आकर्षण कम हुनु।
- भौगोलिक विकटता तथा विपन्नताका कारणले प्राविधिक शिक्षामा सबैको पहूँच नहुनु।
- प्राविधिक जनशक्तीका लागि बजारको अभाव।
- प्राविधिक जनशक्तिले आफ्नै व्यवसाय गर्न नसक्नु।

**अवसरहरुः**

- कृषि विषयका प्राविधिक धार संचालित विद्यालयहरुले सम्बन्धित क्षेत्रका जनशक्ती उत्पादन गरिरहेका।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त गरी आफ्नै ब्यवस्थापनमा सञ्चालित प्राविधिक विद्यालय ।
- लामो तथा छोटो अवधिका प्राविधिक शिक्षा सञ्चालनका लागि विद्यालयहरु इच्छुक।

### ३.४.३ लक्ष्य

प्राविधिक शिक्षाको माध्यम द्वारा मध्यम स्तरीय आत्मनिर्भर, ब्यवसायिक तथा उद्यमशिल जनशक्ति उत्पादन गरि प्राविधिक तर्फको उच्च शिक्षाका लागि तयार पार्ने ।

### ३.४.४ उद्देश्यः

- प्राविधिक, सीपयुक्त, व्यवसायिक तथा स्वावलम्बी जनशक्ति उत्पादन गर्नु।
- छोटो तथा लामो अवधिका आयमुलक तालिमहरु संचालन गरि स्वरोजगार अभिवृद्धि गर्नु।
- प्राविधिक शिक्षाको विस्तार गरी सबै बालवालिकाको प्राविधिक धारको शिक्षामा पहुँच सुनिश्चित गर्नु।
- श्रमप्रति सम्मान गर्ने, आत्मनिर्भर नागरिक उत्पादन गर्नु।
- पालिकाले आफ्नै व्यवस्थापनमा प्राविधिक तथा व्यवसायिक शिक्षालय सञ्चालन गर्नु।

### ३.४.५ रणनिती

गाउँपालिकाभित्र सञ्चालित प्राविधिक शिक्षालयहरुलाई व्यवस्थित र गुणस्तरिय बनाइने छ।

भौगोलिक अवस्थालाई मध्यनजर गरि विद्यालयहरुमा प्राविधिक शिक्षालय विस्तार गरिनेछ।

गरिब तथा पिछडिएको वर्गलाई प्राविधिक शिक्षामा प्रथमिकता दिईनेछ ।

गाउँपालिका क्षेत्रका विद्यालयहमा नक्साङकनको आधारमा प्राविधिक शिक्षालय सञ्चालन गरिनेछ।

युवाहरु लाई प्राविधिक शिक्षा मार्फत स्वरोजगार बनाइने छ।

छोटो अवधिका विभिन्न किसिमका सिप मुलक तालिम प्रदान गरि गरिबी न्युनीकरण गर्ने कार्यक्रमहरु लागु गरिने छ ।

विश्व वजारमा प्रतिस्पर्धी र खपत हुने प्राविधिक जनशक्ती उत्पादनमा जोड दिइने छ ।

परम्परागत पेशा व्यवसायहरुको स्तरोन्नतीका लागि प्रविधिको विकासमा जोड दिइने छ ।

**कार्यनीति**

- प्राविधिक शिक्षालयहरुमा आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन सहित आवश्यक बजेट व्यवस्थापन गर्ने।
- भौगोलिक अवस्था हेरी र आवश्यक ठाउँमा प्राविधिक शिक्षालय स्थापना गर्ने।
- गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृतिको  व्यवस्था गर्ने।
- स्थानीय अवश्यकता र स्रोतको आधारमा प्राविधिक विद्यालयहरु स्थापना गर्ने।
- प्राविधिक शिक्षालयहरुबाट उत्पादित युवाहरुलाई व्यवसाय गर्न प्राथिमकताको आधारमा अनुदानको व्यवस्था गर्ने।
- व्यवसायिक तथा सिपमुलक कार्यक्रमहरु सञ्चालन गर्ने।
- गुणस्तरीय शिक्षा  प्रदान गर्न प्राविधिक शिक्षालयहरुको क्षमता अभिवृद्धि गर्ने।
- दक्ष जनशक्तिहरुमार्फत तालिमको व्यवस्था गर्ने।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धी**

- प्राविधिक शिक्षाको पहूँच तथा जनशक्ति उत्पादनमा वृद्धि गर्ने।
- प्राविधिक शिक्षालयहरुको गुणस्तर बृद्धि।
- प्राविधिक शिक्षालयहरु र समुदायबीचको सम्बन्ध विकास गर्ने

**नतिजा**

- प्राविधिक शिक्षालयहरुको वितरण समानुपातिक हुने।
- प्राविधिक शिक्षालयको संख्या वृद्धि हुने।
- प्राविधिक जनशक्ति उत्पादनमा बृद्धि हुने।
- शिक्षालयहरुमा सामग्री व्यवस्थापन हुने
- मापदण्ड बमोजिमको शिक्षण तथा व्यवस्थापन।
- गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने।
- प्राविधिक शिक्षालयहरुको व्यवस्थापन समितिको सक्रियता बढ्ने
- अभिभावक सचेतना बृद्धि हुने।
- समुदाय र शिक्षालयहरुबिच आत्मिय सम्बन्ध स्थापित हुने।

**कार्यक्रमहरु**

- प्राविधिक शिक्षालय स्थापना/सम्बन्धन हासिल गर्ने
- भर्ना अभियान
- प्राविधिक शिक्षालयहरुकोनक्साङ्कन गरी वितरण गर्ने
- बसाई व्यवस्थापन
- शिक्षक तालिम
- सामाग्री व्यवस्थापन तथा प्रयोग
- प्रयोगात्मक अभ्यासमा जोड
- अन्तरक्रिया कार्यक्रम
- सरोकारवालाहरुसँग छलफल
- सुझाव संकलन

**१० वर्षको लक्ष्य**

- गाउँपालिकाभित्र  प्राविधिक शिक्षाको विस्तार गर्ने ।
- विद्यार्थीहरु प्राविधिक शिक्षा मार्फत व्यवसायिक सिपयुक्त हुने ।
- प्राविधिक शिक्षालयहरु व्यवस्थित कक्षाकोठाका लागि आवश्यक सामाग्री वितरण
- कम्तिमा न्युनतम शैक्षिक योग्यता हासिल गरेका जनशक्तिबाट प्रशिक्षण
- शिक्षकहरु तालिम प्राप्त

- शिक्षण सामाग्रीहरुको निर्माण तथा वितरण प्राविधिक
- बालबालिकाको सर्वपक्षीय विकास
- अभिभावकहरु प्राविधिक शिक्षालयहरुप्रति जिम्मेवार तथा सचेत

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालिन लक्ष्य ५ वर्ष | दिर्घकालिन लक्ष्य १० वर्ष | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षालयहरु नक्साङ्कन गरि स्थापना गर्ने | २ | १ | १ | स्थानीय सरकार | |
| २ | प्राविधिक शिक्षालयहरुको क्षमता वृद्धि गर्ने | ४ | २ | २ | | |
| ३ | शिक्षक तालिमको आयोजना गर्ने | २० | १५ | ५ | | |
| ४ | सिकारुमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक सामाग्री प्रदान गर्ने | ४ | २ | २ | | |
| ५ | प्राविधिक शिक्षालयहरुको व्यवस्थापन समिति गठन पुनर्गठन गर्ने | नियमित | | | | |
| ६ | स्वास्थ्य जाँच तत्सम्बन्धि आवश्यक सामग्री वितरण | ४ | ४ | ५ | | |
| ७ | प्राविधिक शिक्षालयहरुको सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | नियमित | | | | |
| ८ | प्राविधिक शिक्षालयहरुको अवस्थाको अनुगमन तथा मुल्याङ्कन गरी आवश्यकतानुसार अनुदानको व्यवस्था | ४ | ४ | ५ | | |
| ९ | शिक्षक प्रोत्साहन कार्यक्रमको व्यवस्था | सबै | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

शिक्षालाई आधारभूत मौलिक अधिकार मानिएको वर्तमान अवस्थामा विद्यालयको औपचारिक शिक्षाबाट वञ्चित नागरिक तथा विद्यालय शिक्षालाई बिचैमा छाडेका बालबालिका तथा किशोरकिशोरीहरुलाई अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर बनाउनु आजको आवश्यकता र राज्यको दायित्व हो । वि.सं २०७८ मा नेपालको साक्षरता ७४.१ प्रतिशत हुँदा त्रिपुरासुन्दरी गाउँपालिकाको (हालको संरचना अनुसार समेटिएका साविकका गा.वि.स.हरुको संयुक्त रुपमा जोडदा) साक्षरता ६५.३ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ५८.३ प्रतिशत रहेको पाइन्छ । यसमा पनि ग्रामिण साक्षरताको अवस्था सुधारको लागि भरपर्दो विकल्प अनौचारिक तथा खुला शिक्षा हुन सक्छ ।

सिकाई जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । मानिसले औपचारिक अनौपचारिक अन्य अतिरिक्त तरिकाबाट ज्ञान, सीप तथा अनुभव प्राप्त गर्छ । निश्चित उमेर, समय र स्थानबाट दिइने शिक्षाबाट वन्चित सबै नागरिकलाई उपयुक्त हुने गरि अनौपचारिक माध्यमबाट शिक्षा प्रदान गरि समुन्नत सभ्य, शिष्ट र सुखी समाज निर्माण राज्यको अभिभारा हो । वि.स.२०१३ साल देखि योजनाबद्ध रुपमा अनौपचारिक शिक्षा आरम्भ भएको हो । हाल नेपाल सरकारले प्रौढ शिक्षा, साक्षरता शिक्षा, साक्षरता अभियान लगायतका कार्यक्रम संचालन गरी हाल सम्म ५३ जिल्लाहरुलाई साक्षरता घोषणा गरि सकिएको छ । नेपाल सरकारले वि.स. २०७३ मा सिन्धुपाल्चोक  जिल्लालाई साक्षर घोषणा गरिसकेको छ ।

### ३.५.२ प्रमुख समस्या र चुनौतीः

नेपालजस्तो विकासोन्मुख देशमा सबैलाई पूर्ण साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पुर्ण साक्षर पालिका निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई कार्यमूलक बनाउनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु, औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ अनौपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता मुख्य चुनौति रहेका छन् ।
अनौपचारिक शिक्षाप्रति अभिरुचीको कमी, सहभागीहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता, श्रोतः परिचालनमा कमी जस्ता कुरा पनि समस्याका रुपमा रहेका छन् । गाउँपालिका स्तरमा अनौपचारिक शिक्षा, दुर शिक्षा र खुला सिकाईको अवसर कमि हुनुले विद्यालय बाहिर रहेका बालबालिका, प्रौढ महिला र प्रौढ पुरुषलाई निरन्तर सिकाई अवसर पुऱ्याउन सकिएको छैन । अपाङ्ग, दृष्टिविहीन, अटिजम, बौद्रिक सुस्तपन आदिलाई अनौपचारिक, दुर र खुला शिक्षामा समाबेश गर्न नसक्नु ।

**३.५.३ अवसरहरुः**

नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको योजना, साक्षरता अभियान, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

**सोचः**

पूर्ण साक्षरताको अभियान, त्रिपुरासुन्दरीको पहिचान ।

**३.५.४ लक्ष्यः**

अनौपचारिक, दुर र खुला शिक्षालाई साक्षरताको मूल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर त्रिपुरासुन्दरी गाउँपालिकाको निर्माण गर्नु ।

**३.५.५ उद्देश्यः**

- औपचारिक शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका अर्धसाक्षर र निरक्षर व्यक्तिहरुलाई साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु,
- अनौपचारिक, दुर र खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री वितरण तथा अनुगमन निरिक्षण र कार्यान्वयन प्रक्रियालाई पालिका र वडा सरकार बिचको साझेदारी र समन्वयमा संचालन गर्ने ।
- अनौपचारिक, दुर, खुला र वैकल्पिक शिक्षाका माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आय आर्जनका पेशा व्यवसायसँग आवद्ध गरी जीवन पर्यन्त सिकाइ सुनिश्चित गर्ने ।
- अनौपचारिक, दुर र खुला शिक्षा कार्यक्रमलाई सफल बनाउन विद्यालय,वडा सरकार,पालिका सरकार र अन्य गैर सरकारी संघ संस्था, सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै आगामी ५ बर्ष भित्र त्रिपुरासुन्दरी गाउँपालिकालाई समुन्नत पालिका बनाउने ।
- पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सूचना केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु,

- पालिकास्तरका युवा सूचना केन्द्र, युवा क्लव तथा विद्यालयहरुलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रुपमा विकास गर्नु,

## ३.५.६ रणनीति

- विभिन्न उमेर समूहका बालबालिका, किशोरकिशोरी, प्रौढ, महिला र युवालाई साक्षर बनाउने,
- विद्यालय जान नपाउने र बिचमै विद्यालय छाडेकाहरुलाई वैकल्पिक र खुला विद्यालयीय शिक्षाको अवसर दिने,
- अनौपचारिक शिक्षाका विभिन्न माध्यमका शिक्षा सञ्चालनमा विद्यालय संरचना र सञ्चार प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने
- परम्परागत अनौपचारिक तथा सिपमुलक शिक्षाको मूल प्रवाहीकरण गर्ने
- वैकल्पिक वा खुला विद्यालय शिक्षामा जान नसक्नेहरुलाई व्यवसायिक र पेसागत शिक्षाको प्रबन्ध मिलाउने
- जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन स्थानीय स्तरमा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाउने
- त्रिपुरासुन्दरी गाउँ पालिकालाई पूर्ण साक्षर पालिका बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने
- गाउँपालिका स्तरमा अनौपचारिक शिक्षालाई व्यवस्थित गर्न एक अनौपचारिक शिक्षा कोष स्थापना गर्ने
- पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न पुस्तकालय, वाचनालय र सामुदायिक युवा सुचना केन्द्रहरु विस्तार र स्तरोन्नति गर्ने ।

## कार्यनीति

- विभिन्न उमेर समूहका बालबालिका, किशोरकिशोरी, महिला र प्रौढहरुका लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाका कार्यक्रम तर्जुमा गरिनेछ ।
- साक्षरता अभियान र जीवनपर्यन्त सिकाइका लागि विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गरिनेछ ।
- साक्षरता र साक्षरोत्तर कार्यक्रम विकास, योजना र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गरिनेछ ।
- स्वाध्ययन वा अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त व्यक्तिहरुलाई क्षमता र योग्यतानुसार मूल्याङ्कन गरी समकक्षता प्रमाणपत्र प्रदान गरिनेछ । त्यसरी प्रमाणपत्र प्राप्त व्यक्तिलाई औपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।
- निरक्षरहरुको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाइनेछ ।

- महिला, दलित, बाल श्रमिक, मजदुर, दुर्गम बस्ती, अति विपन्न वर्गका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत तहको समकक्षी वैकल्पिक विद्यालय शिक्षा, माध्यमिक तहको समकक्षी खुला विद्यालय शिक्षा उपलब्ध गराइनेछ ।
- विभिन्न उमेर र वर्गका व्यक्तिहरुलाई उनीहरुको आवश्यकतानुसार अनौपचारिक, खुला वा वैकल्पिक शिक्षाप्रदान गरिनेछ ।
- सूचना र सञ्चार प्रविधिको प्रयोग गरी खुला तथा दूर शिक्षा सञ्चालनलाई विद्यालयमार्फत व्यवस्थित गरिनेछ ।
- पम्परागत शिक्षाको मूल प्रवाहीकरण गर्न खुला र वैकल्पिक शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक सहजीकरण गरिनेछ ।
- अनौपचारिक शिक्षालाई आवश्यकतानुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई–पत्राचार आदिको माध्यमबाट सञ्चालन गरिनेछ ।
- रोजगारी र वृत्ति विकासलाई जोड दिन सिपमा आधारित कार्यक्रम विकास र कार्यान्वयन गरिनेछ ।
- रोजगारदाता व्यक्ति वा संस्थालाई श्रमिकको स्तरअनुरुप अनौपचारिक शिक्षा प्रदान गर्न प्रोत्साहित गरिनेछ ।
- प्रदेशको भाषा संस्कृति संरक्षण सम्बर्द्धन गर्नका लागि भाषा-जातिगत संग्रहालय स्थापना गरी तिनीहरु मार्फत तत्तत् विषयको साक्षरता सिप विकास गरिनेछ ।
- साक्षरोत्तर शिक्षालाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग सम्बन्धित गराइनेछ ।
- अनौपचारिक शिक्षा केन्द्र र इकाइलाई मार्गदर्शन गर्न समितिको व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा अनौपचारिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण र वितरण प्रक्रिया व्यवस्थित गर्ने ।
- नागरिक समाज, आमा समूह, बालक्लब ।
- युवाक्लब, युवा सुचना केन्द्र तथा अन्य स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी पालिका स्तरीय स्वयम् सेवा तथा साक्षरता अभियान  अभियान सञ्चालन गरिनेछ ।
- अनौपचारिक शिक्षा सञ्चालन, अनुगमनका लागि स्वयंसेवक तथा सहयोगीलाई तालिम दिई परिचालन गरिनेछ ।
- माग र आवश्यकतामा आधारित सघन कार्यक्रम सञ्चालन गरिनेछ ।
- साक्षरता कक्षामा सहभागीले जुन सत्र, कक्षा वा तह पूरा गर्छ सोको प्रमाणपत्र दिइनेछ ।
- गाउँपालिकामा अनौपचारिक शिक्षा कोषको प्रयोग गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

- पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न स्थानीय तहका वडास्तरमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गरिनेछ ।
- सामुदायिक सुचना केन्द्र तथा सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको केन्द्र बनाइनेछ ।
- समुदायमा रहेका नवसाक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिनेछ ।

**कार्यक्रम**

- आधारभूत साक्षरता शिक्षा
- साक्षरोत्तर शिक्षा
- निरन्तर तथा जीवनपर्यन्त शिक्षा
- मौखिक साक्षरता सचेतना
- साक्षरता अभियान
- स्थानीय सरोकारवालाहरु सँग समन्वय र सहकार्य लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन
- साक्षरता सिप प्रमाणिकरण
- वैकल्पिक शिक्षा
- दूर शिक्षा तथा खुला शिक्षा
- टेलिभिजन, रेडियो तथा ई–पत्राचार शिक्षा
- आयआर्जन तथा पेसागत एवम् व्यवसायिक कार्यक्रम
- भाषा/जातिगत संग्रहालय स्थापना तथा विकास कार्यक्रम
- कृषि, पशुपालन, माछापालन, माहुरी पालन, जडिबुटी, तरकारी, च्याउ, बेत, बाँस, आदी
- परम्परागत धार्मिक तथा जातीय सिपलाई समन्वय गर्ने कार्यक्रम
- योजना निर्माण तथा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन संयन्त्र विकास साक्षर अभियान
- पालिकामा अनौपचारिक शिक्षा कोष स्थापना तथा सञ्चालन
- सबै वडाहरुमा कम्तिमा १-१ वटा सूचना केन्द्र तथा सञ्चार प्रविधियुक्त पुस्तकालय स्थापना
- सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा केन्द्रमा विकास
- स्थानीय तहमा अनौपचारिक शिक्षाका संरचनात्मक संयन्त्र निर्माण

### ३.५.७ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

यस योजनाको अन्त्यसम्ममा सबै वडा तथा गाउँपालिकाको समन्वय र सहकार्यमा आगामी १० बर्ष भित्र साक्षरता सूचक सहित पुर्ण साक्षर गाउँपालिकाको पूर्ण कार्यान्वयन हुने छ ।

योजना अवधिभर यो गाउँपालिका साक्षर भएको हुनेछ । स्थानीय स्तरमा अनौपचारिक शिक्षा सम्बन्धी संरचनात्मक संयन्त्र तयार हुनेछ। साक्षारोत्तर कक्षाहरु आयआर्जन क्रियाकलापहरुसँग जोडिएको हुनेछ । योजनाको अवधीमा पालिकाको साक्षरतादर, भर्नादर, औषत आयु, शिशु स्याहार र पोषण खाद्य सुरक्षाका सूचकहरु बढेका हुनेछन भने गरिबी, बेरोजगारी, बाल मृत्युदर घटाउन अनौपचारिक शिक्षाले सहयोग पुर्याएको हुनेछ ।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| २ | निरक्षर व्यक्तिहरुका लागि साक्षरता कक्षा संचालन गर्ने। | संख्या | ✓ | ✓ | | | | | स्थानीय |
| ३ | स्थानीय माग तथा आवश्यकताका आधारमा सिकाई केन्द्र थप गर्ने | संख्या | ✓ | ✓ | | | | | स्थानीय |
| ४ | सामुदायिक सिकाई केन्द्रमा सुचना तथा प्रविधिको विकास गर्ने | संख्या<br>संख्या | ✓ | ✓ | ✓ | | | | स्थानीय तह, प्रदेश, संघ<br>स्थानीय तह, प्रदेश, संघ |
| ५ | सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गर्ने | संख्या | ✓ | ✓ | | | | | |
| ६ | अनौपचारिक तथा प्रौढ कक्षाका लागि अनुदानको व्यवस्था | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, प्रदेश, संघ |
| ९ | वडा तहमा सूचना केन्द्र तथा पुस्तकालय स्थापना | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, |
| १० | स्थानीय तहमा अनौपचारिक शिक्षा इकाई गठन । | संख्या | ✓ | ✓ | | | | | स्थानीय तह, |
| ११ | आयआर्जन तथा पेशागत एवम् व्यवसायिक कार्यक्रम । | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |
| १२ | पाठ्यक्रम, पुस्तकालय तथा सिकाई सामग्री विकास र वितरण । | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |
| १३ | उत्कृष्ट सहभागि शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार । | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, |

| क्र.ःस | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागीता |
| १ | निरक्षरहरुको विवरण संकलन तथा आजीवन सिकाईका डाटा तयार गर्ने | ३०० | १०० | १०० | १०० | ५० | ५० | √ | √ | √ | | |
| २ | निरक्षर व्यक्तिहरुका लागि साक्षरता कक्षा संचालन गर्ने। | ६०० | २०० | २०० | २०० | २०० | ४०० | √ | √ | √ | | |
| ३ | स्थानीय माग तथा आवश्यकताका आधारमा सिकाई केन्द्र थप गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | √ | √ | √ | | |
| ४ | सामुदायिक सिकाई केन्द्रमा सुचना तथा प्रविधिको विकास गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | √ | √ | √ | | |
| ५ | सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गर्ने | ३०० | १०० | १०० | १०० | | | √ | √ | √ | | |
| ६ | अनौपचारिक तथा प्रौढ कक्षाका लागि अनुदानको व्यवस्था | ६०० | १०० | १०० | १०० | १०० | २०० | √ | √ | √ | | |
| ७ | वडा तहमा सूचना केन्द्र तथा पुस्तकालय स्थापना | ६०० | १०० | १०० | १०० | १०० | २०० | √ | √ | √ | | |
| ८ | स्थानीय तहमा अनौपचारिक शिक्षा इकाई गठन । | २५० | ५० | ५० | ५० | ५० | ५० | √ | √ | √ | | |
| ९ | आयआर्जन तथा पेशागत एवम् व्यवसायिक कार्यक्रम । | ५०० | १०० | १०० | १०० | १०० | १०० | √ | √ | √ | | |
| १० | पाठ्यक्रम, पुस्तकालय तथा सिकाई सामग्री विकास र वितरण | ७०० | २०० | २०० | १०० | १०० | १०० | √ | √ | √ | | |
| ११ | उत्कृष्ट सहभागि शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार | ३०० | १०० | ५० | ५० | ५० | ५० | √ | √ | √ | | |
| | **जम्मा** | ५६५० | ११५० | ११५० | १०५० | ९५० | १३५० | | | | | |

## परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम सबै प्रकारका विषयवस्तु र योजनाको एक प्रारम्भिक दस्तावेज हो। शिक्षाका उद्देश्यहरु, उपलब्धी, आदत, व्यवहार र अनुभवलाई उच्चतम विन्दुमा कार्यक्रम संचालन गरि लागु गर्ने बाटोको रुपमा पाठ्यक्रमलाई लिईन्छ। नेपालमा शिक्षाको इस्तीहार १९९६ देखी नै पाठ्यक्रम शिक्षण सिकाई प्रक्रियाको सहयोगी सामग्रीको रुपमा प्रयोग गरिएको पाइन्छ। रा.शि.प.यो. २०२८ का अनुसार पाठ्यक्रम भनेको शिक्षाको राष्ट्रिय उदेश्य प्रासिका लागी बनाइएको एक शैक्षिक कार्यक्रम हो भनि परिभाषित गरिएको छ।

पाठ्यक्रम उदेश्य, विषयवस्तु, क्रियाकलाप, मुल्यांकन मिली वनेको एक शैक्षिक योजना हो। नेपालको सन्दर्भमा प्रयोग गरिएका उद्देश्य, विषय वस्तु, शिक्षण सिकाइ क्रियाकलाप, मुल्यांकन आदी मुख्य तत्वहरुलाई केन्द्रमा राखी केन्द्रीय सरकार देखी स्थानिय तहसम्म विभिन्न तहका पाठ्यक्रम निर्माण गरेको पाइन्छ। राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ तथा आधारभुत पाठ्क्रम २०७६ ले आधारभुत तह(कक्षा १ देखि ३) मा मातृभाषिक सिप र स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्भार ५ र वार्षिक पाठघण्टा १६० र कक्षा ४ देखि ८ सम्ममा मातृभाषा वा अन्य कुनै विषयवस्तु नामाकरण गरी पाठ्यभार ४ र पाठघण्टा १२८ तोकेको छ ।

### ४.१.२ वर्तमान अवस्था

विद्यमान राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा आधारभुत पाठ्क्रम २०७६ ले दिशानिर्देश गरे अनुसार त्रिपुरासुन्दरी गाउँपालिकाले पनि आफ्नो ५ वर्षे गाउँ शिक्षा योजनामा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी समाज सुहाउदो आवश्यकतामुखी स्थानीय पाठ्क्रम तथा पाठ्यपुस्तक तयार गर्ने योजना बनाएको छ। जसमा स्थानीय स्तरका कला, संस्कृती, प्रविधि, भेषभुषा, रीतिरिवाज आदीलाई समेटी आफ्नो दिर्घकालिन रणनितिक योजना वनाएको छ। हाल यस गाउँपालिकाले कक्षा १ देखि ८ सम्मको स्थानीय विषयको पाठ्यक्रम निर्माण सम्पन्न भैसकेको छ। सबै कक्षाको पाठ्यपुस्तक निर्माण गर्नै योजना रहेको र कक्षा ६ देखि ८ सम्मको स्थानीय विषयको पाठ्यक्रम सँग सम्बन्धित सन्दर्भ सामाग्री निर्माण गर्ने योजना प्रस्तावित गरिएको छ।

### ४.१.३ उद्देश्यहरुः

- यस क्षेत्रको धर्म, संस्कृति, रितिरिवाज, चालचलन, ऐतिहासिकता, भौगोलिकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नु।
- स्थानीय परिवेश र पाठ्यक्रम सुहाउदो शैक्षिक सामग्री निर्माण गर्नु।
- स्थानिय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण गरि लागु गर्नु।

- निरन्तर आवधिक तथा स्तरिकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु
- पाठ्यक्रममा आधारीत शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु

### ४.१.४ रणनीति

- स्थानीय आश्यकता सम्वोधन हुने स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गर्ने।
- समयमै पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरु वितरण गर्ने।
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु उत्पादन र प्रयोगमा जोड दिने।
- पाठ्यक्रम पाठ्यपुस्तक प्रवोधिकरण गरिने छ ।
- स्थानीय पाठ्यक्रम परिमार्जनका लागि कार्यदल तथा विज्ञ समुह निर्माण गरी कक्षा ६-८ को सन्दर्भ सामाग्री निर्माण र कक्षा १-५ को पाठ्यपुस्तक निर्माण गर्ने।
- निर्माण गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण गर्ने।
- स्थानीय भुगोल, रीतिरिवाज, धर्म, संस्कृति आदिका जानकार व्यक्तिहरुसँग स्थानीय पाठ्क्रममा आधारित सामग्री उत्पादनका लागि अन्तरक्रिया र तालिम सञ्चालन गर्ने।
- क्षेत्रगत विज्ञ समुह परिचालन गरी पाठ्यक्रम, पाठ्यपुस्तक प्रबोधिकरण सम्बन्धी कार्यशाला तथा तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

आ) नतिजा

क) पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,

ख) पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,

ग) सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,

घ) पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने,

ङ) सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,

च) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।

## इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखिकरण | सङ्ख्या | ३० | | | | | ३० | | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजिगि तालिम | सङ्ख्या | | | ३० | | | ३० | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ३ | शिक्षक पेसागत सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग | वटा | २ | ४ | ३ | ४ | ५ | १८ | | विद्यालय,सरकार |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १० | माध्यम भाषाको रुपमा मातृभाषको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | | | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | | | १ | | २ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक व्यवस्थापन भनेको शिक्षकलाई समय सान्दर्भिक, पूर्ण प्रतिस्पर्धात्मक र निश्पक्ष रुपमा शिक्षक छनौट, पेशाप्रति आकर्षण र पूर्ण उत्तरदायी, शिक्षण क्रियाकलापमा जिम्मेवार, शिक्षकको क्षमता विकास तथा शिक्षक सहयोग गरी गुणस्तरीय शिक्षा प्रदानका लागि व्यवस्थापन गर्नु हो। सबै तहको शिक्षामा योग्य, दक्ष, र पेशा प्रति समर्पित शिक्षक भए मात्र शिक्षाको गुणस्तर बढ्न सक्छ ।यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारि हुन आवश्यक छ ।नेपालमा विभिन्न समयमा गठित आयोग तथा तिनिहरुको प्रतिवेदनले समेत शिक्षक व्यवस्थापनको आवश्यकतालाई औंल्याएका छन् । यस गाउँपालिकामा पनि शिक्षक व्यवस्थापन र विकासको पक्ष निकै जटिल बनेको छ । पालिका भित्र रहेका सबै विद्यालयमा पर्याप्त शिक्षक दरबन्दीको अभाव रहेको छ । माथिल्लो तहमा तल्लो तहका शिक्षकहरुले नै धानिरहनु परेको अवस्था छ भने प्रविधिमैत्री र सूचना प्रविधिमा पहूँच भएका शिक्षकहरुको संख्या अत्यन्त न्युन छ जसका कारणले शैक्षिक गुणस्तर वृद्धि हुन सकिरहेको छैन भने शैक्षिक तथ्याङ्क अद्यावधिक र सम्प्रेषण, सूचनाको आदान प्रदानमा समेत प्रत्येक्ष असर परिरहेको छ । यस्ता विविध समस्याहरुको समाधानका लागि गाउँपालिकाले आफ्नो स्रोत र साधनको अधिकतम उपयोग गरि शिक्षक व्यवस्थानप र विकासका लागि यो योजना निर्माण गरेको छ ।

### ४.२.२ वर्तमान अवस्था

**गाउँपालिकामा कार्यरत शिक्षकहरुको विवरण**

| तह | स्थायी | अस्थायी करार | राहत/अनुदान | संघीय/प्रदेश अनुदान | गाउँपालिका अनुदान |
|---|---|---|---|---|---|
| वालविकास | | | | २३ | ६ |
| आधारभुत तह | ५३ | १८ | ३८ | २ | ३१ |
| माध्यमिक तह | ३ | ० | ११ | ६ | ५ |
| जम्मा | ५६ | १८ | ४९ | ३१ | ४३ |

### ४.२.३ उद्देश्यहरुः

- आवश्यक सङ्ख्यामा विषयगत दरबन्दिको व्यवस्थापन गर्नु।
- विद्यार्थीको संख्यालाई विशेष आधार मानी शिक्षक दरबन्दीमा मिलान गर्ने।
- योग्यता, क्षमता र कार्यदक्षताका आधारमा विद्यालयमा प्र.अ.को व्यवस्थापन गर्ने।
- आवश्यकता र मागको आधारमा शिक्षकलाई तालिम प्रदान गर्नु।
- शिक्षकलाई पेशाप्रति आकर्षण हुने वातावरणको सुनिश्चतता गर्नु।
- विद्यालयमा अनुगमन र मूल्यांकन प्रणालीमा जोड दिनु।

- सम्पूर्ण शिक्षक कर्मचारीलाई प्रोत्साहन स्वरुप थप सेवा सुविधा प्रदान गर्ने।
- शिक्षण सिकाइ क्रियाकलापमा सूचना र प्रविधिको अधिकतम प्रयोग गर्ने।
- शैक्षिक सामग्री निर्माण तालिम र निर्माणका लागि आवश्यक सामाग्री उपलब्ध गराउने।

### ४.२.४ **रणनीति**

- शिक्षक दरबन्दीको वितरण तथा समायोजन गरिनेछ।
- शिक्षकहरुको क्षमता अभिवृद्धिमा जोड दिइनेछ।
- सबै विद्यालयहरुमा मापदण्ड अनुसार प्रधानाध्यापकहरु व्यवस्थापन गरिनेछ।
- शिक्षण पेशालाई प्रविधिमैत्री बनाइनेछ।
- मुल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ।
- शिक्षकहरुको पेशागत सुरक्षा गरिनेछ।
- विद्यार्थी सङ्ख्याको अधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्ने।
- कक्षागत र विषयगत शिक्षक दरबन्दी सृजना गरिनेछ।
- शिक्षकको पेशागत क्षमता वृद्धि गर्न आवश्यकता तथा मागमा आधारित तालिमको व्यवस्था गर्ने।
- योग्यता र क्षमताका आधारमा प्रधानाध्यापकहरुको नियुक्ति गर्ने।
- हरेक विद्यालयमा इन्टरनेटको व्यवस्थापन गर्ने।
- एक शिक्षक एक ल्यापटप कार्यक्रम लागु गर्ने।
- विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्था गर्ने।
- समय समयमा विद्यालयमा अनुगमन तथा सुपरीवेक्षण गरी मुल्याकन प्रणालीलाई थप मजबुत पार्ने।
- शिक्षक उपदानको व्यवस्था गर्ने
- वृत्ती विकासमा जोड दिने।

### ४.२.५ **उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धी**

- सक्षम शिक्षक सहितको गुणस्तरीय शिक्षा
- शिक्षकको क्षमता विकास तथा कार्यदक्षतामा वृद्धि गरी प्रभावकारी शिक्षण तथा शिक्षाको गुणस्तर सुधार

**नतिजा**

- न्युनतम योग्यता तथा सक्षमताको कार्यान्वयन

- शिक्षक व्यवस्थापनको सुदृढीकरण
- शिक्षकको दरबन्दी मिलान
- शिक्षकको उपस्थिति तथा कार्य सम्पादनमा सुधार भएको
- शिक्षकको पेशागत क्षमता विकास भएको
- विज्ञ समूहबाट पेशागत सहयोग
- विषयगत र कक्षागत सक्षमताहरु हासिल भएको

**कार्यक्रमहरु**

- तथ्याङ्क संकलन
- दरबन्दी मिलान/सृजना
- शिक्षक तालिम तथा पेशागत सहयोग विकास
- अन्तर विद्यालय अवलोकन
- पेशागत विकास तालिम
- विज्ञ समुहबाट पेशागत सहयोग
- नमुना विद्यालय भ्रमण

**५ वर्षको लक्ष्य**

- निर्धारित मापदण्ड बमोजिम विद्यार्थीको संख्या अनुसार विषयगत तथा कक्षागत दरबन्दी पुरा
- सबै शिक्षकहरुलाई पेशागत  सहयोग तथा पुनर्ताजगी तालिम दिने
- वार्षिक अन्तरविद्यालय भ्रमण
- नियमित पेशागत सहयोग तालिम

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | | १ | २ | २ | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | विद्यालयमा आधारित शिक्ष क पेसागत सहयोग | पटक | १ | | १ | | १ | ३ | ३ | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने समान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुदैन । यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो । यस नगरपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राम्हण, क्षेत्री, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरुको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमा पछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास रहेको समुदाय छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैगिक विभेद विद्यमान छ । बालबालिकाहरु विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको समाज रहेको छ । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरुदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ । यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ ।

आर्थिक अवस्था कमजोर भएका, पिछडिएका, अपांगता भएका तथा सिमान्तकृत बालवालिकाको पढाई सुधारका लागि विशेष कार्यक्रम तथा योजाको आवश्यकता रहन्छ।यस्ता बालबालिकले अधिकांश समय घरमा बाबुआमा लाई उनिहरुको काममा सघाउने, कमजोर आर्थीक अवस्थाका कारण विद्यालय नजाने, घरमै समय विताउने गर्दछन । उनीहरु विद्यालयमा नियमित विद्यालय उपस्थित हुँदैनन् । यसकारण विद्यालयमा पनि बालवालिकाको पढाईका लागि विशेष वातावरण सिर्जना गरिदिनु पर्दछ।उनीहरुलाई विद्यालय आउने वातावरण तयार गर्नु पर्दछ जसका लागि अभिभावकहरुलाई अभिमुखिकरण गर्ने तथा बालबालिकालाई पर्याप्त मात्रमा पढाई सामग्रीको व्यवस्थापन र अन्य सुविधाहरु प्रदान गरिनु पर्दछ। समुदाय स्तरमा पनि पढाईलाई प्रोत्साहन गरी समुदायमा बालबालिकालाई पढ्ने निश्चित ठाउँको व्यवस्था गरी आवश्यक सामग्रीको प्रवर्द्धन गरीदिनु पर्दछ, विशेष व्यवस्था जस्तै छात्रवृत्तिको व्यवस्था, शैक्षिक सामाग्री आदीको व्यवस्था गर्न सकेमा मात्र बालबालिकाले पठन सीपसंगै समग्र शैक्षिक उपलब्धी हासिल गर्न सक्दछन।

### ४.३.२ वर्तमान अवस्था

त्रिपुरासुन्दरी गाउँपालिकामा सिमान्तकृत, पिछडिएका कमजोर आर्थिक अवस्था भएका बालबालिकाको संख्या धेरै रहेको छ । धेरैजसो अभिभावकहरु आफ्ना बालवालिकाको शैक्षिक प्रगति बुझ्न अभिभावकहरु विद्यालय सम्म पुगेर शिक्षकहरुसंग छलफल गरेको अभ्यास देखिदैन नत विद्यालयले नै अभिभावकलाई सम्पर्क गरी छलफल गरेको देखिन्छ। वर्षमा केही पटक अभिभावक भेला भई छलफल गरिएता पनि त्यस बाहेका विद्यालय तथा समुदाय स्तरमा कमजोर वर्गका बालालिकालाई पढ्ने वातारण सिर्जना गर्ने विषयमा छलफल भई योजना बनाइएको पाइदैन। कमजोर बर्गका अभिभावकहरुले आफ्ना बालवालिका विद्यालयमा पढाई दिने शिक्षकको जिम्मेवारी हो भनी पन्छिने गरेको देखिन्छ। जबकि बालवालिकाको समग्र शैक्षिक उपलब्धी वृद्धि तथा सुधार गर्नका लागि अभिभावक तथा शिक्षकहरुको बराबार जिम्मेवारी रहेको छ। त्यसैगरी विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले पनि अपांगता भएका कमजोर आर्थिक अवस्था भएका वर्गका बालबालिकाहरुलाई विद्यालयको क्रियाकलापमा सहभागीता गराउने तथा उनीहरुलाई सहयोग पुग्ने कुनै कार्यक्रम गर्न सकिरहेको देखिदैन। विद्यालय सुधार योजनामा भौतिक पक्षलाई धेरै प्राथमिकता दिई योजना तयार गरेको पाइन्छ जबकि कम बजेट लाग्ने तर धेरै नतिजा देखिने कार्यक्रम समावेश गरिएको हुदैन। यस्तो अवस्थामा बालबालिकाको शैक्षिक सुधारका लागि समुदायको कमजोर वर्गका बालबालिका, अपांगता भएका बालबालिका तथा समावेशीतालाई ख्याल गर्नु जरुरी देखिन्छ। यसकारण यस गाउँपालिकाले विद्यालय तथा समुदाय स्तरमा रहेका सिमान्तकृत, पिछडिएका वर्ग र समुदायमा अपांगता भएका बालबालिकाको शिक्षाको गुणस्तर सुधार्न, सिकाईलाई निरन्तरता दिन र उनीहरुलाई विशेष व्यवस्था गर्नका लागि १० वर्षे शिक्षा योजनामा कमजोर वर्ग र समावेशीतालाई सम्वोधन गरिएको छ।

### ४.३.३ उद्धेश्यहरुः

- शिक्षामा समतामुलक पहुँच पुऱ्याउनु
- सिकाईमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरि गुणस्तर सुनिश्चित गर्नु
- समुदाय र विद्यालयमा हुने सबै प्रकारका दुर्व्यवहार र विभेदलाई न्युनिकरण गर्नु
- कमजोर वर्गका बालबालिकाको समग्र शैक्षिक उपलब्धी वृद्धि गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्नु ।
- समावेशीताका आधारमा परिवार तथा समुदाय स्तरमा पढाईको वातावरण सिर्जना गर्नु।

### ४.३.४ रणनीति

- घरधुरी सर्भेक्षण गरि बालबालिकाहरुको यथार्थ विवरण संकलन गरि अद्यावधिक गर्ने

- सबै प्रकारका विद्यालयमा अपाङ्गमैत्री तथा बालमैत्री भौतिक संरचान निर्माण गर्ने
- साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने फरक क्षमता भएका बालबालिकाका लागि स्रोत कक्षाको व्यवस्था गर्ने
- समतामुलक पहुँचका लागि बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने
- कमजोर वर्गका अभिभावक रहेका समुदायमा त्यस्ता अभिभावकको क्षमता अभिवृद्धि गरी बालवालिकाको समग्र शैक्षिक उपलब्धी वृद्धि तथा पठनसीप वृद्धि गर्नका लागि तालिम तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिने छ।
- बिद्यालय र समुदाय वीच सहकार्यका लागि शिक्षक अभिभावकसंघको संयोजकत्वमा समिति निर्माण गरी बालबालिकाको शैक्षिक उपलब्धीका बारेमा अन्तरक्रिया संचालन गरिने छ।
- अभिभावक शिक्षा मार्फत बालवालिकाप्रति हुने विभेद अन्त्य गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- विदा तथा खाली समयमा बालबालिकाको पढ्ने वातावरण सिर्जना गर्नका लागि घुम्ती पढाई शिविर तथा कोचिङ कक्षा संचालन गरिने छ ।
- शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बिद्यार्थी वीच बालबालिकाको समग्र सिकाई उपलब्धीको अवस्थाका बारेमा अन्तरक्रिया गरिने छ।

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

समाजमा पछाडी परेका, सामाजिक तथा आर्थिक रुपमा कमजोर, अपाङ्गता भएका, अभिभावक विहिन बालबालिकाहरुको विद्यालयमा समतामुलक पहुँच भएको हुने ।

**नतिजाः**

- सामाजिक विभेद सम्बन्धमा अभिभावकहरुको सचेतना वृद्धि भई समतामुलक सामाजिक वातावरण निर्माण भएको हुने।
- अपांगमैत्री भौतिक संरचनाहरुको निर्माण भएको हुने।
- अपांगता भएका, अभिभावक विहिन र सिमान्तकृत बालबालिकाहरुको अभिलेख गाउँपालिकामा हुने
- विद्यालय तह तथा समुदाय स्तरमा बालबालिकाको शैक्षिक उपलब्धीको बारेमा छलफल भएको हुने।
- समुदाय स्तरमा घुम्ती कक्षा संचालन भएको हुने।
- समुदाय स्तरमा पुस्तकालयको स्थापना भएको हुने।

- बालबालिकाको शैक्षिक उपलब्धी बुझ्न अभिभावकहरुले विद्यालयको भ्रमण गरेको हुने।
- विपन्न तथा कमजोर बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको हुने।

## कार्यक्रम वा क्रियाकालाप कार्यान्वयन तालिका

| क्र सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | लक्ष्य १० वर्षे | कौफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अभिभावकलाई भेदभाव न्युनीकरण सम्बन्धि अभिमुखीकरण गर्ने | वर्षमा १ पटक | | | | | | ५ | |
| २ | सिकाई समुह गठन गरी परिचालन गर्ने | वर्षमा १ पटक | | | | | | ५ | |
| ३ | विभिन्न क्षमता भएका बालबालिकाहरुको तथ्याङ्क अध्यावधिक गर्ने | वर्षमा १ पटक | | | | | | ५ | |
| ५ | अभिभावक सँग बालवालिकाको सिकई उपलब्धीका बारेमा छलफल गर्ने | वर्षमा १ पटक | | | | | | ५ | |
| ६ | पढ्नका लागि पुस्तकालयमा बालवालिकाको पहुच वृद्धि गर्ने | निरन्तर | | | | | | निरन्तर | |
| ७ | समुदाय स्तरमा पढाई शिविर संचालन गर्ने | वर्षमा १ पटक | | | | | | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | कमजोर आर्थीक अवस्थाका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने | वर्षमा १ पटक | | | | | | ५ | |
| ९ | विशेष आवश्यकता भएका बालबालिकाको लागि स्रोतकक्षाको व्यवस्था | निरन्तर | | | | | | निरन्तर | |
| १० | विभेद अन्त्यका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | वर्षमा १ पटक | | | | | | ५ | |

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (५ बर्ष)** | | | | | | **भौतिक लक्ष्य (१०बर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८३/८४ | २०८४/८५ | **जम्मा** | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | १ | | १ | | १ | ३ | ५ | |
| ३ | लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५० | |
| ४ | सबै प्रकारका विभेदको अन्त्यकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | १ | | २ | १० | |
| | कमजोर आर्थीक अवस्थाका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने | संख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| | विभेद अन्त्यका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| | विभिन्न क्षमता भएका बालबालिकाहरुको तथ्याङ्क अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| ६ | बालिका तथा समावेशी शिक्षा रणनीति २०८० र व्यवस्थापन सम्बन्धी मापदण्ड २०८० कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाईसँग स्वास्थ्य तथा पोषणका अवस्थाका प्रत्यक्ष सम्बन्ध रहेको हुनेछ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाई सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाई तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाई तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाई उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ बराबरको खाजा खुवाउदै आएकोमा आ.व.२०८२/०८३ बाट प्रति विद्यार्थी प्रति दिन रू. २० बराबरको खाजा खुवाउन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ ।

### ४.४.२ बर्तमान अवस्था

गाउँपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ । सबै विद्यालयको लागि प्राथमिक उपचार सामाग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रभावकारी रुपमा वितरण गरिएको छ । हाल गाउँपालिका अन्तरगतका २९ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ । जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरु धेरै लाभान्वित भएका छन् ।

### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता

सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

क) बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा पकाउने भान्सा तथा भण्डारमा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,

ख) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग–अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

ग) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

घ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

ङ) दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

आ) नतिजाहरू

क) विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ

।

ख) दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

ग) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

घ) सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ ।

ङ) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त खानेपानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग—अलग शौचालय तथा युरिनल, किशारीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

छ) विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफयत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| २ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालयहरूमा सेनेटरी प्याड लगायत सफाईका सामग्रीहरूको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा सरसफाईको लागि साबुन पानी लगायतका , सामाग्रीहरूको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | दिवा खाजाको लागि आवश्यक सामाग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | आवश्यकता अनुसार | |
| ८ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्युनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विभिन्न किसिमका महामारी द्वन्द तथा प्राकृतिक प्रकोपमा समेत बालबालिकाको सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै सिकाईलाई निरन्तरता दिने बैकल्पिक उपाय सहितको शैक्षक कार्यक्रमलाई आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । आपतकालिन र संकटपूर्ण अवस्था कुन बेला र कहिले आउँछ भन्ने कुरा कसैलाई थाहा नहुने हुनाले सिकाइलाई निरन्तरता दिने र पूर्व तयारी सहित वैकल्पिक व्यवस्था गर्न यसलाई शिक्षा योजनामा समावेश गरिएको हो। विगतमा बिभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालिन समस्याहरु भोग्दै आइरहेको छ । जसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षा क्षेत्रमा परिरहेको छ ।

### ४.५.२ वर्तमान अवस्था

विशेष गरि वि. स. २०७२ सालको भुकम्प र विगत दुई/तीन वर्ष देखि देखा परेको कोभिड १९ को कारण शिक्षा क्षेत्रमा ठुलो असर पारेको छ । यी विभिन्न आपतकालिन अवस्थालाई मध्येनजर गर्दै शिक्षा क्षेत्रमा सुरक्षित शिक्षण सिकाइ वातावरण निर्माण गर्नका लागि यस गाउँपालिकाले १० वर्षे शिक्षा योजनामा आपतकालिन तथा संकटपुर्ण अवस्थाबाट जोगिने र शिक्षालाइ निरन्तरता दिने तथा वैकल्पिक विधिको माध्यमबाट शिक्षाको विकास गर्ने गरी योजना बनाएको छ ।

### ४.५.३ उदेश्यहरु

- संकटको सम्भावित जोखिममा रहेका विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पुर्व सावधानी अपनाई सम्भाबित क्षति न्युनिकरण गर्नु ।
- विपद प्रतिकार्य योजना बनाइ लागु गर्नु ।
- विपद तथा संकटपूर्ण अवस्थामा पनि बालवालिकाको लागि सिकाइ वातावरण तयार गर्नु ।
- विपद उत्थानशील विद्यालयहरुको भौतिक संरचना निर्माण तथा प्रबलिकरण गर्नु ।

### ४.५.४ रणनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| विद्यालयका भौतिक संरचना विपद रहित निर्माण गरिनेछ । | गाउँपालिका भित्रका विद्यालयहरुका भौतिक संरचनाहरुको प्रबलीकरण गर्ने।<br>नयाँ भवनहरु भुकम्प प्रतिरोधी मात्र निर्माण गर्ने। |
| खतरा पहिचान तथा जोखिमयुक्त भवनहरुको नक्साङकन गरिनेछ । | दक्ष तथा प्राविधिक जनशक्तिमार्फत सबै क्षेत्रका विद्यालयहरुको नक्साङकन गर्ने<br>जोखिमयुक्त भवनहरुको तत्काल प्रबलिकरण कार्य सुरु गर्ने |
| विपदको अवस्थामा शिक्षालाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। | यसका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| | वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।<br>E-learning सिकाई सञ्चालन गर्ने। |
| उद्धार तथा राहतका कार्यक्रमहरु सञ्चालन गरिने छ। | प्रत्येक विद्यालयमा आपतकालिन कोषको व्स्था गर्ने ।<br>विपद व्यवस्थापनका लागिप्रत्येक वडामा आपतकालिन संयन्त्रको निर्माण गर्ने ।<br>विपदवाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतनाका कार्यक्रम सञ्चालन गर्ने। |

## ४.५.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

| उपलब्धी | नतिजा | कार्यक्रमहरु | १० वर्षको लक्ष्य | पुस्ट्याइका आधारहरु |
|---|---|---|---|---|
| विद्यालय विपद उत्थानशील भौतिक संरचनानिर्माण तथा सुविधाको व्यवस्था | विद्यालयका भौतिकसंरचना विपद उत्थानशील भएको<br>विद्यालयमा विपदकासमयमा प्रतिकार्य गर्नको लिग द्रुत गतिको प्रतिकार्य समिति गठन<br>विद्यालयमा आपतकालिन कोषको व्यवस्था भएको<br>विद्यालयमा प्राथमिकउपचार तथा उद्धार गर्नेसामग्रगीको व्स्था भएको | भौतिक निर्माण<br>विपद जोखिम न्युनिकरण विषयको सिकाई बाल क्लबको क्षमता विकास गरी परिचालन गर्ने<br>विपद प्रतिकार्य योजना निर्माण गर्ने र त्यसका लागि क्षमता विकास गर्ने । | भुकम्प प्रतिरोधी विद्यालय भवनहरु निर्माण<br>सबै विद्यालयलाई सरसफाइका सामग्री उपलब्ध गराउने<br>अभिभावकलाई खानेपानी तथा सरसफाईका वारेमा जनचेतना प्रदान गर्ने । | विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन,<br>इमिस प्रतिवेदन |
| आपतकालिन तथा संकटपुर्ण अवस्थामा पनि वैकल्पिक सिकाइको व्यवस्था भएको | वैकल्पिक विधिको माध्यमबाट शिक्षण सिकाइ भएको<br>घुम्ती तथा टोल शिक्षा भएको हुने | वैकल्पिक शिक्षणका लागि शिक्षकलाई तालिम<br>अभिभावक शिक्षाका लागि शिक्षकको क्षमता विकास गर्ने ।<br>अवश्यकता अनुसार घुम्ती कक्षा सञ्चालनका लागि सहयोग गर्ने । | सबै विद्यालयका किशोरीहरुलाइ स्यानीटरी प्याड उपलब्धताको सुनिश्चितता र व्स्थापनका लागि तालिम उपलब्ध गराइने | सामाजिक परीक्षण प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| | घरमा कक्षा सञ्चालन भएको | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालिन लक्ष्य | दिर्घकालिन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वि व्य स शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | सबै वि व्य स | २० | २५ | संघीय प्रदेश तथा स्थानीय सरकार गा. पा. | |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | सबै विद्यालय | २९ | २९ | | |
| ३ | जोखिम नक्साङ्कन गर्ने | सबै विद्यालय | २५ | २५ | | |
| ४ | विद्यालयमा आपतकालिन कोषको स्थापना गर्ने | सबै विद्यालय | २५ | २५ | | |
| ५ | प्राथमिक उपचार सम्बन्धी स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्ने | सबै विद्यालय | २५ | २५ | | |
| ६ | विद्यालयमा सुचना प्रविधिको विकास गर्ने | सबै विद्यालय | १५ | ३५ | | |
| ७ | वैकल्पिक विधीको प्रयोग गरी सिकाइलाई निरन्तरता दिने | सबै विद्यालय | १५ | ३५ | | |
| ८ | निरन्तर तथा सुरक्षित सिकाइका लागि विद्यार्थी शिक्षक सम्मलित समिति गठन गरी परिचालन गर्ने | सबै विद्यालय | २५ | २५ | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क.सं.. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु.हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वि व्य स शिक्षक तथा | ५०० | १०० | १०० | | | १०० | संघ प्रदेश र | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीको क्षमता विकास गर्ने | | | | १०० | १०० | | स्थानीय सरकार | |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ३ | जोखिम नक्साङ्कन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ४ | विद्यालयमा आपतकालिन कोषको स्थापना गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ५ | प्राथमिक उपचार सम्बन्धी स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ६ | विद्यालयमा सुचना प्रविधिको विकास गर्ने | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | |
| ७ | वैकल्पिक विधीको प्रयोग गरी सिकाइलाई निरन्तरता दिने | | | | | | | | स्रोत नचाहिने |
| ८ | निरन्तर तथा सुरक्षित सिकाइका लागि विद्यार्थी शिक्षक सम्मलित समिति गठन | | | | | | | | स्रोत नचाहिने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरी परिचालन गर्ने | | | | | | | | |

इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (५ बर्ष)** | | | | | | **भौतिक लक्ष्य (१०बर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आपतकालिक संकटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थनीय सरकारको कार्यविधि विकास | पटक | १ | | | | | | | |
| २ | निर्देशनको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | | | | | | | | आवश्यकता अनुसार | |
| ३ | स्रोत शिक्षक तथा प्र लाई.अ. तालिम | पटक | १ | | | १ | | २ | २ | |
| ४ | विपद् पूर्व तयारी ,प्रतिकार्य , पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | | १ | | | १ | २ | २ | |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस गाउँपालिकामा कुल विद्यालय सामुदायिक विद्यालय तर्फ औषत भवन संख्या माध्यमिकमा ४ आधारभूत (कक्षा १ देखि ८) मा ३ र आधारभुत (कक्षा १ देखि ५) मा २ भवन रहेका छन । सबै सामुदायिक विद्यालयमा छात्रा शौचालय छन भने करिब २० विद्यालयमा महिला शिक्षक शौचालय छन । सबै विद्यालयमा आफ्नै खानेपानीको श्रोत रहेको छ भने सबैमा पानी शुद्धीकरणको व्यवस्था गरिएको छ । गाउँपालिका अन्तरगतका १० वटा विद्यालयमा पुस्तकालय, ६ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ७ विद्यालयमा कम्प्युटर प्रयोगशाला र सबै विद्यालयमा इन्टरनेट पुगेको छ । विद्यालयको भौतिक वातावरण तर्फ सबै विद्यालयमा स्टाफ कोठा, ५ विद्यालयमा स्टोर कोठा, २ विद्यालयमा खेलकुद कोठा साथै १० विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन । अधिकांश विद्यालयमो घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण समेत भएका छन । विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मरमत सम्भारको लागि केन्द्रबाट नियमित रुपमा सशर्त अनुदान लगायतबाट अनुदान प्राप्त

भईरहेको तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भईरहेको भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन:

- भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्रभावकारी भुमिका नहुनु ।
- पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु ।
- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।
- आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
- पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउनु ।

### ४.६.३ उद्देश्य

क) सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।

ख) पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउनु ।

### ४.६.४ रणनीतिहरू

क) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने,

ख) विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,

ग) विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाका घर लगायत सबैको योजना समावेश गरी डिजाइन गर्ने,

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने,

ङ) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने,

च) पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने,

छ) आंशिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गर्ने,

ज) विद्यालयको भवन तथा भौतिक पुर्वाधारलाई विपत जोखिम मुक्त, सुरक्षित र हरित बनाइने,

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने ।

## ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

अ) उपलब्धि

क) सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

आ) नतिजा

क) माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरुयोजना तयार हुने ।

ख) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।

ग) पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।

घ) पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।

ङ) पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।

च) विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने ।

छ) सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष ५ वर्ष | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ वर्ष | १० वर्ष |
| | | | | | | | | | |
| १ | भौतिक पुर्वाधार विकास योजना निर्माण | पटक | १ | | | | | १ | |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण खानेपानी), शौचालय, भवन, कम्पाउन्ड आदि( | सङ्ख्या | | १ | १ | | १ | ३ | |
| ३ | निर्माण भएका संरचनाको मर्मत सम्भार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | बालमैत्री प्रविधिमैत्री र समतामुलक भवन कक्षाकोठा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विज्ञ समुह मार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मुल्यांकन | पटक | आवश्यकता अनुसार | | | | | | |

## ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

कुनै पनि विषयका बारेमा प्रविधिको प्रयोग गरि जानकारि आदान प्रदान गर्ने प्रक्रिया वा माध्यम छिटो र प्रभावकारी हुन्छ। आधुनिक समयमा परम्परागत सूचना प्रणालीको अन्त्य गर्दै नवीन सूचना प्रविधिको विकास भइसकेको छ। विशेष गरी आधुनिक समयमा इन्टरनेट, कम्प्युटर, मोबाइल, भिडियो, कन्फेरेन्स कल आदिलाई प्रयोग गरी सूचना आदान प्रदान गरिने कार्यको विकास भइरहेको छ। वर्तमान समयमा शिक्षण सिकाई प्रक्रियामा पनि परम्परागत मान्यतालाई त्याग्दै नविनतम् प्रविधिको प्रयोग गरि विश्वमा विकास भएका ज्ञान सिपलाई हामी एक कोठा भित्र सिमित गर्न सक्छौ। जसको प्रयोगले गर्दा आज शिक्षण क्रियाकलापमा निकै सहज भएको छ। सुचना प्रविधिका कारण वर्तमान समयमा सबै क्षेत्रमा पहुँचमा वृद्धि सिकाईको सुनिश्चितता र गुणस्तरमा वृद्धि, रोजगारीका अवसर आदिमा निकै सहयोग पुर्याएको छ। सुचना प्रविधिको महत्व लाई मध्यनजर गरि त्रिपुरासुन्दरी गाउँपालिकाले शिक्षाको क्षेत्रमा सुचना र प्रविधिको विकास गर्नका लागी १० वर्षे रणनीतिक योजना तयार गरेको छ।

### ४.७.२ वर्तमान अवस्थाः

नेपाल सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सुचना सञ्चारका संरचनामा पहुच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षा तथा सञ्चार प्रविधि सम्बन्धि योजना कार्यान्वयन गर्ने उल्लेख गर्ने भनेको छ। यस्तै डिजिटल नेपालको कार्याढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा शिक्षा तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र शिक्षा तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धि क्षमता विकास गर्ने र सबैका लागि सुचना प्रविधिसम्बन्धि साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धक नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि नीतिहरु उल्लेख गरेको छ। उक्त नीतीमा सबै विद्यालयमा सुचना तथा प्रविधि सम्बन्धि संरचना तयार गर्ने इन्टरनेटको पहुँच पुर्याउने तथा सीपयुक्त जनशक्ति तयार पर्ने व्यवस्था गरेको छ। यस गाउँपालिकामा सुचना प्रविधि तथा सञ्चारको विकासका लागि तपशिल बमोजिमका चुनौतीहरु तथा अवसरहरु रहेका छन।

**अवसरहरु**

- शिक्षण सिकाई क्रियाकलापमा वृद्धि।
- नविनतम ज्ञनमा सहजै पहँच वृद्धि।
- बालमैत्री शिक्षणमा जोड।
- विभिन्न ICT सामग्रीको ज्ञान र सिपमा अभिवृद्धि
- विश्वव्यापी ज्ञानको पहुँच अभिवृद्धि।

- सूचना आदान प्रदानमा सहजता।

**चुनौतीहरुः**

- भौगोलिक विकटता
- विद्युतको अभाव
- आर्थिक अभाव ,
- इन्टरनेटको पहँच सबै वडाका विद्यालयमा नहुनु ,
- प्रविधि सम्बन्धि ऐन नियम कानुनको अभाव ,
- दक्ष शिक्षकको अभाव।

### ४.७.३ उदेश्यहरु

- विद्यालय तहमा शिक्षामा नविनतम प्रविधि मार्फत शिक्षण गर्नु।
- शैक्षिक सेवालाई सर्वसुलभ तथा प्रभावकारी बनाउन अनलाइन सिकाइको विकास तथा प्रयोगको सुनिश्चत गर्नु।
- नमुना विद्यालय छनौट गरि शैक्षिक सूचना केन्द्रका रुपमा विकास गर्न।
- सूचना तथा प्रविधिको विस्तार गरी प्रविधिमैत्री गाउँपालिकाको विकास गर्नु।

### ४.७.४ रणनीतिहरुः

- विद्यालयमा अधुनिक सुचना प्रविधिको प्रयोग गरि सिकाइको गुणस्तरमा वृद्धि गरिने छ ।
- आधुनिक सुचना प्रविधिका वारेमा सम्पुर्ण विद्यालयमा सबै शिक्षकलाइ तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका स्तरमा विद्धुतीय पठन सामग्री भएको अनलाइन सिकाइ प्रणालीको विकास गर्ने ।
- गाउँपालिका भित्रका सामुदायिक सिकाई केन्द्रमा सूचना प्रविधिको विस्तार गरिनेछ।
- सुचना प्रविधिमैत्री विद्यालयको स्थापना गर्ने
- सबै विद्यालयमा सुचना प्रविधिको विस्तार गरिनेछ।

### ४.७.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धी**

शिक्षामा सूचना तथा प्रविधिको विस्तार र उपयोग

- कम्प्युटर तथा इन्टरनेटको विस्तार

- सबै माध्यमिक तथा ६ देखि ८ सम्मका विद्यालयमा कम्प्युटर तथा इन्टरनेटको व्यवस्था ।
- विद्यालयमा प्रविधि सहितको पुस्तकालयको व्यवस्था ।

**नतिजा**

- विद्यालयमा सुचना तथा संचार प्रविधिको पुर्वाधारलाइ सुदृढ गरिएको
- सुचना तथा संचार प्रविधिको प्रयोग गरी कक्षाकोठामा शिक्षण भएको
- सुचना तथा संचार प्रविधिको प्रयोगमा बालबालिकाको पहुँच भएको

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं.. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालिन लक्ष्य | दिर्घकालिन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा प्रविधिमैत्री खुला पुस्तकालयको स्थापना | २ ओटा | १ | १ | संघीय प्रदेश तथा स्थानीय सरकार गा.पा | |
| २ | सबै विद्यालयमा इन्टरनेटको सुविधा प्रदान गर्ने | सबै विद्यालय | २५ | ३० | | |
| ३ | सबै विद्यालयमा कम्प्युटर कक्षा सञ्चालन गर्ने | सबै | २५ | ३० | | |
| ४ | एक विद्यालय एक आइ टी शिक्षकको व्यवस्था गर्ने। | विद्यालय | १५ | २५ | | |

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | १ | १ | १ | १ | १ | ५ | सबै | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | ५ | | | | | ५ | सबै | |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | १२ | १२ | १३ | | | ३७ | १०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ओटा | १ | १ | १ | १ | १ | ५ | १५ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | |
| ६ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | | १ | | | १ | **५** | |
| ७ | विद्यालमा इ हाजिरी ब्वस्थापन | ओटा | १२ | १२ | १३ | १५ | १८ | २० | **सबै** | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | | | | | | **आवश्यकता अनुसार** |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका आधारमा) | ओटा | १ | १ | १ | १ | १ | ५ | **२०** | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | ओटा | | | १२ | १२ | १३ | १४ | **२०** | |

## परिच्छेद ६ः सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

विद्यालय सुशासन  विद्यालय प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, जनउत्तरदायी र भ्रष्टाचार रहित गुणस्तरीय शिक्षामा सबैका लागि समान र सहज पहुँच विस्तार गर्ने प्रक्रिया हो । विद्यालय सुशासन भनेको विद्यालय प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी र जनउत्तरदायी शासन भ्रष्टाचार रहित गुणस्तरीय शिक्षामा सबैका लागि समान र सहज पहुँच विस्तार गर्नु नै विद्यालय सुशासन हो ।

नेपाल सरकाले नेपालको संविधान २०७२ को धारा ३१ ले प्रत्याभूत गरेको व्यवस्था र संविधानको अनुसूची ५ ६ ७ ८ ९ मा भएको शिक्षा सम्वन्धी व्यवस्थालाइ कार्यान्वियन गर्न संघीय प्रादेशिक र स्थानीय तहमा शैक्षिक प्रणालीको नीतिगत प्रक्रियागत संस्थागत संरचना र जनशक्तिको समेत प्रवन्ध गरेको छ । संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय; स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाले संविधान, ऐन, कानुन बमोजिम शैक्षिक प्रणाली संचालनमा छ । यो शैक्षिक संगठन कुशल व्यवस्थापन, समावेशीता, भौतिक संरचना, शैक्षणिक क्रियाकलापहरु तथा मानवश्रोतः व्यवस्थापनमा क्षमतावान एवम् आत्मनिर्भर भएर चल्न सक्ने वनाउनु आजको आवश्यकता हो ।

समग्र शैक्षिक प्रणालीको दक्षता र प्रभावकारीता अभिवृद्धिका लागि स्थापित मन्त्रालय निर्देशनालय तालिम केन्द्रहरु सामाजिक विकास शाखाहरुको जुनसुकै परिस्थितिमा पनि उपलव्ध साधन स्रोतको अधिकतम उपयोग गर्ने क्षमता दक्षता कार्यकुशलता लेखाजोखा गरि परिवर्तित सन्दर्भमा पनि शैक्षणिक प्रक्रियालाइ निरन्तरता दिने गरि नीतिगत, कानुनी, संस्थागत संयन्त्रको विकास गरिएका छन ।

शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु अभिभावक लगायत जनशक्तिको क्षमता विकासका लागि शिक्षा तथा मानव श्रोतः विकास केन्द्र प्रदेश सरकार अन्तर्गत शिक्षा विकास निर्देशनालय, शैक्षिक तालिम केन्द्र, स्थानीय तहहरुमा शिक्षा युवा तथा खेलकुद शाखा रहेका छन् । खास गरि शैक्षिक तालिम केन्द्रले  स्थानीय तहको शिक्षामा कार्यरत जनशक्ति र  शिक्षकहरुको क्षमता विकासका कामहरु सञ्चालन गरिरहेको छ । स्थानीय तहवाट संविधानको अनुसूची ८ बमोजिमका शिक्षाका कार्यहरु  शिक्षा, युवा तथा खेलकूद शाखाबाट संचालन हुदै आइरहेको छ ।

### ६.१.२ बर्तमान अवस्थाः

विद्यालय सुशासनमा विद्यालयका हरेक गतिविधी सम्पन्न गर्नका लागि कामको बाँडफाड जिम्मेवारीको किटानी अधिकारको प्रत्यायोजन गर्दै अभिभावक भेला र भेटघाट सार्वजनिक सुनुवाइ नागरिक वडापत्र सामाजिक परिक्षण गुनासो सुनुवाई सुचना पाटी, सुचना अधिकारी वार्षिक तथा दैनिक तालिका विद्यालय व्यवस्थापन समिति  र शिक्षक अभिभावक संघको नियमित

बैठक विद्यालयका गतिविधी झल्काउने र सबैको पहुँचमा पुऱ्याउने वातावरण निर्माण र प्रयोगमा जोड दिनु नै विद्यालय सुशासन अन्तरगत पर्दछ । यस गाउँपालिकाले पनि शिक्षा क्षेत्रमा सुशासन संचालन गर्नका लागि शिक्षाका राष्ट्रिय ऐन कानुन र नियमावलीहरुलाई मध्यनजर गर्दै गाउँपालिकाले सुशासनलाई अवलम्वन गरि प्रवर्द्धनका लागि आफ्नो १० वर्षे शैक्षिक रणनीतिक योजनामा सुशासनलाई जोड दिएको छ ।

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुन्छ ।संघीय संरचना अनुसार तीन तहको सरकार अधिकार तथा दायित्व, शिक्षामा भएको संख्यात्मक विस्तार, ज्ञान विज्ञान र प्रविधिमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन, लगायतका पक्षलाई समेत समेटेर संस्थागत संरचना तथा क्षमता विकास गरि सुशासन प्रवर्द्धन गर्नु आजको आवश्यकता हो ।यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तरमा सुधार, अनौपचारिक तथा आजिवन सिकाइका अवसरहरुको विस्तार र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेहि शैक्षिक सुशासन कायम गर्ने उद्धेश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया विकास गर्न खोजिएको छ ।विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय शिक्षा ऐन तथा नियमावलीको निर्माण तथा परिवर्तन नभएकोले जटिलता उत्पन्न भएको छ ।विशेष गरि संघीय शिक्षा ऐन जारि हुन नसकेका कारणले प्रदेश र स्थानीय कानुनहरु निर्माणमा वाधा उत्पन्न भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन हुन सकिरहेको छैन ।जिल्ला तहमा समन्वय इकाइ र स्थानीय तहहरु बिच आवश्यक समन्वय हुन सकिरहेको छैन ।

संविधानमा शिक्षा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा उल्लेख भएकाले सो सम्वन्धी संघीय शिक्षा ऐन र उच्च शिक्षा ऐन जारी नहुदा प्रदेश र स्थानीय तहहरुले शिक्षा सम्वन्धी कानुन मापदण्ड वनाउन कठिनाइ भएको जनशक्तिको अभाव काममा दोहोरोपन ल्याउने गरि संघ प्रदेशवाट जिल्ला कार्यालयहरु स्थापना हुनु संस्थागत विद्यालयको नियमन संयन्त्रको विकास नहुनु शैक्षिक जनशक्ति विकास र शिक्षक तालिम नीतिको तर्जुमा र कार्यान्वयन नहुनु स्थानीय तहमा सबै प्रकारको सेवा उपलब्ध गराउन एकीकृत जनशक्ति व्यवस्थापनको ढाँचा तयार नहुनु कर्मचारीको स्वाभिमानमा चोट लाग्ने गरी खटन पटन गरि कनिष्ठको मातहतमा जेष्ठ कर्मचारी रहनु पर्ने अवस्था सिर्जना भई वृति विकासमा गम्भिर असर परेकोले कर्मचारीको मनोवल कमजोर भइ स्थानीय तहको सेवा सञ्चालन प्रक्रिया प्रभावकारी हुन नसकेको ।केन्द्रिकृत शासन व्यवस्थाका विद्यालय शिक्षक र शिक्षा क्षेत्रका कर्मचारीहरु संघीयताको मर्म अनुसार रुपान्तरण नहुनु जस्ता प्रमुख समस्या रहेका छन् ।

संघीयताको मर्म अनुरुप शिक्षा क्षेत्रको पनि संरचनात्मक व्यवस्था परिवर्तन भए पनि राजनैतिक नेतृत्व र जनशक्तिको केन्द्रिकृत मानसिकता कायमै हुनु, लगानी अनुसारको प्रतिफल हासिल नहुनु, एउटै प्रकृतिको कार्य गर्न ३ वटै सरकारका अलग अलग संस्थागत संरचना कायम हुनु,

प्रविधिमैत्रि भौतिक संरचना निर्माण गर्नु, आवश्यतामा आधारित क्षमता विकास तालिम र सिकेका सीप कार्यक्षेत्रमा प्रयोग गरि नतिजासंग जोड्नु, तिनै तहका सरकार बीच समन्वय, बढ्दो जनआकांक्षा सम्बोधन गर्न साधन श्रोतःको कमि हुनु, शैक्षिक व्यवस्थापन सुचना प्रणालीलाइ सुदृढ प्रभावकारी र कार्यमुलक बनाउनु, सुशासन र उत्तरदायित्व कायम गर्नु प्रमुख चुनैति रहेका छन् ।

तीन तहबिच सहशासन र स्वशासनको अबधारणा संविधनतः व्यवस्था भएकाले जहाँ सहशासन हुन्छ त्यहाँ शासन गर्ने सरकारहरुका बिच समन्वय, सहकार्य र सह अहअस्तित्व आबश्यक हुने हुँदा संघ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी भइ कानुनी र संरचनागत प्रणालीगत व्यवस्था गरिएको, तिनै तहले कार्यकारिणी, विधायन र न्यायिक कार्य गर्ने व्यवस्था अनुरुप स्थानीय तह र प्रदेश सरकाले शिक्षा संघीय सरकारको शैक्षिक नीति नियम मापदण्डसँग नवाझिने गरी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र अनुगमन मुल्यांकन गर्ने व्यवस्था हुनु, प्रदेशमा समाजिक विकास मन्त्रालय र त्यस अन्तर्गत शिक्षा विकास निर्देशनालय शैक्षिक तालिम केन्द्र ७५३ वटै स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा मार्फत समग्र शिक्षाको गुणस्तर र सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि सम्वन्धी कार्यको योजनावद्ध सुरुवात हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

**६.१.३ लक्ष्यः**

संघीयतामा आधारित शैक्षिक प्रणाली अनुसार सुदृढ सवल दिगो प्रविधिमैत्री संरचना र सक्षम दक्ष जनशक्ति विकास गर्ने।

**६.१.४ उद्देश्यः**

- संविधान र संघीय नीति तथा कानुन अनुसार स्थानीय शिक्षाका अधिकार र जिम्मेवारीहरुको योजनावद्ध एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने संस्थागत संरचनाको विकास र निर्माण गर्नु।
- विद्यालय शिक्षालाइ गुणस्तरिय व्यावहारीक प्रविधिमैत्री वनाउन तत्पर जनशक्तिको विकास र परिचालन गर्नु ।
- शिक्षा क्षेत्रको समग्र संरचना र जनशक्तिको व्यवस्थापनको सन्तुलन मिलाइ उचित किसिमले क्षमता विकास र सोको निरन्तरताका लागि चुस्त छरितो संयन्त्रको विकास गर्नु ।

**६.१.५ रणनीतिहरु**

- आवश्यक नीति, नियम तथा कानून निर्माण
- शैक्षिक जनशक्ति व्यवस्थापन
- शैक्षिक तथ्याक व्यवस्थापन
- पाठ्यक्रम तथा सो सम्बन्धी श्रोतः सामग्री विकास
- तीनै तहका सरकार र तीनका इकाईहरुसंग सहकार्य, समन्व्य र सह अस्तित्वको सम्वन्धलाई संस्थागत र सुदृढ गर्ने

- शैक्षिक जनशक्ति विकास तथा परिचालन
- शिक्षा क्षेत्रमा अध्ययन अनुसन्धानको विकास गर्ने । शैक्षिक सुपरीवेक्षण र निरीक्षण प्रणालीलाइ संस्थागत गर्ने
- विद्यालय व्यस्थापन समिति तथा शिक्षक अभिभावक संघ लगायत सबै शैक्षिक संस्थाहरुको व्यवस्थापकिय सक्षमता सुदृढीकरण गर्ने
- विद्यालय गाभ्ने तथा एकीकरण कार्यको वैज्ञानिकिकरण तथा अवलम्बन
- विकास साझेदार तथा नागरिक समाजसंगको सम्वन्ध विस्तार तथा सहकार्य
- विपत व्यवस्थापन तथा प्रतिकार्य

**कार्यनीति**

- नेपालको संविधान, १६ औं पञ्चबर्षिय योजना, शिक्षा नीति २०७६, स्थानीय शासन संचालन ऐन लगायत अन्य राष्ट्रिय ऐन, कानून तथा नीतिहरुसंग नबाझिने गरि स्थानीय तहका लागि आवश्यक पर्ने नीति, नियम, कानूनहरुको निर्माण गरी कार्यान्वयनको लागि सहजीकरण र जिम्मेवारी लिनसक्ने गरि क्षमता विकास समेत गर्ने वातावरण तयार गर्ने । यसरी कानूनहरुको निर्माण गर्दा दीगो विकासका लक्ष्यहरुलाई पनि ध्यान राखेर गर्ने ।
- नीति, नियम तथा कानून निर्माण कार्यहरु गर्दा विकास साझेदार, नागरिक समाज, राजनितिज्ञ, स्थानीय समुदाय एवम् अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गराउने तथा उनीहरुको विचार र सुझावलाई समेत मनन गर्ने ।
- शिक्षा क्षेत्रको जनशक्ति व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई गुनासो मुक्त बनाउनका लागि शिक्षक तथा शिक्षा कर्मचारीको क्षमता विकास, सरुवा, पदोन्नति जस्ता कुरालाई तथ्यांकमा आधारित बनाईनेछ । यसका लागि सम्पूर्ण आवश्यक विवरण आवधिक रुपमा अद्यावधिक गर्ने कार्यलाई तिब्रता दिइनेछ ।
- शिक्षक तथा कर्मचारी दरवन्दी मिलान गरी जनशक्ति अभावलाई सम्बोधन गरिनेछ ।
- इन्टरनेट जडान, इ-पुस्तकालय, अनलाइन मोड्ुल तथा अन्तरक्रियात्मक सिकाइ सामाग्री सहित (अंग्रजी गणित विज्ञान शिक्षण सिकाइका लागि) शैक्षिक संस्थालाइ ICT प्याकेजले सुसज्जित गराइनेछ ।
- शिक्षा क्षेत्रको तथ्यांक व्यवस्थापन प्रणालीलाई सुदृढ र विश्वसनीय बनाउन संलग्न कर्मचारीको क्षमता अभिवृढी गरी IEMIS प्रणालीको सूचना तथा तथ्यांकलाई शैक्षिक क्षेत्रको योजना निर्माण, अनुगमन तथा पृष्ठपोषण कार्यका लागि सदुपयोग गर्ने गरि व्यवस्थापन गरिनेछ ।
- शैक्षिक तथ्यांक व्यवस्थापनका लागि स्थानीयस्तरमा दक्ष जनशक्तिको एक रोष्टर समुह तयार गरि आवश्यकता अनुसार विद्यालयलाई प्राविधिक सहयोग उपलब्ध गराईनेछ । विशिष्ट प्राविधिक सहयोगका लागि प्रदेश तथा संघीय निकायसंग सहयोगका लागि समन्वय गरिनेछ ।

- स्थानीय तह सुहाउँदो स्थानीय पाठ्यक्रम विकासका लागि तत् सम्वन्धी विज्ञहरुको आवश्यक सरसल्लाह र सुझाव लिइ संस्थागत संयन्त्रको विकास गरिनेछ ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि सम्बन्धित शिक्षकहरुको क्षमता विकास गरि श्रोत सामग्री तयार गर्ने ।
- नेपालको संविधान तथा स्थानीय शासन संचालन ऐनको मर्म अनुसार तीनवटै तहलाई प्रदान गरिएका विशिष्टिकृत तथा साझा अधिकारहरुको कार्यान्वयनका लागि प्रदेश तथा जिल्ला तहमा अवस्थित त्यस्ता निकायहरु र संघीय निकायहरुबीच आवश्यक समन्वय गर्ने संयन्त्रको विकास गरि भुमिका प्रभावकारी वनाउने।
- प्राविधिक सर सल्लाह तथा नीतिगत सहयोगका लागि सहकार्य र समन्वय पद्धतिको विकास गर्ने ।
- परिवर्तित सन्दर्भ र शैक्षिक सवालहरु त्था नविनतम शैक्षणिक गतिविधि निर्वाध रुपमा संचालन गर्नका लागि उपलब्ध शैक्षिक जनशक्तिको क्षमता विकास तथा परिचालनका लागि कार्ययोजना निर्माण गरिनेछ ।
- स्थानीय तहबाट विद्यालयसम्म विषयगत प्राविधिक सहयोग एवं सहजीकरणको प्रणाली विकास गरि यथोचित रुपमा सहयोग तथा परिचालन गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।
- विद्यालयस्तरमा संचालन हुने शैक्षणिक गतिविधिको अनुगमन तथा सुपरिवेक्षणका लागि प्रदेश तथा संघीय तहबीच सहकार्य र समन्वयलाई सुदृढ र सुनिश्चित गरिनेछ ।
- हालको कर्मचारी नियुक्ति प्रणालीलाई कर्मचारीको तालिम र निजको कामसँग आवद्ध गरी सुधार गर्ने कार्य विश्लेषण गरि पुनः कार्यविवरण तयार गरि सोहि बमोजिम जनशक्ति व्यवस्थापन गरिनेछ ।
- शिक्षा क्षेत्रलाई प्रत्यक्ष वा परोक्ष रुपमा असर र प्रभाव पार्ने समसामयिक विषय तथा मुद्दाहरुमा अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी गर्ने परिपाटीको विकास गरि तथ्यांक तथा प्रमाणका आधारमा योजना निर्माण गर्ने परिपाटीको विकास गरिनेछ ।
- अध्ययन तथा अनुसन्धानबाट प्राप्त खोजहरुलाई शैक्षिक क्षेत्रको सुधारको लागि प्रयोग गर्नसक्ने गरी शिक्षक तथा शिक्षा क्षेत्रका कर्मचारीहरुको क्षमता विकासका लागि कार्ययोजना बनाई लागु गरिनेछ ।
- स्थानीय स्तरमा अवकासप्राप्त शिक्षक तथा शिक्षा प्रशासनका व्यक्तिहरुको क्लस्टर निर्माण गरि शिक्षकको माग अनुसार विद्यालयमा आधारित सुपरिवेक्षण गरिनेछ ।
- स्थानीय तहको लागत साझेदारीमा क्षमता विकासका लागि विस्तृत प्रस्ताव माग गरि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता सुदृढीकरण एवं सशक्तिकरण गर्ने ।

- स्थानीय तहमा विगतमा वितरित विभिन्न तहका विद्यालयहरुलाई वर्तमानको विद्यार्थी संख्या तथा दुरीको आधारमा आवश्यकता अनुरुप गाभ्ने तथा एकीकरणको थालनी गर्न लागत साझेदारीका आधारमा अनुदान दिने कार्यको सुवात गरिनेछ ।
- संघीय सरकारको नीति मापदण्डका आधारमा विद्यालय एकीकरण वा मर्ज गर्दा स्थानीय तहलाइ शिक्षक तथा कर्मचारी दरवन्दी मिलान र पुनर्वितरणको कार्यमा सहजिकरण समन्वय गरिनेछ । स्थानीय स्वयम् सेवक शिक्षकहरु खटाउदा यस्ता विद्यालयहरुलाइ प्राथमिकता दिइनेछ ।
- शिक्षा क्षेत्रका क्रियाकलापहरुलाई नतिजामुखी बनाई विद्यमान समस्या तथा सवालहरुलाई सम्बोधन गर्नको लागि स्थानीय तहमा कार्यरत विकास साझेदार तथा नागरिक समाजसंग कार्यगत सम्बन्ध विस्तार गरिनेछ ।
- कार्यक्रममा देखिने दोहोरोपना तथा श्रोतको दुरुपयोगलाई निरुत्साहित गर्नका लागि सबै सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरि कार्यक्रम कार्यान्वयनको उचित कार्ययोजना बनाई लागु गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।
- विकास साझेदार तथा नागरिक समाजसंग आर्थिक सहकार्य मात्र नभई प्राविधिक सहकार्यका निम्ति पनि त्यस्ता संस्थाहरुको सबलता र सक्षमताको नक्शांकन गरि सहकार्य गर्ने वातावरण सिर्जना गरि सोही अनुरुप लागु गरिनेछ ।
- विभिन्न खालका विपदबाट शिक्षा क्षेत्रमा हुने क्षति न्यूनिकरणका लागि सम्बन्धित सरोकारवालाहरुको क्षमता विकास तथा सोही अनुरुप प्रतिकार्य गर्न सक्ने क्षमता विस्तारका लागि उचित संयन्त्र विकास गरि कार्यान्वयनमा ल्याइनेछ ।
- शिक्षण संस्थाहरुमा न्युनतम सुरक्षित सिकाइ वातावरण भए नभएको परिक्षण गर्ने सूचकहरु विकास गरि परिक्षण गरिनेछ ।
- शिक्षा क्लष्टर लाई वडा तथा विद्यालय स्तरमा सक्रिय र सुचारु गरिनेछ ।
- शिक्षा क्षेत्रको आपतकालिन योजनालाई अद्यावधिक तथा चुस्त दुरुस्त राख्न स्थानीय जनप्रतिनिधिहरुलाई सक्षम गराउन उचित समन्वय र सहकार्य गरिनेछ ।

### ६.१.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | आवश्यक कानुन निर्माण गर्ने | संख्या | ✓ | ✓ | | | | निरन्तर | स्थानीय तह, विद्यालय |
| २ | प्रतिबेदन र तथ्याडक प्रणलीमा सुधार तथा सुदृढ | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | निरन्तर | स्थानीय तह, विद्यालय |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | सबै | स्थानीय तह, विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीम तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा संचालन | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | निरन्तर | स्थानीय तह, बिद्यालय |
| ६ | विद्यालय स्वास्थ्य तथा पोषण, सरफाई तथा विपद तथा महामरी सम्बन्धि संयन्त्र विभिन्न तह तथा विद्यालयमा स्थापना गर्ने | संख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | सबै | स्थानीय तह, बिद्यालय |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ३ | प्रधानाध्यापकलाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३७ | १५० | १५० |
| ५ | प्रधानाध्यापक बैठक भत्ता | सबै | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ६.२.२ वर्तमान अवस्थाः

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

### ६.२.३ उद्देश्यहरुः

स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**आ) नतिजा**

क) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

## इ) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | | | | | | १० | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | | | | | | १० | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | | | | | | | १० | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | | | | | | | १० | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | | | | | | १० | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | | | | | | | १० | |

## परिच्छेदः ७ लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ । त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा वढ्दो जन आकांक्षा र आवश्यकताहरुलाई कुनै पनि योजनाले सम्वोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन गर्दा निश्चित रुपमा विगतका उपलब्धी र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पुरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा यो योजनामा पुराना तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी यो वित्तीय योजना निर्माण गरीएको छ । विशेष गरी आधारभुत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ । शिक्षामा गरीने लगानी व्यक्ति, समाज र राष्ट्रको दिर्घकालिन हितको लागि हुन्छ । नेपालको संविधान, २०७२ ले आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरीको छ । त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तिय व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शिक्षामा पर्याप्त लगानि गर्दा समतामुलक र समुन्नत समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ । संघ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ । शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरीएको क्षेत्रको उपलब्धी के कस्तो रहने जस्ता विषयहरु समेत योजनामा समावेश गर्न खोजिएको छ ।

### ७.२ उद्धेश्य

यस योजनाको वित्तिय व्यवस्थापनको लागि देहाए बमोजिमका उद्धेश्यहरु राखिएका छन ।

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोतको व्यवस्थापन गर्नु
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमहरुको प्राथमिकताक्रम तोकि कार्यक्रमगत बजेट निर्धारण गर्नु
४. लगानी उपयोगको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु

### ७.३ रणनीतिहरु

योजनाको वित्तिय व्यवस्थापन सम्बन्धी उद्धेश्य हरु प्राप्त गर्न देहाए बमोजिमका रणनीतिहरु अबलम्बन गरीनेछनः

१. गाउँसभामा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव गर्ने ।
२. शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट स्थानीय तहको लगानीमा गर्ने ।

३. सामुदायिक विद्यालयमा कार्यरत नीजि शिक्षकहरुको लागि तलब भत्ता र शिक्षक प्रोत्साहन बापतको रकम गाउँपालिकाले आफ्नो स्रोतबाट व्यवस्था मिलाउने ।

४. संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै यी कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गर्ने ।

५. संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

६. विद्यालयहरुलाई अनुदान प्रदान गरीए पश्चात लक्षित गुणस्तर सुनिश्चिताका लागि सम्बन्धीत विद्यालयलाई नै जिम्मेवार बनाउने ।

७. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रदेश सरकार मार्फत पहल गर्ने र सो बाट अपुग रकम गाउँपालिकाले व्यवस्थापन गर्ने ।

८. शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा १७ प्रतिशत लगानि गर्ने ।

**विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (रु हजारमा)**

| शिक्षाका क्षेत्रहरु | वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| प्रारम्भिक शिक्षा | ४२० | १०२० | ४२० | ७७० | ४७० |
| आधारभुत शिक्षा | ६२५० | ९२०० | ६६५० | ९०५० | ६३०० |
| माध्यमिक शिक्षा | ४९०० | १३२१२ | २५५१२ | १४५१२ | २३६७४ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा | १३० | ३३० | ५०० | ७०० | १०० |
| पाठ्यक्रम तथा पाठ्यपुस्तक | ५०० | ५२० | ५४० | ५५० | ५६० |
| शिक्षक व्यवस्थापन तयारी तथा पेशागत विकास सहयोग | १०० | २५० | २०० | २०० | २०० |
| शिक्षामा सुचना संचार प्रविधि | ५०० | ५०० | ५०० | ५०० | ६०० |
| विद्यालय नेतृत्व तथा शुसासन | ३०० | ३०० | ३०० | ३०० | ३५० |
| शिक्षामा कमजोर वर्गको पहुँच | १५० | १५० | १५० | १५० | १५० |
| आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा | २०० | ३०० | ३५० | ४०० | ४५० |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रम अनुगमन तथा मुल्याङकन समन्वय र सहजीकरण | ८० | ८० | ८० | ८० | ८० |
| जम्मा आवश्यक बजेट | १४२३० | ३५५४२ | ३५३४२ | ३४०९२ | ३३५५४ |

## ७.४ प्रमुख क्रियाकलाप र लक्ष्यः

सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका ( बजेट रु हजारमा)

| क.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शिक्षक तलब | ६४५०० | ६७५०० | ७१००० | ७५००० | ७९००० | ३५७००० | ७१४०० ० |
| २ | दिवा खाजा कार्यक्रम | ५३९२ | ५३९५ | ५३९८ | ५४०० | ५४०३ | २६९८८ | ५३९७६ |
| ३ | विद्यालय भौतिक पूर्वाधार निर्माण | १४० | १५० | १६० | १७० | १८० | ८०० | १६०० |
| ४ | विद्यार्थी छात्रवृति | ७२४ | ७३० | ७३५ | ७४० | ७४५ | ३६७४ | ७३४८ |
| ५ | निःशुल्क पाठ्यपुस्तक | १७४० | १७६० | १७८० | १८०० | १८२५ | ३५९५ | ७१८१० |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | १७२३ | १३२९ | १३३५ | १३४० | १३५० | ७०७७ | १४१५४ |
| ७ | शैक्षिक गुणस्तर प्रोत्साहन | २२३९ | २२५० | २२६१ | २२७२ | २२८३ | ११३०५ | २२६१० |

प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

| क.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम | १३०० | १३३० | १३५० | १३७० | १३९० | ७६४० | १३७८० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ३०० | ३५० | ३७५ | ४०० | ४२५ | १८५० | ३७०० |
| ३ | शिक्षण सिकाइ अनुदान | १४०० | १४५० | १४८० | १५१० | १५४० | ८३८० | १४७६० |
| ४ | अन्य कार्यक्रमहरु | ८०० | ८२५ | ८४५ | ८७० | ८९५ | ४२३५ | ८४७० |

स्थानीय तहबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

| क.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक बालविकास केन्द्रका सकाका लागि तलब भत्ता | १२००० | १२५०० | १३१०० | १३८०० | १४५०० | ६५९०० | १३१८०० |
| २ | गाउँपालिका स्रोतका शिक्षक व्यवस्थापन | ५०० | ५०० | ५०० | ५०० | ५०० | १५०० | ३००० |
| ३ | विद्यालय कर्मचारी तलब भत्ता | ३००० | ३४०० | ३६०० | ३८०० | ४०० | १४२०० | २८४०० |
| ४ | विद्यालय पूर्वाधार विकास | ७०० | ७५० | ८०० | ८२० | ८४५ | ३९१५ | ७८३० |
| ५ | सुचना तथा प्रविधि विकास र विस्तार | ८०० | ८५० | ९०० | ९५० | १००० | ४५०० | ९००० |
| ६ | शिक्षक तालिम | ४०० | ५०० | ६०० | ७०० | ७५० | २९५० | ५९०० |
| ७ | शैक्षिक गुणस्तर प्रोत्साहन | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | ३००० |

## परिच्छेद ८:  अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

कार्यक्रम कार्यान्वयनको समय पश्चात  अनुगमन तथा मुल्याङकन गर्न जरुरी छ ।शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको विनियिजत रकम तथा खर्च सहि ठाउँमा प्रतिफल दिने खालको भयो कि भएन भनी अनुगमन तथा मुल्याङकन गर्न जरुरी छ ।यसले कार्यक्रमको वर्तमान अवस्था र प्रगतिको स्थितिको बारेमा जानकारी दिन्छ ।अनुगमन तथा मुल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानी लाई नतिजामुखी जवाफदेहि तथा उत्तरदायीपुर्ण बनाउन सहयोग गर्दछ ।

### ८.२ उदेश्यहरु

- शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अनुगमन तथा मुल्याङकनलाई नतिजामुखी बनाउनु ।
- नयाँ योजना तथा कार्यक्रम कार्यान्वयन तय गर्न सिकाइ प्रणाली विकास गर्नु ।

### ८.३ रणनीति तथा कार्यनितिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवस्थित रुपमा अनुगमन तथा मुल्याङकन प्रणाली लागु गरि ब्यवहारत कार्यान्वयन गरिनेछ। | संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारहरु बिच समन्वयात्मक रुपमा अनुगमन तथा मुल्याङकन प्रणालीको व्यवस्था गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मुल्याङकन गर्ने ।<br><br>गाउँपालिका स्तरमा पालिका प्रमुख ज्युको संयोजकत्वमा अनुगमन तथा मुल्याङकन समिति गठन गर्ने ।<br><br>वर्षको कम्तिमा ४ पटक पदाधिकारी र शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गर्ने । |
| गाउँ शिक्षा येजनाको कार्यान्वयनको प्रभावकारीताको अध्ययन गरिने छ । | यसका लागि पालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी प्रतिवेदन प्रकाशित  गर्ने। |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं.. | प्रमुख क्रियाकलाप | इकाई | अल्पकालिन लक्ष्य | दिर्घकालिन लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नियमित रुपमा गाउँ शिक्षा शाखाबाट अनुगमन | सबै विद्यालय | वर्षमा कम्तिमा ४ पटक | वर्षमा कम्तिमा ६ पटक | गाउँपालिका | |
| २ | शिक्षा शाखा र जनप्रतिनिधि द्वारा संयुक्त रुपमा विद्यालय अनुगमन | सबै विद्यालय | वर्षमा कम्तिमा ३ पटक | वर्षमा कम्तिमा ४ पटक | | |
| ३ | वडा कार्यालयबाट अनुगमन | वडा भित्रका विद्यालय | वर्षमा कम्तिमा १२ पटक | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क.सं.. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | नियमित रुपमा शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन | १०० | २० | २० | २० | २० | २० | संघ प्रदेश र स्थानीय सरकार | |
| २ | शिक्षा युवा तथा खेलकुद शाखा र जनप्रतिनिधिद्धारा संयुक्त रुपमा विद्यालय अनुगमन | ३०० | ६० | ६० | ६० | ६० | ६० | | |
| ३ | वडा कार्यालयबाट अनुगमन | | | | | | | | स्रोत नचाहिने |

## सन्दर्भ सामाग्रीहरुः

Department of Education (2017), FLASH I Report 2076 (2017-18), Author: Sanothimi, Bhaktapur.

अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं।

अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं।

त्रिपुरासुन्दरी गाउँपालिका (२०७४), गाउँपालिकाको पार्श्वचित्र

पाठ्यक्रम विकास केन्द्र (२०७६), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

राष्ट्रिय योजना आयोग (२०६८), त्रिवर्षीय योजना२०६७/६८–२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं।

राष्ट्रिय योजना आयोग (२०७१), तेह्रौं योजना२०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं।

राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं।

राष्ट्रिय योजना आयोग (२०७५) पन्ध्रौं योजना २०७४/७५–२०७५/७६, लेखकः सिंहदरबार, काठमाण्डौं।

राष्ट्रिय योजना आयोग (२०७५) सोह्रौं योजना २०७४/७५–२०७५/७६, लेखकः सिंहदरबार, काठमाण्डौं।

विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८)

शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं।

शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं।

शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०,लेखक: सिंहदरबार, काठमाण्डौं।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति २०७६

दिगो विकास लक्ष्य २०१६-२०३०

राष्ट्रिय जनगणना (२०७८), केन्द्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौं।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सनोठिमी भक्तपुर।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली, त्रिपुरासुन्दरी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा, पिस्कर सिन्धुपाल्चोक।

स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९

स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१)